स्वयं एक अमेरिकी नेतृ अमेरिकाबारे के भन्छिन् ?



# मूल्याङ्कन

मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५३
पुस, २०५४



*विशेष रिपोर्ट*

घाटशिला र कलकत्तामा अन्तर्राष्ट्रिय जमघट




## समाजवादभन्दा राम्रो व्यवस्था अरू कुनै छैन

चे ग्वेभाराकी छोरी डा. अलैदा ग्वेभारा

CPN UML

## छैठौं महाधिवेशन

## एमालेको नीति र कार्यक्रमको चिरफार



## Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*
**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ५३
पुस, २०५४



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


# एमालेको नीति र कार्यक्रमको चिरफार

**विगत पाँचौं र आगामी छैठौं महाधिवेशनका दस्तावेजहरूको तुलनात्मक अध्ययन**

**के अन्तर छ माधव र बामदेवको कार्यनीतिमा ?**

**एमालेका इमान्दार मित्रहरूले हेडक्वार्टरमै "बमबार्ड" गर्नुपर्छ -क. दिनानाथ शर्मा (अन्तर्वार्ता)**

## स्वयं एक अमेरिकी नेतृ अमेरिकाबारे के भन्छिन् ?

**कस्तो छ अमेरिकामा श्रमिक र गरीब वर्गको जीवन ?**

(सारा फ्लाउण्डर्ससंग कलकत्तामा मूल्यांकनले गरेको कुराकानीको आधारमा तयार गरिएको ताजा सामाग्री)

विशेष रिपोर्टः

**घाटशिला र कलकत्तामा अन्तराष्ट्रिय जमघटः**

घाटशिलामा क. शिवदास घोषको प्रतिमा अनावरण र कलकत्तामा साम्राज्यवादविरोधी मंचको गोष्ठीको स्थलगत रिपोर्ट

- *दलित जनसमाजको सम्मेलन हेरेपछि -खगेन्द्र संग्रौला*
- *कसरी बढ्दैछ नेपालमा विदेशी ऋण ? -दीपक वैद्य*
- *धार्मिक कर्मकाण्डबारे बहस*
- *मूल्यांकनको विचारप्रति मसालको प्रतिक्रिया*
- *प्राथमिक शिक्षा क्षेत्रका समस्या के, सुधारको उपाय के ? -डा. मीनबहादुर बिष्ट*



## समाजवादभन्दा राम्रो व्यवस्था अरू कुनै छैन

**-चे ग्वेभाराकी छोरी डा. अलैदा ग्वेभारा**

- चेकी छोरीः चे ग्वेभाराबारे के भन्छिन् ?
- म चेकी छोरी हुँ, यसमा म गर्व गर्दछु !
- डा. अलैदाको भारत भ्रमणको रिपोर्ट


**हाम्रो मूल्याङ्कन** ४
कांग्रेस र एमालेमा विद्यमान द्वन्दहरू
**आवरण कथा**
एमालेको नीति र कार्यक्रमको चिरफार ६
-विगत पाँचौं र आगामी छैठौं महाधिवेशनका दस्तावेजहरूको तुलनात्मक अध्ययन
-के अन्तर छ माधव र बामदेवको कार्यनीतिमा ?
-एमालेका इमान्दार मित्रहरूले हेड क्वार्टरमै बमबार्ड गर्नुपर्छ
-क. दिनानाथ शर्मा (अन्तर्वार्ता) ८
**उत्पीडित मंच**
दलित जनसमाजको सम्मेलन हेरेपछि -खगेन्द्र संग्रौला १५

**अर्थतन्त्र**
कसरी बढ्दैछ नेपालमा विदेशी ऋण ?- दीपक वैद्य २०
**विश्व कम्युनिष्ट आन्दोलन**
चेकी छोरी चेबारे र समाजवादबारे के भन्छिन् ? ११
चेकी छोरीको भारत भ्रमणको रिपोर्ट १४
**विशेष रिपोर्ट**
घाटशीला र कलकत्तामा अन्तर्राष्ट्रिय जमघट ३५
**आँखीझ्याल**
कस्तो छ अमेरिकामा श्रमिक र गरीब वर्गको जीवन १८
**साहित्य / कविता**
मित्रलाल पंज्ञानीका दुई कविताहरू २६

**आजको घटना आजको विचार**
मूल्यांकनमा व्यक्त विचारप्रति मसालको प्रतिक्रिया २७
**नीति / संस्कृति**
धार्मिक कर्मकाण्डः तावाबाट फाल हान्दा भुंग्रोमा परियो भने ?
-पुण्यप्रसाद खरेल २४
**अचेल**
म कुनै गरीब परिवारबाट आएको मानिस होइन !
-क. विष्णुबहादुर मानन्धरसंगको कुराकानी २२
**प्रेरक प्रसंग**
पुष्पलालसंग खाना खाने पैसा थिएन ! ३१
**पाठकको कुरो** ४२



**आवरणमा: अमेरिकी महिला नेतृ सारा फ्लाउण्डर्स / चे ग्वेभाराकी छोरी डा. अलैदा ग्वेभारा / क. शिवदास घोषको शालिक / कलकत्तामा विरोध प्रदर्शन**
**आवरण सज्जा: सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५, २२२३३७ / कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक**
**कम्प्युटर सेटिङ्: सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९ / मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार**

हाम्रो मूल्यांकन

# कांग्रेस र एमालेमा विद्यमान द्वन्दहरू

स्वस्थ द्वन्दले कुनै पनि पार्टी बिग्रँदैन, बरू त्यो हरेक हिसाबले उँभो मात्रै लाग्छ । विचार र व्यवहारको विकासको लागि स्वस्थ द्वन्द नै एक मात्र उपाय हो । स्वस्थ द्वन्द हुनका लागि सिद्धान्त, विचार र प्रवृत्तिको सवालमा द्वन्द केन्द्रित हुनु जरूरी हुन्छ, द्वन्द निर्वैयक्तिक हुनु जरूरी हुन्छ र द्वन्दको उद्देश्य हुनुपर्छ– त्रुटी सच्याउनु र बिमारी हटाउनु । द्वन्द रोगसित हुनुपर्छ, रोगीसित होइन ।

तर हाम्रो मुलुकमा सबैभन्दा ठूला पार्टीहरूमै सबैभन्दा अस्वस्थ द्वन्द चलिरहेछ । यो अस्वस्थ द्वन्दले सिंगै मुलुकको धेरै मान्छेको धेरै नै अमूल्य समय, शक्ति र ध्यान बेफ्वाँकमा खाइरहेछ । सिर्जनामा लगाउनु पर्ने राष्ट्रको अनमोल समय दुई कौडीका द्वन्दले उत्तिकै स्वाहा पारिरहेछ ।

नेपाली कांग्रेस त्यस्तो पार्टी भइरहेछ, जहाँ सिद्धान्त, विचार र प्रवृत्तिको तहमा कुनै द्वन्द नै हुँदैन । झुक्केर कतै भइहालेछ भने, व्यक्तिगत फाइदा बेफाइदाका मोलतोल र आत्मसमर्पणमा द्वन्दको तुरून्तै अन्त्य भइहाल्छ । हरेक द्वन्दले यसरी गलत प्रवृत्ति सच्चिने होइन, झन् ज्यादा बलवान र सुदृढ हुने काम मात्र त्यहाँ भइरहेछ ।

भर्खरै नेकाका कृष्णप्रसाद भट्टराईको राजीनामा प्रकरण यसैको ज्वलन्त उदाहरण हो । भनियो कि– यो राजिनामा गिरिजाको तानाशाहीपूर्ण कार्यशैली र प्रवृत्तिविरूद्ध थियो । मागियो गिरिजाको राजिनामा– या त पार्टी सभापतिबाट, या संसदीय दलको नेताबाट । तर दुई नेताको ४० मिनेटको व्यक्तिगत खासखुस, केही पदको मोलतोल र दुई नेताको सल्लाहले पार्टी चलाउने टुंगो गरेपछि कार्यशैली र प्रवृत्ति विरूद्धको भनिएको सारा द्वन्द फासफुस भयो । यसबाट गिरिजा प्रवृत्ति कमजोर होइन, झन् ज्यादा बलवान् र सुदृढ मात्र बन्यो । के उदाँगै देखियो भने– द्वन्द शैलीगत र प्रवृत्तिगत थिएन, त्यो व्यक्तिगत र स्वार्थगत मात्र थियो । नत्र केही पद पाउनासाथ र एक नेताको मनपरीको ठाउँमा दुई नेताको मनपरी चल्ने हुनासाथ गिरिजा प्रवृत्तिको समस्या हल हुन्छ र ?

यसमा हाम्रो भन्नु के छ भने, सारा जनताको ध्यान तान्ने गरी सार्वजनिक द्वन्द चलाएपछि त्यो द्वन्दलाई एउटा टुंगोसम्म पुर्‍याउने प्रतिबद्धता साथ चलाउनु पर्दछ । यस्तो भयो भने मात्र राष्ट्रको ध्यान तान्नु जायज कुरा हुन्छ । हैन, बीचैमा फासफुस गर्नु थियो भने र व्यक्तिगत फाइदामा यत्रो द्वन्दलाई बीट मार्नु थियो भने, यसमा राष्ट्रको ध्यान र समय बर्वाद पारियो नै किन ?

उता, अहिले एमालेभित्र पनि छैठौं महाधिवेशनको परिप्रेक्ष्यमा खुलेआम द्वन्द चल्न थालिरहेछ । महाधिवेशनको पूर्व सन्ध्यामा सिद्धान्त, विचार र प्रवृत्तिको तहमा स्वस्थ द्वन्द चल्न सकेको भए यो एमाले स्वयं र सिंगै देशको लागि समेत निकै लाभदायी कुरा हुने थियो । तर दुःखको कुरो, एमालेभित्रको वर्तमान द्वन्द पटक्कै सैद्धान्तिक देखिन्न, यो व्यक्तिगत देखिन्छ । र, द्वन्दको उद्देश्य पनि ध्वंशात्मक देखिन्छ । प्रेरक सिद्धान्त एउटै छ, विचार एउटै छ, नीति र कार्यक्रम पनि एउटै छ, तर मानौं, के के न मतभिन्नता भए जस्तै गरी, एकले अर्कोलाई ठूला–ठूला विशेषण शब्दहरू प्रयोग गरी सार्वजनिक द्वन्द चलिरहेछ । यसले थुप्रै नेता, कार्यकर्ता र जनताको समय र शक्ति बर्वाद पारिरहेछ । थुप्रैलाई यसले रनभुल्लमा पारिरहेछ । अब त शीर्षस्थ नेताहरू नै चरित्र हत्याको तहमा उत्रिरहेछन् । यो सारै गलत पद्धति र प्रक्रिया हो । हामी के आह्वान गर्छौं भने– एमाले नेतृत्वले यो अस्वस्थ र सतही द्वन्द रोकेर स्वस्थ र गहन विचार–द्वन्दको प्रक्रिया स्थापना गरोस् । ◉

# एमालेको नीति र कार्यक्रमको चिरफार

◆ श्याम श्रेष्ठ

आगामी माघको दोस्रो हप्तान्तमा पश्चिम नेपालस्थित नगर नेपालगंजमा हुन लागेको एमालेको छैठौं महाधिवेशनले अहिले सिंगै देशको ध्यान तानेको छ । प्रतिनिधि सभामा ८९ सीट भएको र कूल ८३ हजार ४१५ संगठित पार्टी सदस्य भएको नेकपा (एमाले) वर्तमान नेपालको सबैभन्दा ठूलो राजनीतिक दल हो । उसको नीति निर्णयको हरेफेरले देशको समग्र सामाजिक जीवनमा निकै ठूलो असर पुर्‍याउँछ । त्यसैले, यतिखेर सबैका कान र आँखा राजधानीको बल्खुतिर तानिएका छन्, जहाँ एमालेको विशाल र सुविधा–सम्पन्न आफ्नै केन्द्रीय कार्यालय छ ।

कम्युनिष्ट पार्टीमा महासचिवले पेश गर्ने राजनीतिक प्रतिवेदन विगतको समग्र काम र नीतिको समीक्षा र वर्तमानको राजनीतिक नीति निर्णयका लागि सबैभन्दा प्रमुख दस्तावेज ठानिन्छ । पार्टीले लिने भविष्यको राजनीतिक र सांगठनिक कार्यदिशाको नाप–नक्सा यसैमा कोरिएको हुन्छ । पार्टीको सबलता र कमजोरी, पार्टीको उन्नति वा अवनतिको झझल्को यो दस्तावेजले राम्ररी दिने गर्छ ।

क. मदनको जोड क्रान्तिको तयारीको सवालमा देखिन्छ, क. माधवको जोड चुनावद्वारा बहुमतको सरकार ल्याउने तयारीमा ।



क. मदन भण्डारी

यस हिसाबले महाधिवेनमा पेश गर्नका लागि हालै तयार भएको र छलफलको लागि जारी भएको महासचिव क. माधवकुमार नेपालको १३८ पेज लामो राजनैतिक प्रतिवेदन निकै महत्वपूर्ण राजनैतिक दस्तावेज हो । केन्द्रीय समितिको ३५ औं बैठकद्वारा 'सर्वसम्मति' ले पारित यो दस्तावेज पछि गएर बहुमतको दस्तावेज बन्यो, सर्वसम्मत चाहिं रहेन । तथापि, यो दस्तावेजको अध्ययन र समीक्षा नितान्त जरूरी छ । नेपालको सबैभन्दा ठूलो संसदीय दलले नेपाललाई कता लान कम्मर कस्दैछ, त्यसको थाहा यो दस्तावेजको आलोचनात्मक अध्ययनबाट हुन सक्छ ।

कस्तो छ त एमालेको यस पटकको राजनीतिक प्रतिवेदन ? यसमा गत पाँचौं महाधिवेशन (माघ २०४९) मा क. मदन भण्डारीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा भन्दा के के हेरफेर गरिएको छ ? हामी यसलाई तुलनामा हेर्ने प्रयत्न गर्नेछौं । तुलनामा हेर्दा मात्र कुनै पनि वस्तुको वास्तविक भेद र समानता, उन्नति वा अवनति राम्ररी थाहा लाग्न सक्छ ।

एउटा सानो लेखमा दुई-दुई बटा याँमानका दस्तावेजहरूको समग्र पक्षको तुलनात्मक विश्लेषण गर्नु बिल्कुलै गाह्रो कुरा हो । त्यसैले, हामी यसको मूलभूत पक्षको मात्र मूल्यांकन गर्नेछौं ।

यी दुईटा राजनीतिक प्रतिवेदन पेश हुँदाको समय र परिवेश एउटै छैन, त्यसमा भने हामी स्पष्ट हुनु जरूरी छ । क. माधवको प्रतिवेदनले यी दुईथरि प्रतिवेदन पेश हुँदाको समय र परिवेशको फेरबदलबारे राम्ररी प्रकाश पार्ने प्रयत्न गरेको देखिन्छ ।

अघिल्लो प्रतिवेदन क. मदन भण्डारीले पार्टी–महासचिवको हैसियतले पेश गर्दा एमाले देशको सबैभन्दा ठूलो राजनीतिक पार्टी भइसकेको थिएन । ऊ प्रतिनिधि सभामा जम्मा ६९ सिटसहित देशको प्रमुख प्रतिपक्ष मात्र भएको बेला थियो त्यो । एमालेको त्यतिखेरको संगठित

पार्टी सदस्यता अहिलेको तुलनामा आधाभन्दा पनि कम थियो। त्यो ३७ हजार ६५३ मात्र थियो। पार्टी भूमिगत जीवनशैलीबाट भर्खरै खुल्ला राजनीतिमा आएको समय थियो। एमाले पार्टीसित न त खुल्ला राजनीतिको पर्याप्त अनुभव थियो, न संसदमा प्रमुख प्रतिपक्ष हुँदाको अनुभव नै, न क्रान्तिअघि नै पूँजीवादी सरकारको डाडूपन्यू आफ्नो हातमा हुँदाको अनुभव नै। तर यतिखेर ऊसित यी सबै क्षेत्रमा धेरथोर अनुभव छ। यसबीच, सरकारमा ऊ दुई दुई चोटि गइसकेको छ। र, स्थानीय निकायको ५१ प्रतिशत सिटहरूमा उसको हालीमुहाली कायम भएको छ, जुन त्यतिखेर २६ प्रतिशत सिटमा मात्र थियो।

क. माधवकोमा पछिल्लो समय र परिवेशको। दुवैले आफ्नो प्रतिवेदनमा तत्कालीन परिवर्तित परिस्थितिको बिस्तृत चित्रण गरेका छन्। तथापि, दुवैको ठहर एउटै छ- परिस्थितिमा परिवर्तन भए पनि प्रमुख राष्ट्रिय र अन्तर्राष्ट्रिय अन्तरविरोध अहिले पनि उस्तै छ, जस्तो पहिले थियो। देश अहिले पनि अर्द्ध-सामन्ती र अर्द्ध-औपनिवेशिक नै छ, जस्तो पहिले थियो। सामन्तवाद र साम्राज्यवादको उत्पीडनको अन्त नै अहिले पनि क्रान्तिको मुख्य कार्यभार हो, जस्तो यसअघि थियो। दुवै प्रतिवेदनले नेपालको अहिलेको क्रान्तिको स्तर पूँजीवादी जनवादी नै हुने बताएका छन्। र, दुबैले नेपालको क्रान्तिको कार्यक्रम 'जनताको बहुदलीय जनवाद'

मेरो पहिलो प्रश्न, बहुदलीय जनवादलाई नेपालको क्रान्तिको कार्यक्रम बनाउनु उचित हुन्छ कि हुन्न भन्ने सवालमा छ।

### के बहुदलीय जनवाद नेपालको क्रान्तिको कार्यक्रम हुन सक्छ ?

दुवै प्रतिवेदनले बहुदलीय जनवादलाई नेपालको क्रान्तिको न्यूनतम कार्यक्रमको रूपमा पेश गरेका छन्। बहुदलीय जनवादलाई दुवै प्रतिवेदनले जनताको जनवाद वा नयाँ जनवादकै एउटा रूपमा चित्रण गरेका छन् र यसमा बहुदलीय प्रतिस्पर्धा, आवधिक आम निर्वाचन, बहुमतको सरकार, अल्मपतको विपक्ष, संविधानको सर्वोच्चता र कानूनको

अन्त गरेर उस्तै विशेषता र सार भएको अर्को राजनीतिक प्रणाली ल्याउनुबाट राजनीतिक क्रान्ति कसरी हुन्छ ?

राजनीतिक क्रान्ति तब मात्र सम्पन्न हुन्छ, जब विद्यमान राजनीतिक प्रणालीभन्दा उन्नत स्तरको राजनीतिक प्रणालीले पुरानो राजनीतिक प्रणालीलाई विस्थापित गर्छ र पुरानो वर्गको ठाउँमा नयाँ शासक वर्ग सत्तामा आउँछ। सामन्ती निरंकुशतन्त्र भएको ठाउँमा पूँजीवादी प्रजातन्त्र आउनु राजनीतिक क्रान्ति हो। पूँजीवादी प्रजातन्त्र भएको ठाउँमा समाजवादी व्यवस्था आउनु राजनीतिक क्रान्ति हो। तर पूँजीवादी प्रजातन्त्र भएको ठाउँमा पुनः पूँजीवादी प्रजातन्त्र नै आउनु, त्यो पनि उही उही

# पाँचौं र छैठौं महाधिवेशनको प्रतिवेदन

# एमालेले के छोड्यो - के अप्नायो ?



क. माधव नेपाल



क. खड्ग ओली



क. बामदेव गौतम



क. सी.पी. मैनाली

विश्व परिस्थिति पनि केही भिन्न थियो त्यसबेला। सोभियत संघ र पूर्वी यूरोपमा समाजवादी व्यवस्था आफ्नै आन्तरिक कारणले उत्तिकै धराशायी भएको घटनाले विश्वभरिका उत्पीडितहरूलाई मुटुको चूरोसम्म चिमोटिरहेको बेला थियो त्यो। सर्वत्र निराशा र दिक्दारी छाएको बेला थियो। तर अहिले स्थिति अर्कै छ। तिनै मुलुकमा पूँजीवाद पुनर्स्थापना भएपछि यति छोटो अवधिमै पूँजीवादले जनजीवनमा ल्याएको चौतर्फी बर्बादीले त्यहींकै जनतालाई 'मनतातो ताबाबाट भुंग्रोमा हाम्फालिएछ' भन्ने महसुस गराएको स्थिति छ अहिले। हिजोको समाजवाद नै अहिलेको भन्दा राम्रो व्यवस्था थियो भनेर बहुसंख्यक जनताले चुनावी मैदानबाट समेत भन्न थालेको परिवेश छ अहिले।

क. मदनको प्रतिवेदनमा अघिल्लो समय र परिवेशको प्रतिविम्ब भेटिन्छ,

नै भनेर स्पष्ट पारेका छन्। दुवैले यतिखेर शान्तिपूर्ण संसदीय संघर्षको बाटोलाई नै आमूल परिवर्तनको निम्ति संघर्षको मुख्य रूप बताएका छन्। दुवैले क्रान्तिपछि पनि बहुदलीय प्रतिस्पर्धा भएकै जनवाद स्थापना गर्ने कुरा गरेका छन्। दुवैले सडक संघर्षलाई संसदीय संघर्षसित समन्वित पार्नु पर्ने कुरा गरेका छन्। यस अर्थमा, यी सवालमा दुईवटा राजनीतिक प्रतिवेदनमा काफी समानता भेटिन्छ।

दुबै प्रतिवेदनले एउटै स्वरले उठाएका केही प्रस्थापनाउपर भने केही प्रश्नहरू पैदा हुने देखिएका छन्। तिनबारे यहाँ चर्चा गरिन्छ।

## तुलनात्मक अध्ययन

शासन जस्ता विशेषताहरू हुने बताएका छन्। र, यो पनि स्वीकारिएको छ कि, बहुदलीय जनवाद पनि पूँजीवादी जनवादकै एउटा रूप हो।

अब मेरो प्रश्न के हो भने, ती विशेषताहरू भएको पूँजीवादी जनवाद त अहिले यहीं छ। अहिलेको बहुदलीय प्रजातन्त्रमा पनि बहुदलीय प्रतिस्पर्धा छ, आवधिक आम निर्वाचन हुने गर्छ, बहुमतको सरकार र अल्पमतको बिपक्ष छ, संबिधानको सर्वोच्चता र कानूनको शासन छ। अहिलेको बहुदलीय प्रजातन्त्र पनि सारमा पूँजीबादी जनबाद नै हो। यस परिप्रेक्ष्यमा, उही बिशेषताहरू र उही सार भएको एउटा राजनीतिक प्रणाली

विशेषताहरू भएको- यो राजनीतिक क्रान्ति कसरी हुन्छ ? यो त राजनीतिक व्यवस्थाको स्तरको हिसाबले उही स्तरमा नै अड्किनु हुन जान्न र ?

यसमा एमालेको नेतृत्वको उत्तर रहने गरेको छ- हामी यो बहुदलीय प्रजातन्त्रलाई पूँजीबादी जनवाद नै मान्दैनौं।

कुनै राजनैतिक प्रणाली सारमा के हो र त्यो कुन स्तरको राजनीतिक प्रणाली हो भन्ने कुरा हामीले मान्नु वा नमान्नुमा आधारित हुने मनोगत कुरा हो र ? हामीले मान्नु वा नमान्नुले नै त्यसमा के फरक पर्छ र ? यो समाज विज्ञानले स्वीकारेको कुरा हो कि, संसारमा कतै संवैधानिक राजतन्त्र भएको पूँजीवादी प्रजातन्त्र छ, कतै गणतन्त्र भएको, कतै संसदीय व्यवस्था छ। तर यी जम्मै सारमा पूँजीवादी जनवादकै विभिन्न रूपहरू मात्र हुन्। नेपाल, जापान, बेलायत- यी



विगतमा सडक संघर्षको क्रममा मसाल जुलूसमा सामेल क. वामदेव गौतमसहितका एमाले नेताहरू : **के अबको संघर्ष संसद र मन्त्री पदकै वरिपरि मात्रै सीमित हुने हो ?**

मुलुकमा संवैधानिक राजतन्त्र भएको बहुदलीय संसदीय प्रजातन्त्र छ। अमेरिका, भारत, बंगलादेशमा- गणतन्त्र भएको बहुदलीय संसदीय प्रजातन्त्र। उत्तर कोरिया र चीनमा- गणतन्त्र नै भएको जनताको जनवाद। रूप भिन्नाभिन्नै भए तापनि यी सबैको सार र स्तर एउटै हो।

यस परिप्रेक्ष्यमा, अहिलेको बहुदलीय प्रतिस्पर्धा भएको पूँजीवादी जनवादको एउटा रूपलाई अन्त गरेर फेरि बहुदलीय प्रतिस्पर्धा भएकै पूँजीवादी जनवादको अर्को रूप स्थापना गर्नुबाट राजनीतिक प्रणालीमा क्रान्ति कसरी हुन्छ ? गुणात्मक अन्तर के आउँछ ? यसबारे गम्भीर बहस छलफल गर्नु जरूरी भएको छ। तर आश्चर्य, बहुदलीय प्रतिस्पर्धालाई अनिवार्य मान्नका निम्ति क. मदन भण्डारीले एउटा दार्शनिक प्रस्थापना नै अघि सार्नुभएको छ। पाँचौं महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा उहाँ लेख्नु हुन्छ :

"द्वन्द सार्वभौम नियम नै हो। यो कुरा साँचो हो भने, राजनीतिमा चाहिं किन द्वन्द हुन नदिने ? यदि कुनै पनि वस्तुमा रहेको द्वन्दात्मक यथार्थलाई दमन गरेर प्रकट हुन दिइँदैन भने, त्यसले शत्रुता र विष्फोटको रूप लिन सक्छ। त्यसकारण, कुनै पनि राज्य व्यवस्थामा त्यसबेला विद्यमान समाजमा रहेका राजनीतिक दृष्टिकोणको बीचमा संविधानसम्मत ढंगले प्रतिस्पर्धा हुन दिनुपर्छ। समाजमा रहेका विविधताहरूलाई व्यक्त हुन दिनुपर्छ। यो नै साँचो अर्थमा जनवादी प्रजातान्त्रिक प्रणाली हुनसक्छ।

(हेर्नुहोस्, प्रतिवेदन पृष्ठ ५०)

यो निर्विवाद कुरा हो कि, द्वन्द सार्वभौम नियम हो। र, राजनीतिमा पनि द्वन्द हुन दिनुपर्छ। द्वन्दलाई यदि छेक्न थुन्न खोज्यो भने, त्यसले शत्रुता र विष्फोटको रूप लिन सक्छ। तर चूरो प्रश्न के हो भने, द्वन्दलाई व्यक्त हुन दिनका निम्ति दल नै बन्न दिनुपर्छ कि पर्दैन ?

यदि द्वन्दलाई राजनीतिमा व्यक्त हुन दिन दलकै जरूरत पर्छ भने- बहुदलीय प्रतिस्पर्धा नयाँ जनवादमा मात्रै किन, समाजवाद र साम्यवादमा पनि उत्तिकै जरूरी हुन जान्छ। किनकि, द्वन्द त त्यहाँ पनि हुनु जरूरी हुन्छ। एउटा पार्टीभित्र पनि दल उपदलहरू चाहिने हुन्छ, किनकि द्वन्द त त्यहाँ पनि हुनु जरूरी हुन्छ। यो सिद्धान्तले त हामीलाई कहाँ पुऱ्याउँछ ? यो सबैलाई थाहा भएको कुरा हो कि, दलहरू सारमा वर्गस्वार्थकै संगठित प्रतिनिधित्व गर्ने साधन हुन्। हामी एकातिर, वैज्ञानिक समाजवादलाई वर्गविहीन समाज भन्दैछौं। अर्कातिर, द्वन्द गर्न दल नै चाहिने हो भने, समाजवादमा पनि बहुदलीय प्रतिस्पर्धा नै आवश्यक हुने खालका तर्कहरू निकाल्दैछौं। यसले वैज्ञानिक समाजवादकै सिद्धान्तमा आमूल हेरफेर ल्याउने निश्चित छ। यसले त द्वन्दलाई ठाउँ दिने हो भने, वर्गविहीन र दलविहीन समाज नै असंभव छ भन्ने निष्कर्षतिर हामीलाई लैजानेछ।

तर वास्तविकता के हो भने, परिवारमा दलीयताको अस्तित्व हुन्न। तर द्वन्द त त्यहाँ पनि अभिव्यक्त भएकै हुन्छ। त्यस्तै पार्टीमा पनि। यही कुरा समाजको हकमा किन लागू हुँदैन ?

त्यसैले, राजनीतिमा द्वन्द त हुन दिनुपर्छ, तर त्यसको लागि बहुदलीय प्रतिस्पर्धा नै अनिवार्य हुँदैन। राजनीतिमा द्वन्द हुन दिनका निम्ति बहुदलीयता होइन, केही निश्चित वैज्ञानिक प्रणालीको जरूरत पर्छ। सर्वप्रथम, भिन्न विचार र आलोचनात्मक विचार बिना रोकटोक प्रस्तुत गर्ने र त्यसलाई सँगेट्ने वैज्ञानिक प्रणाली। दोस्रो, माथिबाट कुनै पनि नीति निर्णय जबर्दस्ती नोकरशाही ढंगले नलाद्ने, बरू सम्बन्धित पक्षको सहभागिताद्वारा मात्र नीति निर्णय गर्ने

# के छ अन्तर | माधव र कार्य

एमालेको छैठौं महाधिवेशन आउन अब एक महिना मात्र बाँकी छ। तीन हप्ता लामो प्रयत्नपछि पनि एकताको बिन्दु नभेटेर क. माधव नेपालले केन्द्रीय समितिको बहुमतको तर्फबाट कार्यनीति सम्बन्धी छुट्टै दस्तावेज पेश गर्नुपरेको छ। क. बामदेवले अल्पमतको तर्फबाट छुट्टै। ४९ पेज लामो एमाले महासचिवको कार्यनीतिसम्बन्धी दस्तावेजको शीर्षक छ- "जनताको बहुदलीय जनवादको कार्यनीति"। "वर्तमान परिस्थितिमा हाम्रो कार्यनीति" शीर्षकमा क. बामदेवको दस्तावेज चाहिं ९५ पेज लामो छ।

पत्रपत्रिकाहरुमा र सार्वजनिक मंचमै यही दस्तावेजलाई लिएर यतिखेर क. बामदेव र क. खड्ग ओलीबीच मारामार परिरहेको देखिन्छ। बहसको प्रकृति हेर्दा यस्तो देखिन्छ मानौं, दुई कार्यनीतिबीच गंभीर सैद्धान्तिक भिन्नता छ। मैले दुवै दस्तावेज आद्योपान्त र पटक पटक पढें। पढेपछिको मेरो निष्कर्ष के हो भने- दुई कार्यनीतिका प्रवक्ताबीच मनोवैज्ञानिक र व्यक्तिगत समस्या ज्यादा छ, सैद्धान्तिक मतभिन्नता ज्यादै कम। मैले दुई थरि कार्यनीतिका बीचमा सैद्धान्तिक तहको अन्तर पटक्कै पाउन सकिनँ।

दुबै कार्यनीतिले पाँचौं महाधिवेशनद्वारा पारित कार्यक्रम "जनताको बहुदलीय जनवाद" लाई नै आफ्नो कार्यनीतिको मुख्य सैद्धान्तिक आधार बनाएका छन्। दुबैले पाँचौं महाधिवेशनद्वारा पारित कार्यनीतिलाई नै अहिलेको पनि कार्यनतिका रुपमा स्वीकारेका छन्। दुवै कार्यनीतिले पाँचौं महाधिवेशनद्वारा निर्णित रणनीतिको सेवा गर्नुलाई आफ्नो कार्यनीतिको लक्ष्य भनेर स्वीकारेका छन्। क. बामदेवको दस्तावेजमा भनिएको छ- "आमूल परिवर्तनको लागि शक्ति संचय गर्नु हाम्रो कार्यनीतिको लक्ष्य हो।" (हेर्नुहोस्, पृष्ठ २४)। यही सवालमा क. माधवको दस्तावेजमा भनिएको छ- "आमूल परिवर्तनका लागि पार्टीलाई विचारधारात्मक रुपले सुदृढ र एकताबद्ध गर्दै क्रान्तिकारी शक्तिको विकास र संचय गर्नु तत्कालीन कार्यनीतिको मूल लक्ष्य हो।" (हेर्नुहोस् पृष्ठ ८)

यी दुबै अवधारणाहरु सारमा उही र उस्तै छन्। दुबैले सारमा आमूल परिवर्तनको लागि क्रान्तिकारी शक्तिको संचयलाई नै कार्यनीतिको लक्ष्य तोकेका छन्।

तत्कालीन कार्यनीति के ? भन्ने सम्बन्धमा क. माधवको दस्तावेजमा लेखिएको छ-

"विचारधारात्मक रुपमा पार्टीलाई सुदृढ बनाउँदै नेकपा (एमाले) को बहुमतको सरकार गठन गर्ने, प्रगतिशील सुधारको कार्यक्रमलाई लागू गर्दै शक्ति सुदृढ गरी आमूल परिवर्तनको दिशामा अघि बढ्ने' कार्यनीति तय गर्नु पर्छ।"

यसबारेमा क. बामदेवको दस्तावेजमा यस्तो लेखिएको छः

"हामीले आमूल परिवर्तनका लागि शक्ति संचय गर्ने उद्देश्य राखेर तत्कालका लागि संसदीय संघर्षमा वरिष्ठता हासिल गर्दै सरकारमा गएर प्रगतिशील सुधारको कार्यक्रम लागू गर्ने कार्यनीति अवलम्बन गर्नु पर्दछ।"

यी दुई उद्धरणमा दुवैको जोड एमालेको बहुमतको सरकार गठन गर्नुमै छ। त्यसमार्फत् प्रगतिशील सुधारको कार्यक्रम लागू गर्ने नै छ र दुबैको लक्ष्य आमूल परिवर्तनका लागि शक्ति संचय गर्नु नै छ। खालि यसमा शब्दमा अन्तर मात्रै छन्, सारवस्तुमा कुनै अन्तर



**कृषि समस्यामा क. माधवको दस्तावेजमा बेसी नयाँ कार्यक्रम छन्।**

# बामदेवको नीतिमा ?

देखिन्न । अझ, क. बामदेवको कार्यनीतिक नारा हेर्नु भयो भने त तपाई शब्दहरु पनि लगभग उस्तै पाउनु हुनेछ । उहाँको कार्यनीतिक नारा यस्तो छः

"पार्टीलाई विचारधारात्मक र संगठनात्मक रुपले सुदृढ गर्दै बहुमतको सरकार गठन गरौं ।

प्रगतिशील सुधारको कार्यक्रम लागू गर्दै आमूल परिवर्तनका लागि शक्ति सुदृढ गरौं ।"

यसरी सार र शब्दमा पनि दुई नेताको कार्यनीतिमा कुनै विभेद नै देखिन्न ।

प्रगतिशील सुधारको कार्यक्रमका सम्बन्धमा पनि दुवैको धारणा एउटै छ- सरकार बाहिर रहँदा त्यसैलाई मागका रुपमा उठाउने, सरकारमा गएपछि त्यसैलाई कार्यक्रमका रुपमा लागू गर्ने ( हेर्नुहोस् क. माधवको दस्तावेज पृष्ठ १३ र क. बामदेवको दस्तावेज पेज नं. २९)

दुवैले यतिखेर संघर्षको मुख्य रुप शान्तिपूर्ण र संसदीय हुने बताएका छन् ।

थोरै विभेद दुईथरि दस्तावेजका प्रस्तुत कार्यक्रममा देखिन्छ । एउटामा कुनै विषयमा ज्यादा माग छ, अर्कोमा कुनै विषयमा ।

क. बामदेवको दस्तावेज जनजाति र भाषाभाषीको मामलामा बढी स्पष्ट र उन्नत देखिन्छ । जस्तो, त्यहाँ माथिल्लो सदनलाई जातीय सभा बनाउने कार्यक्रम छ । क. माधवको दस्तावेजमा त्यो छैन । त्यसमा सबै भाषालाई समान अधिकारको कुरा गरिएको छ, तर क. माधवको दस्तावेजमा भने नेपाली भाषालाई माध्यम भाषा बनाउँदै अरु भाषालाई समान अधिकार दिने सवाल छ ।

कृषि समस्यामा क. माधवको दस्तावेजमा बेसी नयाँ कार्यक्रम छन् ।

जम्माजम्मीमा, क. बामदेवको दस्तावेजमा केही बिल्कुलै असंभव कार्यक्रमको मात्रा ज्यादा छ- जस्तो शोषणको अन्त्य, भ्रष्टाचार उन्मूलन, सम्पूर्ण पहाडी क्षेत्रमा ७ वर्षमा सिंचाई पुऱ्याउने कार्यक्रम, १० वर्षमा सबै ठाउँमा खानेपानी पुऱ्याउने कार्यक्रम आदि आदि ।

तर क. बामदेवको दस्तावेज शान्तिपूर्ण जन-आन्दोलनबाट क्रान्ति नहुने सवालमा बढी स्पष्ट र उन्नत देखिन्छ । अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसित विगतमा एमालेले गरेको नरम व्यवहारबारे यो आत्मालोचक देखिन्छ । तर क. माधवको दस्तावेजमा यस्तो आत्मालोचना भेटिन्न ।

यिनै र यस्तै कुरामा भिन्नता छन् दस्तावेजमा । तर मूल सवाल त फेरि पनि कार्यनीति नै हो । त्यसमा भने दुई दस्तावेजमा कुनै तात्विक भिन्नता देखिन्न । कार्यनीतिमा लडाई सिद्धान्तको भन्दा अस्तित्व र व्यक्तित्वको देखिन्छ ।

दुवै कार्यनीतिको दोष के हो भने, दुवै कार्यनीति क्रान्तिमुखी कम, 'जसरी पनि' सरकारमा 'पुगमुखी' ज्यादा छन् । एउटा क्रान्तिकारी पार्टीको कार्यनीतिले त यतिखेर प्रतिक्रियावादी प्रमुख दुश्मन के ? नीति लिएर, के कार्यक्रम लिएर कसरी पेश भइरहेछ, त्यसलाई कसरी एक्लो, कमजोर र पराजित बनाउने ? भन्ने दाउपेच सुस्पष्ट रुपमा पेश गर्नुपर्ने हो । तर दुवै कार्यनीतिमा त्यसबारे कुनै चासो र ध्याउन्ना देखिन्न । मूल ध्याउन्ना जसरी पनि बहुमतको सरकार बनाउनेमा मात्र देखिन्छ । यसले त एमालेमा अरु ज्यादा संसदमुखी पथ विचलन मात्र पैदा गर्नेछ ।

मूलभूत कुरा एउटै भएर पनि "जोड र कोण" का नाममा सतही कुराहरुमा आपसमा कतिपय स्थानमा गलीगलौजको हदसम्म पनि उत्रेर वामदेव र ओलीहरुले विवाद चलाइरहनु भएको छ । यसले एमालेभित्र वास्तवमै चलाउनु पर्ने विवादका प्रमुख मुद्दाहरु ओझेलमा परेका छन्, ओझेलमा पारिएका छन् । ◆



क. बामदेवको दस्तावेज जनजाति र भाषाभाषीको मामलामा बढी स्पष्ट र उन्नत देखिन्छ ।




वैज्ञानिक प्रणाली । यी दुई प्रणाली कतै पनि राम्ररी स्थापित भयो भने, त्यहाँ द्वन्दले बेरोकटोक निकास पाउँछ । त्यो थुनिन र गुम्सिनै पाउँदैन । सोभियत संघ र पूर्वी यूरोपमा यिनै प्रणालीको अभाव भएको हो ।

बहुदलीय प्रतिस्पर्धालाई अनिवार्य देख्ने कुरा सोभियत संघ र पूर्वी यूरोपमा समाजवादको अन्त्यपछि त्यस ठक्करबाट प्राप्त पाठका रूपमा आएको देखिन्छ । त्यहाँ शासक वर्गमाथि जनताको नियन्त्रण भएन, त्यसैले त्यहाँका शासक वर्गहरू निरंकुश नोकरशाहमा बदलिए । एकदलीयताले हमेशा निरंकुश नोकरशाह जन्माउँछ । त्यसैले, बहुदलीय प्रतिस्पर्धा हुनु जरूरी छ भनेर यो निष्कर्ष निकालिएको देखिन्छ ।

सोभियत संघ र पूर्वी यूरोपको ठक्करबाट पाठ सिक्न खोज्नु नितान्त जरूरी र स्वाभाविक कुरा हो । तर सोभियत संघ र पूर्वी यूरोपबाट पाठ सिक्ने हो भने, त्यहाँ सामाजवादी व्यवस्था धराशायी हुनुको जरो कारणमा जानु जरूरी छ । त्यसबाट पनि पाठ सिक्नु जरूरी छ ।

बहुदलीयता नभएर ती देशहरूको समाजवाद बर्बादीतिर गएका होइनन् । यदि त्यसो हो भने, रूसमा अहिले बहुदलीयता त दिइएको छ तर रूस पहिलेभन्दा पनि झन् तीव्र गतिमा बर्बादीतिर जाँदैछ । किन त ?

सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद ढल्नुको जरो कारण त के हो भने, त्यहाँ मान्छेलाई सुविधा र सहुलियत-सम्पन्न त बनाइयो तर अधिकार-सम्पन्न बनाइएन । उनीहरूले सुविधा र सहुलियत माथिबाट बकस वा उपहारका रूपमा त पाए, तर नीति-निर्णयमा उनीहरूको द्वन्द्वात्मक सहभागिता रहने वैज्ञानिक प्रणाली त्यहाँ भएन । जनताले आफ्नो आलोचनात्मक मत व्यक्त गर्ने र त्यसलाई संगेट्ने, संश्लेषण गर्ने जनवादी वैज्ञानिक प्रणाली त्यहाँ भएन । मान्छेलाई त्यहाँ आर्थिक र शारीरिक हिसाबले तन्दुरूस्त नबनाइएको होइन; तर वैचारिक, सांस्कृतिक र मानसिक हिसाबले तन्दुरूस्त बनाउने वैज्ञानिक प्रणाली त्यहाँ भएन । फलत: त्यहाँ जिम्मेदार, जागृत र आलोचक नयाँ समाजवादी मान्छे नै पैदा भएन । पार्टी नोकरशाहहरूका सामु निरीह अधिकारविहीन 'दास मान्छे' मात्र त्यहाँ पैदा भए । तिनीहरूको न त समाजवादप्रति अपनत्व रह्यो, न पार्टी नोकरशाहहरूप्रति । उनीहरूकै विद्रोहबाट समाजवाद ढलेको हो ।

सोभियत संघ र पूर्वी यूरोपबाट पाठ सिक्ने हो भने, त्यहाँ जुन वैज्ञानिक प्रणालीको अभाव हुन गएको हो, त्यो अभाव पो हामीले हटाउनु पऱ्यो । बहुदलीय प्रतिस्पर्धा थपिदिए र त्यो अभाव त हट्दैन । उदाहरणको लागि, माथि पनि भनियो- रूसमा येल्तसीनले बहुदलीय प्रतिस्पर्धा त ल्याए, तर खै त त्यसले रूसी जनता सर्वोच्च र अधिकारसम्पन्न भएको ? तर क्युबा हेर्नुहोस् । त्यहाँ माथि भनिएका सबै वैज्ञानिक प्रणाली विद्यमान देखिन्छन् । त्यसैले त्यहाँ अमेरिकाले त्यत्रो कडा आर्थिक नाकाबन्दी लाउँदा पनि जनता र सरकार एक ढिका छन्, किनकि त्यहाँ जनता अधिकार-सम्पन्न छन् ।

अब प्रश्न के हो भने, हामीले क्यूबाबाट सिक्ने कि रूस र येल्तसीनबाट ?

बहुदलीय प्रतिस्पर्धा पूँजीवादी व्यवस्थाको सार होइन, रूप हो । हामीले पूँजीवादी व्यवस्थाको सार ग्रहण गर्नु हुन्न, रूप चाहिँ ग्रहण गरे हुन्छ । किनकि, यो मानव समाजकै विकासको उपज हो- यस्तो तर्क पनि क. मदन भण्डारीले गर्नु भएको पाइएको छ ।

रुसमा येल्तसीनले बहुदलीय प्रतिस्पर्धा त ल्याए, तर खैं त त्यसले रुसी जनता सर्वोच्च र अधिकारसम्पन्न भएको ?

# एमालेका नेताहरूले कार्यकर्तालाई अल्मल्याई रहेका छन् !

## क. दिनानाथ शर्मासंगको अन्तर्वार्ता



**❑ अहिले एमालेमा भइरहेको वादविवादको प्रकृतिलाई तपाईंले कस्तो पाउनु भएको छ ?**

-अहिले एमालेभित्र बामदेव गौतम, खड्ग ओलीसमेतका व्यक्तिहरू बीच भएका वैचारिक मतभिन्नताहरू भनेर जे जति कुराहरू सार्वजनिक रूपमा बाहिर आइरहेका छन्, यी सबै नै पूँजीवादी प्रतिस्पर्धा, नेतृत्वको होडबाजी, महत्वाकांक्षा आदिको परीधिभित्र केन्द्रित छन्। किनभने, एमाले सिंगै "बहुदलीय जनवाद"को सिद्धान्तलाई स्वीकारेको छ र यसै कार्यक्रमको परिधिभित्र रहेर त्यसका महासचिव माधवकुमार नेपालले तयार पारेको राजनीतिक प्रतिवेदनमा मूलतः एमाले नेतृत्व सबैको सहमति रहेको देखिन्छ। त्यसैले, अहिले एमालेभित्र देखापरेको अन्तर्विरोध मार्क्सवाद-लेनिनवादलाई अगाडि बढाउनको लागि, सिद्धान्त तथा क्रान्तिको रक्षा गर्नको लागि र देशमा आमूल परिवर्तन गर्न पार्टीलाई मुखरित गर्नको लागि केन्द्रित भएको देखिंदैन।

**❑ एमालेभित्रको विवाद पूँजीवादी धरातलमा आधारित छ भन्ने आधारहरु के छन् ?**

-मैले अगाडि नै भनिहालें नि, एमाले सिंगै नै बहुदलीय जनवादी कार्यक्रममा सहमत छ र यो सारमा पूँजीवादी कार्यक्रम हो। यो कार्यक्रमले आमूल परिवर्तनको आग्रह गरेको छैन।

संसारमा अहिले पूँजीवादीहरूको बहुदलीय संसदीय प्रणाली र कम्युनिष्टहरको समाजवादी प्रणाली गरी दुई मुख्य राजनीतिक प्रणालीहरू अगाडि आएका छन्। बहुदलीय जनवाद भन्ने कुरा बहुदलीय संसदीय प्रणालीकै नयाँ संस्करण मात्र हो।

मार्क्सवाद-लेनिनवादबाट सैद्धान्तिक र राजनीतिक रूपमा विचलित भएर यसले बहुदलीय पूँजीवादी प्रणालीलाई स्वीकारेको छ। आफू वरिपरिका कार्यकर्ता र जनता, जसले साँच्चै मार्क्सवाद-लेनिनवाद र क्रान्ति मन पराउँछन्, तिनलाई झुक्याएर आफूतिर तानीराख्न मात्र यसले 'जनवाद' शब्दलाई प्रयोग गरेको हो।

**❑ बामदेव गौतम र खड्ग ओली दुवैले बहुदलीय जनवादको कार्यक्रम सारमा "नौलो जनवादी कार्यक्रम" नै हो र नेपालको अहिलेको परिप्रेक्ष्यमा यसलाई शान्तिपूर्ण तरिकाले नै प्राप्त गर्न सकिने संभावना बढ्दै गएको छ भनेर बोलेका छन्। यसको साथै उनीहरुले यदि भोलि शान्तिपूर्ण तरिकाबाट "बहुदलीय जनवाद" ल्याउन नसक्ने देखिएमा जस्तो कदम उठाउनु पर्ने हो, त्यस्तै उठाउने भनेर पनि भनेका छन्। र, "बहुदलीय जनवाद" प्राप्त भएपछि समाजवादतर्फ अघि बढ्ने कुरा उनीहरु गरिरहेछन्। यसबारे तपाईंको के भनाइ छ ?**

-वामदेव गौतम र खड्ग ओली लगायतका एमाले नेताहरूले व्यक्त गरेका यी विचारहरू कुनै नयाँ कुरा होइनन्। किनकि, मार्क्सको पालामा कार्ल काउत्स्की, लेनिनको पालामा ट्राट्स्की र खुश्चेभ र माओको पालामा वाङमिङ जस्ता व्यक्तिहरूले पनि यही विचार अघि सारेका थिए। त्यसैले एमालेको बहुदलीय जनवाद सम्बन्धी विचार नयाँ नभइकन पहिलेकै बासी र गैरकम्युनिष्ट विचार मात्रै हो।

राजनीतिक सत्ता प्राप्त गर्नको लागि शान्तिपूर्ण संसदीय बाटोबाट होइन, सशस्त्र संघर्षको बाटोबाट मात्र सम्भव हुन्छ भन्ने कुरा मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओ सबैले भनेका छन्। खुश्चेभले सन् १९५६ को सोभियत पार्टीको बीसौं महाधिवेशनमा शान्तिपूर्ण संसदीय बाटोबाट सत्ता प्राप्त गर्न सकिने कुरा ल्याई सोभियत पार्टीलाई मार्क्सवाद र लेनिनवादको सिद्धान्तबाट विचलनमा लगे। यसैको फलस्वरूप ,सन् १९९० मा आएर सोभियत सत्ताको पतन हुन गयो। खुश्चेभकै नीतिलाई अनुसरण गर्दा पूर्वी युरोपका देशहरूमा पनि एकपछि अर्कोमा गरी समाजवादको पतन हुनगयो।

एमाले अहिले नेपालको ठूलो पार्टी हो। तर, विचार र सिद्धान्तबाट यो विचलित भइसकेको कारणले गर्दा यसको पनि सोभियत पार्टीकै जस्तै पतन अवश्यम्भावी छ भन्ने कुरा सोभियत संघको घटनाबाट पनि प्रष्ट भइसकेको छ।

**❑ एमालेवृत्तमा त मदन भण्डारीले ल्याएको "बहुदलीय जनवाद"को कार्यक्रम विश्वकै सन्दर्भमा पनि "मौलिक कार्यक्रम" हो भन्ने कुरा आइरहेको छ। यसमा तपाईंको के भनाइ छ ?**

-मैले अगाडि नै भनिसकें कि, यो बहुदलीय जनवादको कार्यक्रम सारमा पूँजीवादी कार्यक्रम हो र यो कुनै नौलो कार्यक्रम होइन। जसले इतिहासको अध्ययन नै गरेको छैन, उसले मात्र यसलाई 'नौला' मान्न सक्छ।

**❑ तर एमालेका नेताहरु त यसलाई नयाँ र मौलिक भन्दै हिँडिरहेछन् र कार्यकर्ताहरु पत्याउँदै हिँडिरहेछन् नि त !**

-एमाले पार्टीको शुरूवात मूलतः निम्न पूँजीवादी अवसरवादबाट भयो। यो अहिले दक्षिणपन्थी संशोधनवादमा पतनको दिशातिर गएको छ। अहिलेसम्मको विश्व कम्युनिष्ट आन्दोलनको इतिहास र हाम्रो अनुभवले संशोधनवादको निश्कर्ष साम्राज्यवाद र प्रतिकृयावादको सेवा हो भन्ने कुरालाई पुष्टि गरेको छ। जस्तो कि, सोभियत सत्ताले निश्कर्षमा विश्व साम्राज्यवादको सेवा गर्न पुग्यो।

एमाले नेतृत्वले "बहुदलीय जनवाद" क्रान्ति र आमूल परिवर्तनको बाटो हो भनी कार्यकर्ताहरूलाई झुक्याउने, ढाँट्ने, छल्ने र आँखामा छारो हाल्ने काम गरेको छ। यसरी कार्यकर्ताको आँखामा छारो हाल्न एमाले नेतृत्व किन समर्थ भयो भने, स्वयं एमाले पार्टीभित्र मार्क्सवादको अध्ययन हुन छोडेको छ। लामो समय यतादेखि मार्क्सवादबारे गम्भीरतापूर्वक छलफल, व्याख्या र विश्लेषण हुन त्यहाँ छोडेको छ। त्यसैको स्वाभाविक निश्कर्ष हो- मार्क्सवादको मौलिक मान्यता 'वर्ग संघर्ष' र 'सर्वहारा अधिनायकत्व' लाई एमालेले छोडेको छ। त्यहाँभित्र वर्ग संघर्ष के हो र यो कसरी सफलतापूर्वक अगाडि बढ्छ ? सर्वहारा वर्गको अधिनायकत्व के हो र त्यसलाई निश्कर्ष र सारमा अन्तिम रूपमा कसरी कायम गर्न सकिन्छ भन्ने जस्ता मार्क्सवादका मौलिक मान्यता, सार र आत्माका बारेमा चिन्ता, चिन्तन र छलफलहरू हुन छाडेका छन्। इमान्दार कार्यकर्ताहरूको ध्यान यी विषयहरूतिर नजाओस् भनी नेता र एमालेका प्रचारयन्त्रहरू लागीपरिरहेका छन्। सार कुराबाट कार्यकर्ताको ध्यान अलग गराइसकेपछि उनीहरू बाहिरी उपरी र सतही कुराहरूमा वादविवाद गरेर कार्यकर्ताहरूलाई अलमलमा पार्ने काम गरिरहेका छन्। यसरी अल्मल्याएर उनीहरू कार्यकर्ताले वस्तुगत वास्तविकतालाई भेट्न नसक्ने स्थिति एमालेभित्र सृजना गरिरहेछन्।

**❑ एमालेभित्र क्रान्तिको लागि भनेर नै हिँडिराखेका इमान्दार कार्यकर्ताहरुलाई यो महाधिवेशनको संघारमा तपाई के भन्न चाहनुहुन्छ ?**

-क्रान्तिको बाटो भनेको मार्क्सवाद-लेनिनवाद र माओ विचारधाराको बाटो नै हो भनेर एमालेका इमान्दार साथीहरूले बुझ्नु पर्छ। त्यस बाटोलाई अंगाल्न खोज्दा पार्टी स्वयं अवरोधको रूपमा आउँछ भने उनीहरूले त्यसलाई नाघेर पनि क्रान्तिकारी बाटोको पक्षमा उभिने आँट गर्नु पर्छ। यसमा उनीहरू दृढ नहुने हो भने उनीहरूले धोका र भ्रममै बाँच्नु पर्नेछ। अहिले एमाले नेतृत्व सिंगैले बहुदलीय जनवादरूपी पूँजीवादी कार्यक्रमलाई स्वीकारेर कार्यकर्ताहरूलाई गुमराहमा राखेका छन्। र, अनुशासनको नाममा यान्त्रिक अनुशासन थोपरेर उनीहरूलाई दमन गरिएका छन्। यसको विरूद्धमा इमान्दार कार्यकर्ताहरूले विद्रोह गर्नु पर्छ। गलत विचारको विरूद्धमा विद्रोह गर्न हामीलाई क. माओले सिकाएका छन्। हिजो क. माओले संशोधनवाद र गलत विचारको विरूद्ध संघर्ष गर्न र पार्टीको हेडक्वाटरमा बमवर्षा गर्न समेत आह्वान गर्नु भएको थियो। अहिले एमाले-भित्रका इमान्दार कार्यकर्ताहरूको लागि त्यो 'बमबार्ड' गर्ने समय आईपुगेको छ। यो एक ऐतिहासिक घडी हो र यदि इमान्दार कार्यकर्ताहरूले अहिले विद्रोह गर्दैनन् भने उनीहरूले सोभियत पार्टी पतन भए जस्तै आफ्नो पार्टी पतन भएको देख्नु पर्नेछ। अहिले पार्टी ठूलो छ भनेर मात्र मख्ख परेर बस्नु आत्मरति सिवाय केही होइन। ठूलो हुनु महत्वपूर्ण कुरा हैन, 'सही' हुनु महत्वपूर्ण कुरा हो। कुनै बुर्जुवा पार्टी पनि "ठूलो" हुन त सक्छन् नि ! के त्यसो हुँदैमा त्यसले समाजवादी क्रान्ति गर्छ र ? ठूलो हुँदैमा त्यसले समाजको आमूल परिवर्तन गर्छ र ? ❑

> **एमालेका इमान्दार मित्रहरुले हेड्क्वाटरमै 'बमबार्ड' गर्नुपर्छ**
>
> **–क. दीनानाथ शर्मा**
>
> प्रतिनिधि- नेकपा मसाल

मानव समाजमा बहुदलीय प्रतिस्पर्धाको राजनीतिक ढाँचा उत्तिकै संयोग वा नकलले पैदा भएको होइन। जब समाज विकासको क्रममा तल सामाजिक जगमा आर्थिक प्रतिस्पर्धा भएको पूँजीवादी आर्थिक ढाँचा विकसित भयो, त्यसको प्रतिविम्बको रूपमा माथि उपरी ढाँचामा वा राजनीतिको तहमा पनि बहुदलीय प्रतिस्पर्धाको राजनीतिक ढाँचा जरूरी हुन गएको हो। प्रतिस्पर्धी पूँजीपति वर्गको वर्ग-स्वार्थकै रक्षाको लागि यस्तो राजनीतिक ढाँचाको जरूरत हुन गएको थियो। त्यसैले, बहुदलीय प्रतिस्पर्धा जहाँसुकै पनि अपनाउन सकिने रूप हो भन्ने कुरा साँचो होइन। यो आर्थिक प्रतिस्पर्धा सार भएको आर्थिक ढाँचाको लागि जरूरत पर्ने वा नभई नहुने उपरी तहको राजनीतिक ढाँचा हो।

तर मेरो प्रश्न के हो भने- के समाजवाद तल जगमा आर्थिक प्रतिस्पर्धा हुने सामाजिक प्रणाली हो ? यो त्यस्तो त होइन। अनि कसरी बहुदलीय प्रतिस्पर्धा समाजवादमा फिट हुन सक्छ त ? यो त बोकाको शरीरमा राँगोको टाउको फिट गर्नु जस्तै कुरा होइन र ?

यी सबै आधारमा बहुदलीय जनवाद नेपालको क्रान्तिको कार्यक्रम हुनु उपयुक्त हुँदैन। क्रान्तिपछि बहुदलीयताको अस्तित्व रहन सक्छ, त्यो अहिल्यै भन्न सकिने कुरा होइन, तर त्यो बहुदलीय प्रतिस्पर्धा होइन। क्रान्तिको विकास प्रक्रियाको दौरानमा कुन कुन दलहरू क्रान्तिको पक्षमा वा विपक्षमा कसरी उत्रन्छन् भन्ने आधारमा नै दलहरूको अस्तित्वबारे ठोस निर्णय गर्नुपर्ने हुन्छ। ज-जसको क्रान्तिमा सहयोग र सहभागिता हुन्छ, ती दलहरूबीच बहुदलीय सहकार्य हुनुपर्ने हुन्छ, बहुदलीय प्रतिस्पर्धा होइन।

## संघर्षको मुख्य रुप कस्तो हुनुपर्छ ?

अर्को प्रश्न, संघर्षको मुख्य रूप कस्तो हुन्छ ? भन्ने बारेमा छ।

क. मदन भण्डारी र क. माधव नेपाल दुबैको प्रतिवेदनले नेपालको यतिखेरको संघर्षको मुख्य रूप 'शान्तिपूर्ण जन आन्दोलन' र 'संसदीय' हुने कुरा बताएका छन्।

निश्चय नै कुनै पनि क्रान्तिकारी पार्टीको लागि हिंसात्मक बाटो चाहनाको कुरा हुँदैन र हुनु हुँदैन। त्यो समाजको विकासको निम्ति अपरिहार्य बाध्यताको बाटो मात्र हुनुपर्छ। शासक वर्गले शान्तिपूर्ण जन-आन्दोलनलाई दबाउन हिंसात्मक बाटो नै अपनाउँछ, त्यही कारणले क्रान्तिकारीहरूले पनि प्रतिहिंसात्मक बाटो अपनाउनु अनिवार्य

**क्रान्तिकारी शक्तिले संघर्षको रुप तय गर्दा देशको संविधान आफैंले थोपरेको सीमा र तगारोलाई ध्यानमा राख्नु पर्छ कि पर्दैन ? मुख्य प्रश्न यो हो।**



क. मदन, क. आश्रितसहितको एमालेको विगत पाँचौं महाधिवेशनको एक दृश्य

कुरा बन्न जान्छ। यो सवालमा कुनै विवाद छैन।

२०४६ सालको जन-आन्दोलनको लगत्तैपछि भर्खरै अन्तरीम सरकार बनेको घडीमा अब हामी समाज विकासको लागि शान्तिपूर्ण जन-आन्दोलनको बाटोबाट जाने भगीरथ प्रयत्न गर्छौं भन्नु तर्कसम्मत कुरा हुन्थ्यो। किनभने, त्यतिखेर नेपालको संविधान बनिसकेको थिएन र सरकार जन-आन्दोलनकारी शक्तिका हातमा आएको थियो। जन आन्दोलनकै तागतबाट संविधानमै र संविधान बाहिर पनि धेरै परिवर्तनहरू गर्न सकिने संभावना त्यो बिन्दुमा थियो।

तर संविधान बन्दा त्यो यसरी बन्यो कि; बहुदल, संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्रलाई त्यसमा अपरिवर्तनीय बनाइयो। संसदमा दुई तिहाई बहुमत आए पनि त्यसलाई संविधान संशोधनद्वारा परिवर्तन गर्न नसकिने पारियो। संसारमा कुनै पनि व्यवस्था अन्तिम, अपरिवर्तनीय र परिपूर्ण त हुँदैन। अझ, कम्युनिष्टहरूले चाहेको अवस्था त समाजवाद र साम्यवाद हो। तर अब समाजले बहुदल, संवैधानिक राजतन्त्र र पूँजीवादी संसदीय प्रजातन्त्रभन्दा अघि बढ्न खोज्यो भने के गर्ने ? यसरी नेपालको संविधानले नै शान्तिपूर्ण संसदीय बाटोको विकास त आफैं रोक्यो। अब समाज अघि बढ्नका लागि संविधान नाघ्नै पर्ने भयो, गैर संवैधानिक र गैरसंसदीय बाटो समात्नै पर्ने भयो। हिंसाको सहारा लिनै पर्ने भयो। यो बाध्यता त संविधान आफैंले पैदा गरेन र ?

यो स्थितिमा एउटा क्रान्तिकारी पार्टीको संघर्षको मुख्य रूप 'शान्तिपूर्ण जनआन्दोलन' र 'संसदको घेरोभित्रै' कसरी हुन्छ ? खालि संविधानले नै तोकेको चौहद्दीभित्र बसेर बहुदल, संवैधानिक राजतन्त्र र पूँजीवादी संसदीय प्रणालीमै रमीराख्ने र समाजलाई रोकीराख्ने हो भने, शान्तिपूर्ण र संसदीय बाटो नै संघर्षको मुख्य रूप हुन सक्ला। तर त्यो चौहद्दी नाघ्नासाथ त हरेक क्रान्तिकारीले गैर-संसदीय र गैर संवैधानिक संघर्षको बाटो अख्तियार गर्नैपर्ने हुन्छ। कुनै पनि क्रान्तिकारी शक्तिले संघर्षको रूप तय गर्दा देशको संविधान आफैंले थोपरेको यो सीमा र तगारोलाई ध्यानमा राख्नु पर्छ कि पर्दैन ? मुख्य प्रश्न यो हो।

फेरि, संघर्षको रूप वा मुख्य रूप तय गर्ने सवाल कुनै पार्टीको मनोगत इच्छाको सवाल हुँदै होइन। यो वर्ग संघर्षको विकासको प्रक्रियामा मूर्त परिस्थिति र शत्रुको व्यवहारका आधारमा तय गर्ने कुरा हो। शान्तिपूर्ण संघर्ष र हिंसात्मक संघर्षबीच कुनै लक्ष्मण रेखा वा लामो पर्खाल हुने गर्दैन। कुनै पनि शान्तिपूर्ण संघर्ष कुनै पनि बेला हिंसात्मक संघर्षमा बदलिन संभव छ र हिंसात्मक संघर्ष पनि शान्तिपूर्ण संघर्षमा। ४६ सालको जन-आन्दोलन शान्तिपूर्ण जन-आन्दोलन नै थियो। तर तत्कालीन सत्ता जनकपुर, भक्तपुर, कीर्तिपुर र पाटन लगायतका ठाउँहरूमा हिंसात्मक ढंगले उत्रनासाथ आन्दोलनकारीहरू पनि आ-आफ्नो स्तरको हतियार समात्न बाध्य भए। वर्गसंघर्षको तत्कालीन विकासको लागि यसो गर्नु अनिवार्य थियो। तर अन्तरीम सरकारको गठनपछि आन्दोलनले फेरि शान्तिपूर्ण रूप लियो।

त्यसकारण, क्रान्तिकारीहरूले आफ्नो ताकत र इच्छाको वश चलुन्जेल सकेसम्म शान्तिपूर्ण परिवर्तनका लागि नै जोड दिन्छन्। तर उनीहरू के कुरामा हमेशा तयार रहन्छन् भने, शान्तिपूर्ण संघर्ष कुनै पनि बेला हिंसात्मक संघर्षमा बदलिन संभव छ।

नेपालमा २०४६ साल यताको वर्ग संघर्षको विकासको प्रक्रियाको कुरा गर्ने हो भने, अन्तरीम सरकारको गठनपछि अब हामी शान्तिपूर्ण जन-आन्दोलनको बाटो अख्तियार गर्न चाहन्छौं भन्नु जायज कुरा हुन सक्थ्यो। यो कुरा माथि पनि उल्लेख गरियो। तर २०४८ सालमा पुग्दा त तत्कालीन संयुक्त जनमोर्चाले शान्तिपूर्ण जनआन्दोलन गर्दा गिरिजा सरकारले त्यसमाथि हिंसात्मक व्यवहार गरेको जगजाहेर छ। अनीश शाक्य जस्ता घरमा बसेका स-साना बालकहरू समेत मारिएका थिए त्यतिखेर। त्यसपछि हरेक शान्तिपूर्ण जन-आन्दोलनमा नागरिक-हरूको हत्या भएको छ। स्वयं टनकपुरकै सवालमा जनआन्दोलन गर्दा १३ जना नागरिकको हिंसा भएको कुरा एमालेको वर्तमान राजनीतिक प्रतिवेदनमै उल्लेख भएको छ। एकातिर, पूँजीवादी संसदभन्दा अघि बढेर आमूल परिवर्तनको बाटो समात्न संविधान र संसदको घेरो बाहिर जानै पर्ने बाध्यता थोपर्ने संविधान; अर्कोतिर, जनसरोकारका सामान्य मागमा शान्तिपूर्ण जन-आन्दोलनको बाटो समात्दा समेत हरेक पटक हिंसामा उत्रिहाल्ने नेपालको सत्ताको व्यवहार, यो ऐतिहासिक समय र परिवेशमा कसरी २०४९ सालमा सम्पन्न एमालेको पाँचौ महाधिवेशनले र अहिलेको छैठौं महाधिवेशनले आफ्नो राजनीतिक प्रतिवेदनमा संघर्षको मुख्य रूप 'शान्तिपूर्ण र संसदीय हुनेछ' भनेर लेख्न सक्यो ? यो कुरा बुझ्न नसकिने भएको छ।

यसको मतलब, शान्तिपूर्ण र संसदीय संघर्षको बाटो भन्ने कुरा वर्ग संघर्षको विकासको मूर्त परिस्थितिमा तत्कालीन संघर्षको निकास र शत्रुको व्यवहारअनुसार तय गर्ने कुरै भएन। यसलाई त स्थिर र अपरिवर्तनीय सिद्धान्त बनाइयो। के एमालेले यस्तै गर्न खोजेको हो ? यदि यसो हो भने, 'क्रान्ति' भन्ने कुरा नै एमालेले आफ्नो दस्तावेजबाट हटाउनु पर्ने हुन्छ, किनकि; विद्यमान संविधानले शान्तिपूर्वक संसदीय बाटोबाट क्रान्तितर्फ जाने निकास कहीं कतै छोडेकै छैन।

## दुई प्रतिवेदनका भेदहरु

यो विरोधाभाषका बावजूद क. मदन भण्डारीको राजनीतिक प्रतिवेदनमा हिंसात्मक बाटोको अपरिहार्यताबारे अत्यन्त स्पष्ट रूपमा नभए पनि ठाउँ ठाउँमा उल्लेख गरिएको छ। त्यो प्रतिवेदनले एकातिर 'अहिले हाम्रो संघर्षको मुख्य रूप शान्तिपूर्ण जन-आन्दोलन र संगठनको मुख्य रूप राजनीतिक प्रतिस्पर्धाको निम्ति सक्षम लडाकू संगठन निर्माण गर्नु हो' भनेको छ (हेर्नुहोस् राजनीतिक प्रतिवेदन, पृष्ठ ५७)। यसबाट स्पष्ट छ, संसदीय चुनावी प्रतिस्पर्धामा जितेर सरकार बनाउने कुरालाई एमालेले यतिखेर आफ्नो मुख्य उद्देश्य र मार्गदर्शक नीति बनाएको छ। अर्कोतिर त्यही प्रतिवेदनले अर्को ठाउँमा यस्तो पनि भनेको छ :

"हामी अहिले पनि आम निर्वाचनबाट बहुमत ल्याएर समेत सरकार बनाउन चाहन्छौं र आमूल परिवर्तनपछि पनि बहुदलीय प्रतिस्पर्धामा आधारित आम निर्वाचनको प्रणालीलाई कायम राख्न चाहन्छौं। त्यसले हाम्रो पार्टी निर्माणको चिन्तन र कामलाई निर्देशित गर्नुपर्छ। अहिले बहुमत ल्याएर सरकार बनाउनेभन्दा आमूल परिवर्तन गर्ने कुरा निर्णायक, महत्वपूर्ण र प्राथमिक हो, यो हाम्रो सम्पूर्ण कामको निर्देशक तत्व हो। त्यसको निम्ति अझै ठूलो लडाइँ लड्न बाँकी छ। त्यो लडाइँ कस्तो हुनेछ, अहिले नै कसैले सम्पूर्ण भविष्यवाणी गर्न सक्दैन। हामी सैद्धान्तिक रूपमा यसो भन्न सक्छौं

कि, त्यो पूर्णतः शान्ति र संश्रयबाट प्राप्त हुन सक्दैन । यो कुरा शोषक वर्गको सत्तामाथि पनि भरपर्ने कुरा हो । उसले जस्तो व्यवहार गर्छ, हामी पनि त्यस्तै गर्न बाध्य हुनेछौं ।... त्यसको निम्ति मानसिक रूपमा र यथार्थ स्थितिअनुरूप भौतिक रूपमा पनि तयार रहनु पर्छ ।..."

मदन भण्डारीको प्रतिवेदनमा यसरी संसदमा बहुमत ल्याएर सरकारमा जाने कुरालाई यतिखेरको मुख्य काम बताउँदा बताउँदै पनि निर्णायक र प्राथमिक कुरा-क्रान्तिकारी परिवर्तनलाई बनाइएको छ । र, क्रान्ति सम्पन्न गर्नको लागि शान्तिपूर्ण बाटो पर्याप्त नहुने कुरा यसरी स्पष्ट पारिएको छ ।

अर्को ठाउँमा प्रतिवेदनले स्पष्टै भनेको छः

"नेपाली क्रान्तिलाई पूरा गर्नको निम्ति शान्तिपूर्ण संसदीय बाटोबाट मात्र संभव छैन । हिंसात्मक दमनको प्रतिरोध पनि हिंसात्मक ढंगले गर्नु अनिवार्य छ ।..."

(हेर्नुहोस्, राजनैतिक प्रतिवेदन, पृष्ठ ३१)

दुईवटा प्रतिवेदनबीच रहेको सबैभन्दा ठूलो भिन्नता के हो भने, क. माधवको प्रतिवेदन क्रान्तिको यो अत्यन्त महत्वपूर्ण सवालमा अत्यन्त भुत्ते र कमजोर देखिन्छ । एक ठाउँमा क. माधवले यस सवालमा मदन भण्डारीकै एउटा उद्धरण सापटी लिनु भएको त देखिन्छ, जुन बढी प्रष्ट छ । तर जहाँ यो मामलामा आफैंले कलम उठाउनु परेको छ, त्यहाँ उहाँले फुकी फुकीकन, डराई डराईकन यस्तो द्वैअर्थक र अस्पष्ट भाषा प्रयोग गर्नु भएको देखिन्छ :

"नेपाली समाजका सम्पूर्ण क्षेत्रमा सक्दो परिवर्तन र रूपान्तरणको निम्ति अघि बढ्नु नै अहिलेको अवस्थामा सही नीति लिनु र मार्क्सवादलाई आत्मसात गर्नु हो । यस प्रक्रियामा कतैबाट कुनै व्यवधान नआएमा शान्तिपूर्वक राष्ट्र, जनता र परिवर्तनको निम्ति क्रियाशील हुनुपर्दछ ।"

(हेर्नुहोस्, प्रस्तावित राजनीतिक प्रतिवेदन, पृष्ठ ९४)

अर्को ठाउँमा उहाँ लेख्नु हुन्छः

"नेपाली समाजको वर्तमान ऐतिहासिक चरणमा, आमूल परिवर्तनका लागि शान्तिपूर्ण ढंगले अघि बढ्ने संभावना देखापरेका छन् । यस संभावनालाई हाम्रो पार्टीले प्रयोग गर्नु पर्दछ ।"

(हेर्नुहोस्, पृष्ठ ९५)

"प्रगतिउन्मुख हाम्रो शक्तिलाई निमिट्यान्न पार्न खोज्ने वा हाम्रो प्रगतिशील कदममा बाधा खडा गर्ने दुष्प्रयत्न र षड्यन्त्रहरूप्रति गम्भीर ध्यान दिनै पर्छ । कतैबाट षड्यन्त्र भएमा त्यसको जुनसुकै रूपमा पनि सामना गर्न तयार रहनु पर्छ ।"

(हेर्नुहोस्, उही)

नेपाली समाज विगत जन-आन्दोलन यताको सात वर्षमा शान्तिपूर्ण जनआन्दोलनको बाटो भएर आफ्ना समस्या हल गर्न अघि बढ्दा हरेक पटक प्रतिक्रियावादी राज्यसत्ता हिंसात्मक ढंगले पेश भएको जगजाहेर छ । यही शान्तिपूर्ण जनआन्दोलनको क्रममा कांग्रेस सरकारको पाँच वर्षको शासन कालमा त्यति धेरै नागरिकहरूको हत्या गरिएको छ, जति तीस वर्षको पंचायत कालमा पनि भएको थिएन । यो सब दिउँसोको घाम जत्तिकै स्पष्ट हुँदाहुँदै पनि एमालेको पछिल्लो लान खोजेको प्रतीत हुन्छ । फेरि त्यो कस्तो "आमूल परिवर्तन" को परिकल्पना हो, जसमा शान्तिपूर्ण जन-आन्दोलनमा समेत गोलीले स्वागत गर्ने राज्य-सत्तामा आमूल परिवर्तनका लागि अघि बढ्दा चाहिं "शान्तिपूर्ण ढंगले पेश हुने" संभावना हुन्छ ? यसबाट क. माधवले "आमूल परिवर्तन" जस्तो अत्यन्त गंभीर र सारै गुरुत्वपूर्ण अवधारणालाई निकै सरल, हल्काफुल्का र फेशनको विषय वा सस्तो नाराको विषय बनाउन खोज्नु भएको देखिन्छ ।

नत्र "कतैबाट व्यवधान नआएमा' शान्तिपूर्ण ढंगले आमूल परिवर्तनका लागि

**मदन भण्डारीको प्रतिवेदनमा संसदमा बहुमत ल्याएर सरकारमा जाने कुरालाई मुख्य काम बताउँदा बताउँदै पनि निर्णायक र प्राथमिक कुरा- क्रान्तिकारी परिवर्तनलाई बनाइएको छ ।**

*एमालेको नौ महिने सरकारः* **सरकार सञ्चालन गर्ने अनुभवको लागि कि कुर्सी र सुविधाको निम्ति आफू आफैंमा हानथाप गर्न सिक्नको लागि ?**



राजनीतिक प्रतिवेदनले कसरी "आमूल परिवर्तनका लागि शान्तिपूर्ण ढंगले अघि बढ्ने संभावना" देख्यो ?

यहाँ महँगी र टनकपुरको सवालमा शान्तिपूर्ण जन-आन्दोलन गर्दा समेत सत्ता हिंसात्मक ढंगले अगाडि आइरहेछ, तर क. माधव चाहिं "आमूल परिवर्तनका लागि समेत "शान्तिपूर्ण ढंगले अघि बढ्ने संभावना" देख्नुहुन्छ । यो भन्दा गबजको र बुझ्नीनसक्नुको सैद्धान्तिक प्रस्थापना अरू के हुन सक्छ ? यसको मतलब त के भयो भने, एमालेले अब आफूलाई वर्ग संघर्षको होइन, वर्ग समन्वयको पक्षधर बनाउन खोजेको छ । त्यसले राज्य अब जसरी आओस्, आइरहेको होस्, उसलाई कुनै पर्वाह छैन । त्यसैले शान्तिपूर्ण जनआन्दोलन गर्दा राज्यले भ्यालमा बसिरहेका अनीश शाक्य र रीता शिल्पकारलाई ताकी ताकी मार्दा पनि, एमालेको निम्ति 'आमूल परिवर्तन' का लागि समेत 'शान्तिपूर्ण ढंगले अघि बढ्न' संभव भइरहन सक्छ । यो एमालेको पथ-विचलनको स्पष्ट संकेत हो । वर्तमान राजनैतिक प्रतिवेदनले सिंगै एमालेलाई त्यही वर्ग समन्वयवादी थप-विचलनतिर अघि बढ्ने संभावनाको कुरा कसरी उठ्छ ? 'कतैबाट षड्यन्त्र भएमा' मा 'जुनसुकै रूपमा सामना गर्न तयार हुने' कुरा कसरी उठ्छ ? वर्ग संघर्षको कुनै पनि पलमा वर्ग शत्रुको तर्फबाट व्यवधान नआउने र षड्यन्त्र नहुने संभावना कहीं कतै सोच्न र परिकल्पना गर्न सकिन्छ ? यो त 'वर्ग शत्रुबाट कुनै पनि हस्तक्षेप नभएमा हामीले दुई-चार वर्षमा नै क्रान्ति संपन्न गर्न संभव छ' भनेर परिकल्पना र प्रस्थापना प्रस्तुत गरे जस्तो अल्लारे कुरा भएन र ? क्रान्तिका लागि अन्ततः बल प्रयोग जरूरी छ भन्ने विश्वव्यापी सत्यलाई स्वीकार्ने हो भने, संगठनको स्वरूप पनि त्यहीअनुसारको तय गर्नु पर्छ, नेता कार्यकर्ताको मानसिक एवं भौतिक तयारी पनि त्यहीअनुसारको बनाउँदै लानुपर्ने हुन्छ । 'यसो गर्दिनँ' भन्नुको अर्थ 'क्रान्ति गर्दिनँ' भन्नु हो ।

क. मदन भण्डारी र क. माधव नेपालको प्रतिवेदनमा क्रान्ति सम्बन्धी सोचमा यही सवालमा ठूलो भिन्नता देखिन्छ । क. भण्डारी अहिले चुनाव जितेर सरकारमा गए पनि अझै निर्णायक युद्धमा बलपूर्वक फड्को मार्नुपर्ने, क्रान्तिका लागि शत्रुको हिंसाको प्रत्युत्तरमा हिंसाकै सहारा लिनुपर्ने चरण बाँकी नै रहने र क्रान्ति शान्तिपूर्वक सम्पन्न हुन नसक्ने कुरा स्पष्टतापूर्वक ठोकुवा गर्नुहुन्छ । क. माधव कतैबाट व्यवधान आएमा र षड्यन्त्र भएमा मात्र बल प्रयोगको आवश्यता हुन सक्ने नत्र वर्तमान चरणमा आमूल परिवर्तन शान्तिपूर्ण ढंगबाटै हुन सक्ने संभावना देख्नु हुन्छ ।

क. भण्डारीको प्रतिवेदनमा नै क्रान्तिचेत र क्रान्तिको सवालमा गंभीरता एवं स्पष्टताको कमी र त्रुटी भएको बारे ५ वर्षअघि पनि अन्य कम्युनिष्ट घटकहरू र वामपन्थी व्यक्तिहरूले सवाल उठाउँदै र आपत्ति जनाउँदै आएका हुन् । क. माधवको वर्तमान प्रतिवेदन त क. भण्डारीको भन्दा पनि अझ धेरै नै कम गंभीर र अस्पष्ट एवं न्यून क्रान्तिचेतयुक्त भएको देखिन्छ । क. माधवको प्रतिवेदनमा वर्तमानको शान्तिपूर्ण जन-आन्दोलन र भरेको निर्णायक युद्धलाई जोड्ने मुख्य पुल नै गायब देखिन्छ ।

क. माधवको प्रतिवेदन वर्ग समन्वयवादी वा वर्ग शान्तिवादी देखिन्छ, क. भण्डारीको प्रतिवेदनको पनि वर्तमानमा संघर्षको मुख्य रूप शान्तिपूर्ण जन-आन्दोलन भन्ने धारणा त्रुटीपूर्ण रहे पनि उहाँको सोच पूर्णतः वर्ग-शान्तिवादी चाहिं देखिन्न ।

## कार्यनीतिसम्बन्धी सोचमा भिन्नता

यतिखेरको कार्यनीतिको मुख्य पक्ष के भन्ने सवालमा पनि दुईवटा प्रतिवेदनबीच काफी भिन्नता देखिन्छ ।

क. भण्डारीद्वारा प्रस्तुत विगतको प्रतिवेदनमा कार्यनीतिको मूल पक्षबारे यस्तो लेखिएको छः

"विश्वमा अहिले अस्थायी रूपमा भए पनि क्रान्तिका शक्तिहरू कमजोर भएका छन् । हाम्रो देशमा भने, विगत इतिहासको तुलनामा क्रान्तिका शक्तिहरू बलियो भएका छन्, तर त्यो अझै आमूल परिवर्तन ल्याउन पर्याप्त छैन । त्यसमा पनि अन्तर्राष्ट्रिय स्थिति अनुकूल छैन । त्यसकारण, अहिले क्रान्तिको सम्बन्धमा सुसंगठित शक्ति संचय गर्नु, अन्तर्राष्ट्रिय स्थितिलाई आफ्नो अनुकूल बनाउन प्रयत्न गर्नु र जनता राष्ट्र र प्रजातन्त्रलाई बलियो बनाउन ठोस सुधारका कामहरू गर्दै निर्णायक संघर्षको तयारी गर्ने कुरा हाम्रो कार्यनीतिको मुख्य तत्व हो ।"

(हेर्नुहोस्, प्रतिवेदनको पृष्ठ ५६, ५७)

तर तुलना गरी हेर्नुहोस्, क. माधवद्वारा प्रस्तुत प्रतिवेदनमा भने यही सवालमा यस्तो लेखिएको छ :

"वर्तमान अवस्थामा हाम्रो कार्यनीतिको मूल पक्ष विचारधारात्मक रूपमा पार्टीलाई एकताबद्ध पार्दै बहुमतको सरकार गठन गर्ने तथा प्रगतिशील सुधारको कार्यक्रम लागू गर्दै शक्ति सुदृढ गरी आमूल परिवर्तनको दिशामा अघि बढ्ने हो ।"

(बाँकी ४० पेजमा)

# चेकी छोरी चेबारे के भन्छिन् ?

# "म चेकी छोरी हुँ, यसमा म गर्व गर्दछु !"

**'म चेकी छोरी हुँ, यसमा म गर्व गर्दछु । म त्यस्ता पति-पत्नी वा दम्पत्तिकी छोरी हुँ, जसले एक-अर्कालाई गहिरो माया गरेका थिए । म मायाको फल हुँ, त्यसैले मलाई के महसुस हुन्छ भने, मैले पनि सबैलाई माया गर्नु पर्दछ ।"**

यो अभिव्यक्ति हो, विश्व क्रान्तिका नायक क. चे ग्वेभाराकी छोरी डा. अलैदा ग्वेभारा मार्चको । डा. अलैदाकी आमाको नाम अलैदा मार्च हो । अलैदा मार्च र चे ग्वेभाराबीच २ जून, १९५९ मा हवानाको ला काबाना सैनिक अड्डास्थित चेको अफिसमा विवाह भएको थियो । चे र अलैदा मार्चबीच इस्काम्ब्रेको युद्धमैदानमा भेटघाट भएको थियो । दम र खोकीका दीर्घरोगी कमाण्डर चे इस्काम्ब्रेमा स्वास्थ्य उपचार गराइरहनु हुँदा अलैदा मार्चले हेरचाहको जिम्मा लिनुभएको थियो । भर्खर बीस वर्ष नाघेकी, वामपन्थी पृष्ठभूमि भएकी शिक्षिका अलैदा मार्चको स्नेहपूर्ण हेरचाह र लडाकू स्वभाव देखेर क. चे अति प्रभावित हुनुभयो । क्यूबाली क्रान्तिको युद्धको मैदानमा अलैदा मार्चले चेकी सचिव, कुक, सहयोद्धा भएर काम गर्न थाल्नु भएपछि उहाँहरूबीच गहिरो प्रेम बसेको थियो ।

युद्धको मैदानमा विकसित उहाँहरूको यो प्रेम क्यूबाली क्रान्तिको सफलतापछि लगत्तै विवाहमा परिणत भएको थियो । यही मायाको पहिलो फल हुन्- अलैदा ग्वेभारा । तर चेका लागि उनी दोस्री छोरी हुन् । उनी जन्मनुभन्दा अगावै, उनकी आमा- अलैदा मार्चसित बिहे हुनुभन्दा अगाडि नै, चेले आफ्नी प्रथम पत्नी- हिल्डा गाडियाको तर्फबाट हिल्डिता नामक छोरी पाइसक्नु भएको थियो ।

स्मरणीय छ, पेरूकी वामपन्थी कार्यकर्ता हिल्डा गाडियासित चेको प्रेम विवाह मेक्सिकोमा भएको थियो । हिल्डा गाडिया र उनकी छोरी- हिल्डितासित तब चेको विछोड भएको थियो, जब उहाँले क्यूबाली क्रान्तिका लागि मेक्सिको छाड्नु भएको थियो । मेक्सिको छाड्नुभन्दा अगाडि घर गएर चेले आफ्नी पत्नी हिल्डासंग भेट्नु भएको थियो र सुतिरहेकी आफ्नी छोरीलाई दुःखपूर्वक चुम्बन गर्नुभएको थियो । त्यसबेला आँसु र हर्षमिश्रित विदाई दिँदै हिल्डाले लेखेकी थिइन्- "मैले क्यूबाली क्रान्तिका लागि आफ्नो पतिलाई गुमाएँ ।"

पतिसंग बिछोडपछि हिल्डा आफ्नी छोरीसहित पेरू फर्केकी थिइन् । क्यूबाको क्रान्ति सफल हुनासाथ उनी पनि २१ जनवरी, १९५९ मा क्यूबा गएकी थिइन् र चेसंग त्यही वर्ष मे २२ मा औपचारिक रूपमा सम्बन्ध विच्छेद गरेकी थिइन् । उनले छोरी हिल्डितालाई चेसंगै रहन दिने कुरामा सहमति दिएकी थिइन् । र, त्यही सहमतिअनुसार, चेले हिल्डितालाई आफूसंगै राखेर हुर्काईरहनु भएको थियो ।

## विचारवान र मायालु पिता

चे स्नेहशील र वफादार पति हुनुका साथै विचारवान पिता पनि हुनुहुन्थ्यो । क्यूबाली क्रान्तिका कामहरूबाट अलिकति फुर्सद पाउनासाथ उहाँ आफ्ना बच्चाहरूसंग खेल्ने, कुराकानी गर्ने र पढाउने काम गर्नु हुन्थ्यो । क्यूबाली क्रान्तिका नायक चे ग्वेभारा आफ्ना बच्चाहरूलाई मात्र होइन, सबै बचाहरूलाई अत्यधिक माया गर्नु हुन्थ्यो र मेहेनत गरी खाने मानिसहरूका बच्चाहरूलाई 'क्यूबाको आशा' भनेर सम्बोधन गर्नु हुन्थ्यो । मेहेनत गरी खाने जनताका छोराछोरीहरूलाई 'क्रान्तिका वारिसहरू' भन्नु हुने चे सबै बच्चाहरूलाई र आफ्ना बच्चाहरूलाई क्रान्तिप्रति समर्पित गराउन चाहनु हुन्थ्यो । चेको भाषामा भन्ने हो भने- 'बाल्यकालमा क्रान्तिकारी हुनुको अर्थ हो- मेहेनतपूर्वक पढ्नु र न्यायोचित कुराको समर्थन गर्नका लागि सदैव तत्पर रहनु ।' आफ्नो बाल्यकालको स्मरण गर्दै डा. अलैदा भन्छिन्- "मलाई त्यति धेरै त याद छैन, तर यति चाहिं स्पष्ट रूपमा याद छ कि- उहाँ (चे) मलाई अति धेरै माया गर्नु हुन्थ्यो । आइतबार विदाको दिन जब उहाँ ऊखु काट्ने काममा जानुहुन्थ्यो, उहाँले मलाई पनि लिएर जानुहुन्थ्यो । उहाँले मलाई आफूसंगै मन्त्रालय पनि लिएर जानुभएको थियो । उहाँले नै मलाई पहिलो किताब दिनुभएको थियो । उहाँको काखमा बसेरै मैले पहिलो पटक बक्सिङ म्याच हेरेकी थिएँ । मसंग उहाँका अत्यन्त सुन्दर र भावपूर्ण स्मृतिहरू छन् ।"



क. चे ग्वेभाराकी छोरी डा. अलैदा ग्वेभारा मार्च

**'उहाँ डिनरमा आउनु हुँदा आमाले उहाँलाई मेरो बुबाको रुपमा होइन, बुबाको साथी, स्पेनवासी 'रामोन' को रुपमा हामीलाई परिचित गराउनु भयो । मेरो बुबा 'रामोन' का रुपमा फौजी पोशाकमा हुनुहुन्थ्यो ।'**

स्मरणीय छ, चेले अलैदालाई दिनुभएको पुस्तक अलेक्जेण्डर ड्यूमाको 'थ्री मस्केटियर्स' (The Three Musketeers) थियो । आफ्ना बच्चाहरू लगायत सम्पूर्ण बच्चाहरू सबैतिर सर्वोत्तम हुनुपर्दछ भन्ने मान्यता राख्नु हुने चेले आफ्नी छोरी अलैदा र छोराछोरीहरूलाई सर्वोत्तम क्रान्तिकारीका रूपमा दीक्षित गर्न खोज्नुभएको थियो । तर आफ्ना छोराछोरीहरूलाई आफैंले दीक्षित गर्ने मनसुवा पूरा गर्न नपाउँदै उहाँले अर्को क्रान्तिको लागि क्यूबा छोड्नु पर्‍यो ।

डा. अलैदा भन्छिन्- "मेरो बुबालाई

**गत कार्तिकको दोस्रो साता क. चे ग्वेभाराकी छोरी डा. अलैदा ग्वेभारा भारतको भ्रमणमा आएकी थिइन् । क. चेको मृत्युको तीसौं वार्षिकीको उपलक्ष्यमा भारतमा आयोजित विभिन्न समारोहहरुमा उनले भाग लिइन् । उनको भव्य स्वागत भयो ।**

**भारत भ्रमणको अवसरमा उनले विभिन्न समारोहहरुलाई सम्बोधन गर्दै र विभिन्न पत्रिकाहरुलाई अन्तरवार्ता दिँदै आफ्नो जीवनको इतिहास र आफ्ना बाबु क. चेबारेका संस्मरणहरु खोतलेर थुप्रै कुराहरु व्यक्त गरिन् । क्यूबाको वर्तमान स्थितिबारे र समाजवादबारे पनि उनले आफ्ना रायहरु व्यक्त गरिन् ।**

**भारत भ्रमणको यस अवसरमा उनले व्यक्त गरेका संस्मरणहरु र उनका विचारहरु संकलन गरी हामीले हाम्रा पाठकहरुका निम्ति यहाँ प्रस्तुत गरेका छौं । -मूल्यांकन**



# समाजवाद नै संसारको भविष्य हो



सधैं के याद रहन्थ्यो भने, उहाँले क्रान्तिका लागि बराबर हिँडिरहनु पर्दछ, युद्ध लड्दै गर्नु पर्दछ । उहाँ भन्ने गर्नु हुन्थ्यो- 'क्रान्तिकारीहरूले आफ्नो परिवारको बलिदान गर्नुपर्ने हुन्छ ।' तापनि उहाँलाई हमेशा के कुरामा भरोसा थियो भने, जब उहाँका बच्चाहरू ठूला हुनेछन्, तब उनीहरूले आफ्ना बाबुलाई बुझ्ने कुरामा भूल गर्ने छैनन् ।"

आफ्नो क्रान्तिकारी बुबालाई सम्झँदै अलैदा भन्छिन्- "मेरो बुबा अत्यन्त विशिष्ट व्यक्ति, धेरै बौद्धिक, प्राज्ञिक, सामर्थ्यवान र गरीब जनताको मुक्तिप्रति समर्पित क्रान्तिकारी हुनुहुन्थ्यो । यो कुरा मैले बालककालमै महसुस गरेकी थिएँ । पछि अलि ठूली भएपछि मैले उहाँबारे, उहाँका कार्यहरूबारे अरू थप ज्ञान हासिल गरें । यसमा सबैभन्दा महत्वपूर्ण पक्ष हो- उहाँको माया गर्ने क्षमता !"

## "राम्रा क्रान्तिकारीहरु बन्नू ......"

अफ्रिकी देश- कंगो (जायर) मा क्रान्ति गर्नका लागि चेले गोप्य रूपमा क्यूबा छोड्नु भयो । सत्ता-शक्ति र सम्पत्तिको लागि माया-मोह नभएका चेले क्यूबा छोड्दा क्यूबाको सत्तासीन पार्टीको नेतृत्व र मन्त्री पदसमेत छोड्नु भएको थियो । क्यूबाको नागरिकतासमेत त्याग्नु भएका चेले आफ्नी पत्नी र छोरा-छोरीहरूलाई कुनै सम्पत्ति छोड्नु भएको थिएन । तर क्यूबा, क्यूबाली राष्ट्रपति क. क्यास्त्रो, आफ्ना माता-पिता र आफ्ना छोरा-छोरीहरूलाई माया र स्नेहले भरिपूर्ण भावनाहरू पत्रमा लेखेर चाहिं छोड्नु भएको थियो । क्यूबा र क्यूबामा रहेको आफ्नो परिवारसंग पुनः मिलन हुन्छ कि हुँदैन भन्ने कुरा सोचेरै उहाँले विदाइ पत्र लेख्नु भएको थियो । गर्भवती अवस्थामा रहेकी आफ्नी पत्नीलाई छोडेर जानु परेकोले उहाँले अलैदाकी आमाका लागि एउटा क्यासेटमा कविताहरू रिकर्ड गरेर छाड्नु भएको थियो । पत्रहरू र कविताहरूमा उहाँले मायाले भरिपूर्ण भावनाहरू अभिव्यक्त गर्नु भएको थियो ।

चिठ्ठीको बारेमा चेकी छोरी अलैदा भन्छिन्- "त्यस चिठ्ठीमा मेरो बुबाले के भन्नुभएको थियो भने, हामीले संसारका हरेक मानिसको दुःख र पीडालाई महसुस गर्नु पर्दछ । हामीले आफ्ना सहज भावनाहरू र स्वाभाविक प्रवृत्तिहरूमाथि नियन्त्रण गर्न सिक्नु पर्दछ र हामी राम्रा क्रान्तिकारी बन्नु पर्दछ ।"

चे आफ्नो परिवारलाई मात्र होइन, सम्पूर्ण मानव समुदायलाई माया गर्नु हुन्थ्यो । त्यसैले उहाँको प्रेममाथि उहाँको परिवारको मात्र होइन, सम्पूर्ण मानव समुदायको अधिकार थियो । जहाँ जहाँ मानवतामाथि दमन हुन्छ, मानव समुदायमाथि अन्याय हुन्छ, घृणा, दूर्व्यवहार र निरंकुशता हावी हुन्छ, त्यहाँ त्यहाँ अन्याय-अत्याचारका विरूद्ध, मानवताप्रति अपार प्रेमसहित युद्ध लड्न प्रतिबद्ध हुनुहुन्थ्यो । यही भावनासहित कंगो (जायर) पुग्नुभएका चे त्यहाँको छापामार संघर्षको असफलतापछि पुनः गोप्य रूपले क्यूबा फर्कनु भएको थियो ।

"हो, मेरो बुबा कंगोबाट गोप्य रूपले क्यूबा फर्कनु भएको थियो । ल्याटिन अमेरिकामा क्रान्तिको तयारी गर्ने उद्देश्यले उहाँ क्यूबा फर्कनु भएको थियो । तर त्यसबेला सि.आई.ए. र अरू गुप्तचर एजेन्सीहरूले उहाँका प्रत्येक पाइलामाथि आँखा लगाइरहेकाले उहाँले क्यूबाको यात्रालाई अत्यन्त गोप्य राख्नु भएको थियो ।"

## अन्तिम भेटको क्षण.....

क्यूबाको गोप्य यात्राकै क्रममा अलैदा र उनको परिवारले चेसंग अन्तिम भेट गरेको थियो । त्यसबेला अलैदाको उमेर पाँच वर्ष पनि भएको थिएन, तापनि आफ्नो बुबासंगको त्यो अन्तिम भेटको क्षण अलैदाको स्मृतिमा अहिले पनि ताजै छ । आफ्नो स्मृतिमा अंकित सच्चा क्रान्तिकारी नायक चे ग्वेभारासंगको अन्तिम भेटको मार्मिक स्मृतिका बारेमा उनी भन्छिन्- "मैले अन्तिम पटक जब उहाँलाई देखेकी थिएँ, त्यो क्षण मलाई राम्ररी याद छ । त्यसबेला म साँढे चार वर्षकी मात्र थिएँ । मेरो बुबाले आफ्ना हिल्डितासहित पाँच जना छोरा-छोरीहरू

*◉ मेरो बुबा महान नेता हुनुहुन्थ्यो । उहाँ साह्रै नै फूर्तिलो व्यक्ति हुनुहुन्थ्यो । उहाँ मानव क्रान्तिको सुन्दर कालमा बाँच्नु भयो । र, नयाँ समाजका नयाँ मानिसको निर्माणसम्बन्धी उहाँका विचार पनि निकै क्रान्तिकारी खालका थिए ।*

*◉ जब उहाँ क्यूबाली क्रान्तिमा प्रवेश गर्नुभयो, तब उहाँ प्रतिबद्ध मार्क्सवादी भइसक्नु भएको थियो । उहाँको Das Kapital किताबमा ठाउँठाउँमा चिनो लगाइएको र नोटहरू लेखिएको थियो, विशेषतः समाजवादसम्बन्धी विचारहरूमा । उहाँ क्यूबा जस्तो राष्ट्रमा समाजवाद कसरी लागू गर्न सकिन्छ भन्ने कुरामा निकै चिन्तन-मनन गर्नु हुन्थ्यो । क्यूबा पहिले अमेरिकामाथि निर्भर मूलतः कृषिमा आधारित अर्थतन्त्र भएको गरीब देश थियो, यस्तो देशमा औद्योगीकरण गर्ने, उच्चस्तरका शैक्षिक र स्वास्थ्यसम्बन्धी सुविधा दिएर मजबूत खालको श्रमिक वर्ग निर्माण गर्ने भन्ने सवालमा उहाँले विशेष सरोकार राख्नुभयो । अहिले आएर स्वास्थ्य र शिक्षासम्बन्धी क्यूबाको रेकर्ड अन्य राष्ट्रहरूका लागि डाहको विषय भएको छ ।*

*चेको सबैभन्दा महान सपना भनेकै त्यस्तो नयाँ मानवको सिर्जना गर्नु हो, जो भौतिक सुख-सुविधा प्राप्त गर्ने प्रेरणाले होइन, सामाजिक दायित्व पूरा गर्ने प्रेरणाले काम गर्न समर्थ हुन्छ, जो अरू मानिसहरूलाई बुझ्ने र सहयोग गर्न समर्थ हुन्छ ।*

*चेको यो सपना क्यूबामा धेरै हदसम्म सफलीभूत हुँदैछ । हाम्रो सबैभन्दा ठूलो र महत्वपूर्ण सफलता भनेको हाम्रो मातृभूमिको स्वतन्त्रताको रक्षा गर्न सक्नु हो । मातृभूमिलाई माया गर्नुको अर्थ केवल माटोलाई माया गर्नु मात्र होइन, हामीलाई, हाम्रो मातृभूमिलाई दमन गर्नेहरूप्रति घृणा गर्न सक्नु पनि हो । हामीलाई यो शिक्षा होसे मार्तीले १०० वर्षभन्दा अगावै दिनुभएको थियो । हुन त हामीमाथि अमेरिकाले लगाउँदै आएको नाकाबन्दीले धेरै नै समस्या खडा गरिदिएको छ, तर यसबाट उनीहरूले थाहा पाउनेछन्- क्यूबाली जनता अजेय छन्, तिनीहरूलाई पराजित गर्न सकिँदैन । क्रान्तिअगाडि क्यूबाली जनतालाई उनीहरूले एक पटक थिचेका थिए, मिचेका थिए, तर क्रान्तिपछि हामीले स्वतन्त्रता र मुक्ति पाएका छौं । यी सबै चेका सपनाहरू हुन् ।*

*स्वप्नदर्शी चेका सपनाहरू अहिलेको विश्वका लागि पनि त्यत्तिकै प्रासंगिक छन् । चे अहिले अत्यन्त महत्वपूर्ण उदाहरणीय व्यक्ति बन्नु भएको छ, किनकि चेले देखाउनु भएको छः मानिसहरू मानव-मानवबीच प्रेम गर्न सक्षम छन्, ऐक्यबद्ध हुन समर्थ छन्, बलिदान र आत्मबलिदानको भावना मरेको छैन, आफ्नो जन्मसिद्ध अधिकारहरू प्राप्त गर्न र त्यसको रक्षा गर्नका लागि जनतामा संघर्ष गर्न क्षमता छ, र जनता आत्मसम्मानसहित बाँच्न र बाँच्न दिन समर्थ छन् ।*

*यिनै कुराहरू चेले हाम्रो लागि छाडेर जानु भएको थियो । यी कुराहरू हामी बाँचिरहेको वर्तमान स्थितिका लागि अति धेरै महत्वपूर्ण साबित भइरहेका छन् । साम्राज्यवाद झन् झनै निर्दयी र निर्मम हुँदै आइरहेको यसबेला चेले छाडेर जानुभएका यी शिक्षाहरू निकै प्रेरणादायी भएका छन् । त्यसैले, चेका विचारहरू*

**समाजवादभन्दा राम्रो अरु कुनै सामाजिक व्यवस्था नै छैन**

*अहिलेको संसारका लागि पनि निकै सान्दर्भिक छन् ।*

*◉ समाजवाद नै संसारको भविष्य हो । निश्चित रूपमा केही ठाउँमा समाजवादमाथि धक्का लागेको छ, तर संसारमा योभन्दा राम्रो अरू कुनै सामाजिक व्यवस्था छैन । समाजवाद स्थापनाको लडाई अत्यन्त कठिन छ, फेरि पनि यो लडाईलाई जारी राख्नु पर्दछ । पूँजीवादी समाजले मानिसहरूलाई आत्म केन्द्रित बनाउँछ, मानिसहरूलाई स्वार्थी बनाउँछ र एक व्यक्तिबाट अर्को व्यक्तिलाई अलग्याउँछ । त्यसैले समाजलाई अग्रगतिको बाटोमा लानका लागि साम्यवाद जरूरी छ । समाजवादको उद्देश्य सामाजिक हितहरूको रक्षा गर्नु हो ।*

*चेले त्यस्ता नयाँ मानिसहरू निर्माण गर्ने सपना देख्नु भएको थियो, जसले केवल आफ्नो लागि मात्र होइन, बरू सिंगो समाजको लागि सोच्दछ र लड्छ । चेको यो सपना आज पनि प्रासंगिक छ ।*

*हाम्रो बुबा- चेले समाजवादको पतन भएको देख्नु भएको थिएन, तर उहाँले मार्क्सवादी विज्ञान अध्ययन गर्नु भएको थियो । मार्क्सवादीहरू तत्कालीन परिस्थितिको अध्ययन-विश्लेषण गर्दै अग्रगतिको बाटोमा समाजलाई अगाडि बढाउन क्रियाशील हुन्छन् । यसरी नै, यस्तै खालका काम र संघर्षहरूबाटै हामीलाई अन्तिम विजय प्राप्त हुनेछ ।*

*क्रान्ति 'आयात' गरिने वस्तु होइन । चेले यस्तो प्रयास गर्नु भएको पनि थिएन । क्रान्ति कुनै पनि देशको परिस्थितिमाथि निर्भर गर्दछ । क्रान्ति बाहिरबाट थोपरिने कुरा होइन । चेले पनि ल्याटिन अमेरिकी देशहरूमा क्रान्ति गर्ने सपना देख्नुभएको थियो । यो सपना पूरा गर्न उहाँले क्यूबामा अन्तर्राष्ट्रियतावादी दल खडा गर्नु भएको थियो । उहाँले छापामार युद्धको नेतृत्व गर्नुभयो । त्यस छापामार दस्तामा बोलिभिया-पेरू-अर्जेन्टिनाका कमरेडहरूको सहभागिता थियो । ब्राजिलसित पनि त्यसको राम्रो सम्बन्ध थियो । क्रान्तिको आयातमाथि चे विश्वास गर्नु हुन्नथ्यो ।*

*◉ मेरो बुबाको, त्यस्तै फिडेल क्यास्त्रोको पनि के सपना थियो भने- अमेरिकाको आर्थिक र वैचारिक असरका विरूद्ध लड्नका लागि ल्याटिन अमेरिकी जनता महादेशभरि एक हुनुपर्दछ । ◉*

र पत्नीलाई भेट्ने चाहना व्यक्त गर्नु भएअनुसार गोप्य रूपमा भेटघाटको व्यवस्था मिलाइएको थियो । मेरी आमाले त्यसको लागि डिनरको आयोजना गरेर त्यसमा मेरो बुबा र हामी सबै बच्चाबच्चीहरू भेट्ने-खाने-कुराकानी गर्ने व्यवस्था मिलाउनुभयो । तर मेरी आमाले त्यस डिनरमा मेरो बुबा पनि आउनु हुन्छ भन्ने कुरा गोप्य राख्नु भएको थियो, ताकि मेरो बुबासंग भेट भएको कुरा हामीलें स्कूलमा आफ्ना साथीहरूलाई नभनौं ।

त्यस्तो गोप्य ढंगले मिलाइएको भेटघाटमा मेरो बुबा-चेले आफ्नो हुलिया पूरै बदल्नु भएको थियो, चिन्न नै गाह्रो हुने गरी । उहाँ डिनरमा आउनु हुँदा आमाले उहाँलाई मेरो बुबाको रूपमा होइन, बुबाको साथी, स्पेनबासी 'रामोन' को रूपमा हामीलाई परिचित गराउनु भयो । मेरो बुबा 'रामोन' का रूपमा फौजी पोशाकमा हुनुहुन्थ्यो । उहाँ निकै अग्लो र निकै तगडा हुनुहुन्थ्यो ।

त्यसबेला मेरो सानो भाइ अर्नेष्टो मेरी आमाको काखमा थियो र, त्यो अग्लो तगडा मान्छे रामोन अलिकति झुक्नुभयो र उहाँले अत्यन्त नै नरम ढंगले मेरो भाइको टाउको स्पर्श गर्नुभयो । मलाई सबै कुरा राम्ररी याद छ । त्यति विशाल मान्छे, कति नरम हृदय !

तर, खाना खाइरहँदा अचानक म कुर्सीबाट लडें र टाउकोमा नराम्ररी ठोक्कियो । म लड्नासाथ रामोनले तुरून्तै च्याप्प समात्नुभयो र प्रेमपूर्वक कोमल ढंगले अँगालो मार्नुभयो । त्यस बेलासम्म 'रामोन' मेरो बुबा नै हुनुहुन्छ भन्ने कुरा मलाई थाहा भइसकेको थियो । तापनि, सत्य कुरो थाहा हुँदा हुँदै पनि, मैले रामोन मेरो बुबा होइन भन्ने कुरा बताएँ । तर कस्तो विडम्बना, मेरो बुबा र हामी कसैलाई पनि थाहा थिएन- त्यो नै हाम्रो अन्तिम भेट हो र हामी अन्तिम पटक जिउँदै भेटिरहेका छौं भन्ने कुरा !"

## चेको हत्यापछि...

आफ्नो परिवारसंग अन्तिम पटक भेटेर चे ल्याटिन अमेरिकामा क्रान्ति गर्न बोलिभियाको जंगल पस्नुभयो । र, अमेरिकी जासूसहरू र बोलिभियाली सैनिकहरूले उहाँलाई ९ अक्टोबर, १९६७ मा निर्ममतापूर्वक मारे । चेको हत्या हुँदा अलैदाको उमेर सात वर्ष पनि पुगेको थिएन ।

आफ्नो बुबाको हत्या भएको दुःख र पीडा झेल्दै अलैदाले आफ्नो बुबाजस्तै क्रान्तिकारी बन्ने सपनासहित स्कूलको शिक्षा प्राप्त गर्न थालिन् । उनको विद्यार्थी जीवनमा उनी प्रतिभाशाली विद्यार्थीका रूपमा परिचित थिइन् । पढाइमा मात्र होइन, स्कूलका अन्य अतिरिक्त गतिविधिहरूमा र समाजमा पनि उनी अगाडि थिइन् । अरूहरूलाई जस्तै, अलैदा र उनको परिवारको भरण-पोषण र शिक्षाको सम्पूर्ण व्यवस्था क्यूबाली सरकारले गरिरहेको थियो ।

स्कूलको शिक्षा राम्ररी पूरा गरेपछि अलैदाले डाक्टरीको पढाइ शुरू गरिन् । उनको डाक्टरीको अध्ययन गर्ने निर्णयलाई उनको बुबा स्वयं पनि डाक्टर भएको तथ्यले त प्रभाव पारेको थिएन ? भन्ने प्रश्नको जवाफमा डा. चे ग्वेभाराकी डाक्टर छोरी अलैदा हाँस्दै भन्छिन्- "हुन सक्छ, ममाथि डाक्टर पिताको प्रभाव परेको हुनसक्छ ! तर उहाँको साँच्चिकै प्रभाव परेको भए म एकजना लडाकू क्रान्तिकारी हुनुपर्थ्यो !"

उनी पेशेवर क्रान्तिकारी त होइनन्, तर उनको सम्पूर्ण काम-कारवाही, जीवन-संस्कृति र लक्ष्य क्रान्तिकारी देखिन्छ । उनी आफ्नो बुबाले जस्तै बन्दूक लिएर ल्याटिन अमेरिका र अफ्रिकाका जंगलहरूमा क्रान्तिमा होम्मिएकी त छैनन्, तर क्रान्तिकारी डाक्टरको भूमिका निर्वाह गर्दै उनले अन्तर्राष्ट्रियतावादको झण्डा चाहिँ उचालिरहेकी छिन् ।

डाक्टरीको अध्ययनकै क्रममा आफ्नो अध्ययनको चौथो वर्षमा उनी साण्डिनिष्टा क्रान्ति भएको देश- निकारागुआमा अन्तर्राष्ट्रिय मिशनअन्तर्गत गएकी थिइन् । त्यहाँका साण्डिनिष्टा क्रान्तिकारीहरूलाई डाक्टरीको क्षेत्रबाट भरपूर सहयोग गर्दागर्दै उनले विश्वविद्यालयबाट डाक्टरीको अध्ययन पनि पूरा गरिन् । त्यसपछि अन्तर्राष्ट्रिय मिशनअन्तर्गत नै अफ्रिकी देश अंगोलामा क्रान्तिकारीहरूलाई सहयोग गर्न उनी पनि हिँडिन् । त्यहाँ दुई वर्षसम्म बालरोग विशेषज्ञको हैसियतले काम गरेर उनी क्यूबा फर्किन् ।

अहिले उनी क्यूबाको राजधानी- हवानास्थित राष्ट्रिय शिशु अस्पतालमा बाल रोग विशेषज्ञको हैसियतले काम गर्छिन् । त्यहाँ उनको विशेष क्षेत्र हो- बच्चाहरूलाई लाग्ने एलर्जी रोगहरूको अध्ययन । पेशागत रूपले उनी डाक्टर भए पनि आफ्नो बुबाले जस्तै क्रान्तिकारी काम गर्न उनी अलिकति पनि पछि परेकी छैनन् । उनी क्यूबाली कम्युनिष्ट पार्टीको सक्रिय सदस्य हुन् र, त्यसको नगर परिषद्‌की सदस्यका रूपमा क्रियाशील छिन् । उनकी दिदी हिल्डिता र बहिनी सेलिया र भाइहरू क्यामिलो र अर्नेष्टो आफ्ना बुबाको क्रान्तिकारी भावनाअनुरूप हुर्केका छन् । उनीहरू सबै क्यूबामै बसी क्यूबाली कम्युनिष्ट पार्टीका सदस्य भई क्यूबाली क्रान्तिलाई सुदृढ गर्ने काममा क्रियाशील छन् । उनकी आमा अलैदा मार्च पुरानो हवानामा अचेल चेसम्बन्धी अध्ययन-अनुसन्धान प्रतिष्ठान La casa del Che मा क्रियाशील छिन् ।

संसारका सबैभन्दा प्रख्यात र सबैभन्दा प्रेरणादायी क्रान्तिकारी-हरूमध्ये एक मानिने चे ग्वेभाराकी छोरी अलैदामा घमण्ड र अहंकार देखिन्न । क्यूबाली समाजवादअन्तर्गत उनी जसरी कुनै विशेष अधिकार, विशेष सुविधाबिना हुर्किन्- बढिन्, त्यसरी नै क्यूबाली क्रान्तिप्रति समर्पित क्यूबाली नागरिक झैं उनी साधारण र सरल जीवनयापन गरिरहेकी छिन् ।



आफ्ना पत्नी र छोराछोरीहरूका साथ क. चे ग्वेभाराको १९६४ मा खिचिएको सबैभन्दा अन्तिम पारिवारिक फोटो ।
*(फोटोः I. Lavretsky को Ernesto Che Guevara किताबबाट)*

**अलैदा अचेल आफ्नी दुईटी छोरीहरुसंगै बस्छिन् । उनको श्रीमान्‌संग पारपाचुके भइसकेको छ ।**

## पितातुल्य फिडेल क्यास्त्रोको छत्रछायाँमा

अलैदा अहिले ३७ वर्षकी भएकी छिन् । उनी ८ वर्षकी स्टीफेनिया र ७ वर्षकी सेलियाकी आमा पनि भइसकेकी छिन् । उनी अचेल आफ्नी दुईटी छोरीहरूसंगै बस्छिन् । उनको श्रीमान्‌संग पारपाचुके भइसकेको छ ।

अलैदा आफ्ना पितातुल्य क. फिडेल क्यास्त्रोको संरक्षणमा क्रियाशील छिन् । अलैदा पनि आफ्नो बुबाका सहयोद्धा तथा पितातुल्य नेता क. क्यास्त्रोलाई अत्यधिक माया गर्छिन् । क. क्यास्त्रो चेको परिवारलाई सहयोग गर्न हरदम तत्पर

# विश्व कम्युनिष्ट आन्दोलन

रहनु हुन्छ। अलैदा भन्छिन्- "जबसम्म फिडेल मेरो घरमा आउनु भएन, तबसम्म मेरो विवाह नै सम्पन्न भएन। जब मेरो पारपाचुके भइरहेको थियो, तब मलाई सान्त्वना दिनका लागि, मलाई भावनात्मक रूपले सहारा दिनका लागि फिडेल मसंगै बसिरहनु भएको थियो। मेरो लागि त उहाँ अति ज्यादा असल पिता जस्तै हुनुहुन्छ।"

## जब क्यास्त्रोको आँखाबाट आँसु झर्‍यो......

चेले बोलिभियाको जंगलमा शहादत प्राप्त गर्नु भएको तीस-तीस वर्षपछि उहाँको लाश फेला परेपछि अलैदाको हर्षको सीमा नै रहेन। जब बोलिभियाबाट चेको अस्थिपञ्जर अलैदाको परिवारलाई सुम्पियो, तब वर्षौंवर्ष अगाडिदेखिको अलैदा र क्यूबाबासीले देखिरहेको सपना पूरा भयो। आफूलाई आफ्नो बुबाको अस्थिपञ्जर सुम्पिँदाको क्षणको स्मरण गर्दै अलैदा आफ्नो अनुभूति पोख्छिन्- "त्यसबेला म दुईथरि भावनाहरूबीच गुज्रिरहेकी थिएँ। एउटा भावना शोकको थियो, किनकि, म मेरो बुबाको अस्थिपञ्जर आफ्नै आँखाले देखिरहेकी थिएँ। अर्को भावना सन्तोषको थियो, किनकि, क्यूबाली जनताले त्यो अस्थिपञ्जर प्राप्त गरे, जुन अस्थिपञ्जर पाउने सपना उनीहरूले वर्षौंवर्ष अगाडिदेखि देखिरहेका थिए।"

क. चेको अस्थिपञ्जरलाई आफूले क. क्यास्त्रोको हातमा बुझाउँदाखेरिको दृश्य स्मरण गर्दै अलैदा भन्छिन्- "आफ्ना सबैभन्दा प्रिय शहीद कमरेडको हत्याले क्यास्त्रोको मनमा पारेको गहिरो घाऊ अहिलेसम्म निको भएको रहेनछ। जब मैले चेको अवशेष उहाँलाई सुम्पें, तब फिडेल क्यास्त्रो अति धेरै भावुक हुनुभयो। आफ्ना साथीको मृत्यु भएको तीस वर्ष भइसक्दा पनि शहीद साथीको यादमा उहाँको आँखाबाट आँसु बर्बर्ती झर्‍यो। उहाँको स्मृतिपटलमा अहिले पनि चे जीवित हुनुहुँदोरहेछ।"



क. फिडेल क्यास्त्रोः चेको अस्थिपञ्जर हस्तान्तरण गरी लिएपछिको क्षणमा। अगाडि बाकसमा अस्थिपञ्जर राखिएको छ।

फोटोः *Frontline*

फिडेल क्यास्त्रो र चेको सम्बन्धबारे डा. अलैदाको मूल्यांकन अध्ययनयोग्य देखिन्छ। उहाँहरूको अन्तरसम्बन्धको मूल्यांकन गर्दै उनी भन्छिन्-

"फिडेल र चेबीच त्यस्ता धेरै कुराहरू छन्, जसले उहाँहरू दुवैलाई जोडिराखेका छन्- उहाँहरू दुवै त्यस्ता कम्युनिष्ट हुनुहुन्छ, जसले जनताका आवश्यकताहरूलाई सर्वोपरि राख्ने गर्नुहुन्छ। उहाँहरू दुवै सबैभन्दा अन्त्यतिर मात्रै आफ्नो बारेमा सोच्नु हुन्छ। फिडेल क्यास्त्रोको सबैभन्दा ठूलो सपना पनि ल्याटिन अमेरिकाको मुक्ति नै थियो। तर क्यूबाका जनतासमक्ष क्रान्ति गर्ने र त्यसको रक्षा गर्ने जुन बाचा उहाँले गर्नुभएको थियो, त्यो बचन पूरा गर्ने जिम्मेवारीले उहाँ बाँधिनु भयो, जुन बचन तोड्न पनि सकिँदैनथ्यो।

तर, चेले त्यो बचन तोड्न सक्नु हुन्थ्यो। अरू राष्ट्रहरूको मुक्तिका लागि लड्न उहाँ क्यूबा छाडेर जान पनि सक्नु हुन्थ्यो। उहाँलाई फिडेलको पूरा-पूरा समर्थन थियो, किनकि, चे उहाँकै सपना पूरा गर्न लागीपर्नु भएको थियो। मेरो मनमा उहाँहरू दुवैप्रति अति धेरै आदर र सम्मान छ।"

चे र क्यास्त्रोद्वारा शुरू गरिएको क्यूबाली क्रान्तिको संरक्षणमा दृढ रहेकी चेकी छोरी हिंसा र आतंकवादमा विश्वास गर्दिनन्। तर उनको अठोट छ- "आफ्नो देशमाथि आक्रमण गरियो भने हतियार उठाएर आफ्नो राष्ट्र र आफ्ना बच्चाहरूको रक्षा गर्न सक्छु। म जनतालाई मार्न सक्दिनँ, तर आक्रमणकारीहरूमाथि प्रत्याक्रमण गर्नका लागि म सक्षम छु। कसरी हतियार चलाउने भन्ने कुराबारे मलाई राम्रो ज्ञान छ। मेरो निशाना अचूक छ।"

◆ राजेन्द्र महर्जन

# चेकी छोरी भारत भ्रमणमा

*अक्टोबर ९ का दिन अमेरिका र बोलिभियाका सैनिकहरूद्वारा बोलिभियामा निर्ममतापूर्वक मारिनु भएका विश्व क्रान्तिका नायक- क. चे ग्वेभाराको हत्याको तीसौं वर्षगाँठको अवसरमा विश्वभर विभिन्न समारोहहरू भव्यतापूर्वक आयोजना गरिएका समाचारहरू धमाधम प्राप्त भइरहेका छन्।*

*भारतमा पनि क्यूबाप्रति ऐक्यबद्धता जनाउनका लागि बनाइएको राष्ट्रिय कमिटी National Committee for solidarity with Cuba को आयोजनामा दिल्ली, केरला, आन्ध्र प्रदेश र पश्चिम बंगालका विभिन्न शहरहरूमा भव्य समारोहहरू भएका छन्। भारतमा आयोजित विभिन्न समारोहहरूमा उक्त राष्ट्रिय कमिटीले क. चे ग्वेभाराको शहादतको तीसौं स्मृति दिवसमा सहभागी हुन आएकी, क. चेकी छोरी डा. अलैदा ग्वेभारालाई ठाउँ-ठाउँमा नागरिक अभिनन्दन गरेको छ। यसरी आफ्नो बुबा-चेको शहादतको तीसौं स्मृति दिवसहरूमा भाग लिनका लागि दुई हप्तासम्म भारत बसेकी डा. अलैदाले दिल्लीमा दुई दिन, केरलामा तीन दिन, आन्ध्र प्रदेशमा दुई दिन, पश्चिम बंगालमा ३ दिन बसी 'चे दिवस' मनाएकी छिन्।*

*कार्तिक ९ गते दिल्ली पुगेकी डा. अलैदालाई भोलिपल्ट साँझ नयाँ दिल्लीमा भएको विशाल जनसभामा पूर्व प्रधानमन्त्री वी.पी. सिंह, सी.पी.आई. (एम) का महासचिव हरकिशनसिंह सुरजित, पोलिटब्यूरो सदस्य सीताराम येचुरी, सी.पी.आई.का जलालुद्दीन अंसारी, आर.एस.पी.का के. मुखर्जी एवं कांग्रेस आई. का वी.वी. दत्ताले अभिनन्दन गर्दै सभालाई सम्बोधन गरेका थिए।*

*राष्ट्रिय ऐक्यबद्धता कमिटीका संयोजक तथा सी.पी.आई. (एम.) का सांसद एम. ए. बेवीले 'हरेक स्तरमा अन्यायका विरूद्ध लड्ने कार्यमा चेले खेल्नु भएको भूमिकालाई जनसमक्ष ल्याउनका लागि' ऐक्यबद्धता कमिटीले गरेका प्रयासहरू अगाडि सार्दै स्वागत भाषण गरेपछि भारतका पूर्व प्रधानमन्त्री वी.पी. सिंहले सम्बोधन गरेका थिए। उनले भनेका थिए- 'चे ग्वेभाराको जीवन एउटा गीत हो, जुन आगोको ज्वालाले लेखिएको थियो। र, यी आगोको ज्वालालाई तबसम्म निभाउन सकिने छैन, जबसम्म संसारमा शोषण हुन्छ र न्यायका लागि संघर्ष जारी रहन्छ।'*

*सी.पी.आई. (एम.) का महासचिव हरकिशन सिंह सुरजितले आफ्नो सम्बोधनमा भनेका थिए- 'चेले संसारभरिका शोषित-पीडित जनताका लागि के सन्देश छोडेर जानुभएको छ भने- शोषित जनता क्रान्तिकारी बन्नु पर्दछ र समाजमा रचनात्मक परिवर्तन ल्याउनु पर्दछ।'*

> 'अमेरिकाले सोचेको थियो- चेको हत्यापछि कुनै पनि मानिस समाजवादी बाटोमा अगाडि बढ्न डराउनेछन्, तर त्यस्तो भएन।'
>
> ज्योति बसु

*त्यस अभिनन्दन समारोहमा चे पुत्री डा. अलैदाले आफ्नो बाबुले आफूहरूलाई क्रान्तिकारी बन्नका लागि सन्देश छोडेर जानु भएको स्मरण गराएकी थिइन्। त्यस अवसरमा चेको जीवन र क्यूबाली क्रान्तिसंग सम्बन्धित 'चित्र प्रदर्शनी', जननाट्य मंचद्वारा 'हम यही रहेंगे' सडक नाटक, स्प्रिङ्गडेल्स र ब्लू बेल्स स्कूलका विद्यार्थीहरूद्वारा गीत एवं एड्वीन जी. विलियम्स स्कूलका विद्यार्थीहरूद्वारा नृत्य प्रस्तुत गरिएको थियो। त्यस्तै, भारतको प्रेस क्लबद्वारा आयोजित 'मीट दि प्रेस' कार्यक्रममा डा. अलैदाले सम्बोधन गरेकी थिइन्, जसको रिपोर्टिङ अधिकांश भारतीय अखबारहरूले गरेका थिए।*

*केरलामा आयोजित समारोहमा मुख्यमन्त्री इ. के. नायनारले 'चेको स्मरणले विश्व क्रान्तिको लागि लागीपर्ने अमिट भावना जागिरहने' विचार पोख्दै क्यूबाले जिउँदो चेभन्दा शहीद चे बलवान र प्रभावकारी हुनुहुन्छ भन्ने कुरा प्रमाणित गरिरहेको छ' भनी बोलेका थिए।*

*डा. अलैदाले केरलाका डाक्टरहरूको भेलामा मेडिकल व्यवसायले भोगिरहेका समस्याहरूमाथि छलफल गरेकी थिइन्।*

*कार्तिक १५ गते केरलाको त्रिसुरमा आयोजित जनसभालाई उनले संबोधन गरेकी थिइन्।*

*यसै गरी, आन्ध्र प्रदेशको दुई दिनको प्रवासको क्रममा हैदरावादमा पनि त्यहाँका वामपन्थीहरूले चे पुत्री डा. अलैदालाई नागरिक अभिनन्दन गरेर चेको शहादतको तीसौं स्मृति दिवस भव्यतापूवर्क मनाएका थिए।*

*हैदरावादबाट पश्चिम बंगाल गएकी डा. अलैदाको कलकत्तामा भव्य स्वागत गरिएको थियो। बाममोर्चा सरकारका मुख्यमन्त्री, मन्त्रीहरू, सी.पी.आई., सी.पी.आई. (एम.) का नेताहरूका साथै हजारौं जनताद्वारा उनलाई स्वागत गरिएको थियो। कार्तिक १९ गते प्रख्यात वामपन्थी फिल्म निर्देशक मृणाल सेनद्वारा निर्मित चे सम्बन्धी भिडियो फिल्मको विमोचन कार्यक्रममा उनी सहभागी भएकी थिइन्।*

*सोही दिन क्यूबा सोलिडेरिटी कमिटीको आयोजनामा रविन्द्र सदनको हलमा भएको जनसभालाई डा. अलैदा लगायत पश्चिम बंगालका मुख्यमन्त्री ज्योति बसु र विमान बसुले सम्बोधन गरेका थिए।*

*त्यस अवसरमा पं. बंगालका मुख्यमन्त्री तथा सी.पी.आई. (एम.) का एक शीर्षस्थ नेता ज्योति बसुले जनसभालाई सम्बोधन गर्दै भने- 'अमेरिका प्रजातन्त्रको कुरो गर्दछ, तर क्यूबामा स्थापित समाजवादी शासनलाई समेत सहन सक्दैन ऊ। अमेरिकाले चेलाई मार्‍यो। उसले सोचेको थियो- चेको हत्यापछि मानिसहरू डराउनेछन्, कुनै पनि मानिस समाजवादी बाटोमा अगाडि बढ्न डराउनेछन्, तर त्यस्तो भएन, अमेरिकी सोचाइ असफल भयो।'*

*कलकत्तामा वामपन्थी लेखक कलाकार एवं वामपन्थी विद्यार्थी र युवा संगठनहरू, विभिन्न ट्रेड यूनियन र किसान संगठन, महिला संगठनहरूले पनि डा. अलैदाको सम्मानमा विभिन्न समारोहहरू आयोजना गर्नुका साथै नागरिक अभिनन्दनहरू आयोजना गरी सम्मानित गरेका थिए।*

*◉ राजेन्द्र महर्जन*

# दलित जनसमाजको सम्मेलन हेरेपछि

◆ खगेन्द्र संग्रौला

अचेल नेपालमा गैर सरकारी संगठन नाम गरेका संगठनहरू बर्खामासका च्याउ झैं उम्रेका छन्। चल्तीको भाषामा यिनलाई विकासे पनि भनिन्छ। असक्त जनलाई सशक्त बनाउँछौं, निर्धा-निमुखालाई उठाउँछौं, विकास र सरसुविधा नपुगेका विकट पाखाभित्तामा विकास र सरसुविधा पुऱ्याउँछौं भनेर यी विकासेहरू रातदिन मन्त्र जपिरहन्छन्। यिनले बडाबडा खान्दानी होटलमा सेमिनार चलाउँछन्, तालिम चलाउँछन्। एकै जनाले दुई-तीन सयको खाजा खान्छन्। अशक्तलाई सशक्त पार्‍यौं, निर्धा-निमुखालाई उठायौं, विकास र




सरसुविधा नपुगेका विकट पखाभित्तामा विकास र सरसुविधा पुऱ्यायौं भन्ने बेहोरा ट्याक्क मिलाएर दाता नाउँ गरेका मालिकहरूलाई अंग्रेजीमा चिटिक्क परेका रिपोर्ट लेखेर बुझाउँछन्। दाता मालिकहरूबाट फेरि पैसाको थैलो थाप्छन्। अनि फेरि उही धन्दा शुरू गर्छन्। नेपालका विकट पाखाभित्तातिर यसो आँखा लाउँदा असक्त सशक्त भएको पनि देखिँदैन। निर्धा-निमुखाहरूलाई उठाएको पनि देखिँदैन। त्यतातिर विकास र सरसुविधा पुगेको पनि देखिँदैन। तर विकासे गैससको बुई चढेर विदेशी धनको खोलो भने नेपालतिर बगेकोबगेई छ। खानेहरूले मीठा मीठा कुरा गर्दै गरीब-दुःखीका नाउँ बेचेर विकासे रकम खा'का खाएई छन्।

यस्तै विकासे गैससहरूको हूलमा एउटा वर्णशंकर खालको विकासे संगठन छ। यसले आफ्नो नाउँ **आत्मनिर्भर विकास मञ्च** भन्ने राखेको छ। यस संगठनले पर्वत-बागलुङ जिल्लाका दलितहरू (कामी, दमाई, सार्की) का बस्तीमा काम गर्न थालेको पाँच-सात वर्ष भयो। काठमाडौंका खान्दानी होटलमा महँगा र मीठा खाजा र भान्सा खानपट्टि नलागी एक चित्तले गाउँतिरै लागेकोले होला, यस संगठनले दलितहरूमाझ केही न केही राम्रै काम गरेको छनक पाइन्छ। दलितहरूका जीवनको दुःखसुख हेर्न र गाउँका रीतिथिति बुझ्न एकाध पटक गाउँ घुम्न जाँदा मैले आफ्नै आँखाले यी कुरा देख्न पाएँ। गाउँमा घुमफिर गर्दा गाउँले दलितहरूसंग मेरो चिनापर्ची भयो, हिमचिम भयो। दलित बस्तीमा मेरा पनि साथी भए।

आत्मनिर्भर विकास मञ्चको सघाउ-पगाउ पाएर दलितहरूले गाउँ गाउँमा आफ्नै संगठन खडा गरेका छन्। तीमध्ये माउ संगठनको नाउँ **दलित जनसमाज** भन्ने राखिएको छ। गएको कार्तिक २१, २२ र २३ गते **दलित जनसमाजको** पहिलो राष्ट्रिय सम्मेलन भएको थियो। पोखराको बेगनास तालदेखि त्यस्तै तीन घण्टा पैदल हिँडेपछि हंसपुर भन्ने गाउँ आउँछ। हंसपुरवारि भित्तामा ठूलो जंगल छ। **आत्मनिर्भर विकास मञ्चले** आफ्नो संगठनलाई दिगो, दरिलो र साँच्चै आत्मनिर्भर बनाउने मनसुवाले जंगलको बीचको एउटा पाखो किनेको छ। त्यस पाखोलाई **आबिम भूमि** भन्ने चलन चलाएको छ। संगठनका धेरैजसो भेला, छलफल, तालिम कार्यक्रमहरू त्यसै पाखोमा हुने गर्छन्। यसपालीको राष्ट्रिय सम्मेलन पनि त्यहीं पाखामा भएको थियो।

दलित साथीहरूले मलाई पनि सम्झेर सम्मेलनको निम्ता पठाउनु भयो। आफ्ना दुःख-सुखका, ओराली-उकालीका, बिफलता-सफलताका, आकांक्षा-संघर्षका कथा-किस्सा सुन्न आइदिए हुन्थ्यो। आएको बेला त्याकत भए हामीलाई यसो दुई चार बात भनिदिए पनि हुन्थ्यो भनेर साथीहरूले सम्चार पठाउनु भयो। पहिले एक पटक गएको ठाउँ, मौका परेको बखतमा फेरि पनि जाउँ जाउँ लाग्यो। जाउँ र साथीभाइका बात सुनूँ। केही सिकूँ। गुदी कुरो फेला पर्‍यो भने सथीभाइलाई सघाउन यसो केही कुरा लेखूँ पनि। वनको बीचमा बसेर कोइलीका गीत-गान सुनूँ। रूखका हाँगाहाँगामा बाँदरले सैसला खेलेको हेरूँ। एकाबिहानै वन कुखुराका भाले बासेको पनि सुनिहालुँ। साँझपख झ्याउँकिरीको झ्याइँझ्याइँ पनि सुनिहालुँ। आकाश खुलेको याम परेछ भने मनसुलु हिमालको कञ्चन दृश्य पनि एक चरन हेरिहालुँ। अलिकति सत्सङ्ग, अलिकति ज्ञानगुनका कुरा, अलिकति दिल बहलाउ- आखिर संजोगले जुरेको मौका म किन चुकाऊँ?

**आत्मनिर्भर विकास मंचका** साथीसंगीको सानो समूहमा गाभिएर म काठमाडौंबाट आबिम भूमिको पाखातिर बाटो लागें। पाखामा पुग्दा त्यहाँ त रमिता देखें। सम्मेलनका सहभागी र पाहुनालाई सुताउन पाल टाँगिएका। सम्मेलन गर्ने थलो सम्याएर माथि बर्सादीको छानो हालिएको। रूखोसुखो भए पनि रासनपानीको पुग्दो बन्दोबस्त मिलाइएको। राम्रो छ, सब कुरा ठीकठाक छ। कार्तिक २१ गते बिहान ८ बजे भनेकै ट्याममा ट्याक्क सम्मेलन शुरू भयो। सम्मेलनको शुरूमै दलितहरूका हृदयका व्यथा र कथाका बात छर्लङ्ग हुने खालको गीत गाइयो। गीतले आबिम पाखोमाथिको आकाश घन्क्यो। गीतको लवज यस्तो थियो:



**रगत चल्छ, श्रम चल्छ, सीप चल्दछ**
**तर पनि किन हाम्रो पानी चल्दैन?**

यसअघि मैले नेपालका जनमुखी पार्टीका दुईवटा ठूला समेलनमा रमितेको नाताले भाग लिने मौका पाएको थिएँ। ती सम्मेलनमा सय, सवा सय मानिस भेला भएका थिए। तर त्यहाँ मैले अचम्मको कुरा देखेको थिएँ। सम्मेलनमा पार्टीका ठूला नेताले बडाबडा लिखत पढेर सुनाएका थिए। लिखतमा कडा कडा शब्द

दलित साथीहरूले मलाई पनि सम्झेर सम्मेलनको निम्ता पठाउनु भयो।

## उत्पीडित मंच



**सहभागीहरूले समुदायमा यसअघि गर्न खोजेका, गर्न सकेका र गर्न नसकेका कामबारे छलफल गरे । गर्न सकेका काम कसरी गर्न सकिए, गर्न नसकेका काम किन गर्न सकिएनन् भन्ने कुराका कारणहरूको खोजतलास गरे ।**

परेका थिए । दुई-तीन दिन चलेका ती सम्मेलनमा पूरै समय उपल्लो तहका त्यस्तै पाँच सातजना नेताले एकोहोरो बोलेको बोलेई गरे । बाँकी सहागीहरूले पक्क परेर नेताहरूले बोलेको, सवाल-जवाफ गरेको सुनिमात्र रहे । तिनले बोल्ने पालो पाउँदै पाएनन् । त्यस्ता सभा-सम्मेलनमा बोल्नलाई एक त बोल्ने विषय साझा हुनुपर्छ । अर्को कुरा, बोल्न खोज्नेहरूले बोल्नुपर्ने विषय ठम्याउन सक्नुपर्छ । अझ अर्को कुरा, धेरै मानिसका मुखेन्जी बोल्नलाई बोल्ने सीप विकास गरेको हुनुपर्छ । र, बोल्ने हिक्मत पनि चाहिन्छ । ती सम्मेलनका धेरैजसो सहभागीहरूमा नेताले छलफलमा अघि सारेका विषयको मनग्ये ज्ञान पनि थिएन । तिनमा बोल्ने सीपको विकास भएको पनि थिएन । त्यसकारण, तिनमा बोल्ने हिक्मत पनि थिएन । छलफलमा अघि सारिएका विषयलाई नेताले वास्तविक जीवनका सुखदुःख, ज्ञान-अनुभव, देखे-भोगेका व्यवहार र भए-गरेका उदाहरणसंग उस्तोविधि गाँसेका पनि थिएनन् । त्यसकारण, सम्मेलनका सहभागीहरूले हाम्रा नेता ठीकै कुरा गर्दै होलान् भनेर हाई काड्दै, बेला बेला झकाउँदै, तर्सिंदै कुरा सुनेको स्वाङ पारेका थिए । छलफलमा आफू मात्र एक्लै बोल्ने नेताहरूले लौ है सिद्धान्त, नीति र कार्यक्रम ठीकठाक भयो भनेपछि नेताको हाहामा लागेर सहभागीहरूले थप्पडी बजाएका थिए । भन्नलाई ती सम्मेलनलाई जनवादी सम्मेलन भनिएको थियो तर मलाई भने ती सम्मेलन जनवादी होइन, नेतावादी सम्मेलन जस्ता लागेका थिए । त्यहाँ बोल्ने हक जति एकलौटी नेताका भागमा परेको थियो । कार्यकर्ताहरूका मुखमा चाहिं भोटे ताल्चा ठोकिएका पो हुन् कि जस्तो लागेको थियो ।

दलित जनसमाजको सम्मेलनमा मैले अलि बेग्लै दृश्य, शैली र व्यवहार देख्न पाएँ । त्यहाँ बोल्ने हक जति एकलौटी भएको ठालु नेता थिएन । त्यहाँ मुखमा भोटे ताल्चा ठोकिएका सहभागी पनि थिएनन् । त्यहाँ ज्ञान र अनुभव अलि बढी भएका पाका अगुवाहरूले विषयको उठान गरे । अनि समूह-समूहमा बाँडिएर उठान गरिएका विषयमा सहभागीहरूले पालैपालो आफ्ना विचार पोख्दै मिहिन पाराले छलफल गरे । त्यहाँ कुरो चित्त बुझे सहमति जनाउने, चित्त नबुझे असहमति जनाउने संस्कृति देख्न पाइयो । छलफल गर्दा तैंले जित्ने कि मैले जित्ने भन्ने सेखासेख नगरी तथ्य केलाएर सत्य ठम्याउन खोज्ने संस्कृति पनि त्यहाँ देख्न पाइयो । त्यहाँ बोल्न पाउने र नपाउनेको भेद थिएन । त्यहाँ एकोहोरो भाषण छाँट्ने र एकोहोरो थप्पडी बजाउने काइदा थिएन । त्यहाँ एक दुई जनाले दिनभरि प्यार्प्यार् बोलिरहने र बाँकी जनहरू उँग्ने, झकाउने र तर्सिने वातावरण पनि थिएन । छलफल गर्ने काइदा देख्दा सभा-सम्मेलनमा सक्कली जनवादको शैली त दलित जनसमाजले पो शुरू गरेको हो कि भन्ने मलाई लाग्यो ।

सम्मेलनमा के के विषयमा छलफल भए त ? त्यहाँ दलित जनसमुदायको जीवनका थुप्रै विषयमा छलफल भए । सहभागीहरूले समुदायमा यसअघि गर्न खोजेका, गर्न सकेका र गर्न नसकेका कामबारे छलफल गरे । गर्न सकेका काम कसरी गर्न सकिए, गर्न नसकेका काम किन गर्न सकिएनन् भन्ने कुराका कारणहरूको खोजतलास गरे । र, छलफलको निचोड के निकाले भने- जुन काममा चाहिंदो जुक्तिबुद्धि, सीप र जन जुटाउन सकियो, ती काम फत्ते भए । जुन काममा चाहिंदो जुक्तिबुद्धि, सीप र जन जुटाउन सकिएन, ती काम बिफल भए ।

दलितहरूले यसअघि आफ्नो जीवनमा हेरफेर र सुधार ल्याउने निकै काम गरिसकेका रहेछन् । अघिअघि समुदायमा सिनो खाने चलन रहेछ । यो आफूले आफैंलाई हियाउने खालको सारै नराम्रो चलन हो भन्ने कुरा बुझेर, गाउँघरमा ठूलो अभियान चलाएर यस चलनलाई सनक्कै हटाएछन् । अघिअघि बाहुन-बराजुकहाँ बिहानभरि काम गरेर जुठ्यानको एक मुठो फोहोर सागसब्जी मागी खाने चलन रहेछ । अर्काका कमारा-कमारी जस्ता भएर फोहोर मागी खानुभन्दा आफ्नै पौरखको कमाई खाएर शिर ठाडो पार्नु जाती हो भन्ने कुराको तिनलाई चेत भएछ । अचेलबली तिनले आफ्नै फोक्टा बारीमा सागसब्जी उब्जाउन थालेका रहेछन् । अघिअघि दलितहरूमाझ 'पढीलेखी कौन काम, हलो जोती खायो माम' भन्ने विश्वासले घर गरेको रहेछ । लेखापढीको महिमा बुझ्न थालेपछि उनीहरूले **आत्मनिर्भर विकास मंच**को मद्दतबाट प्रौढ कक्षा, बाल कक्षा खोली लेखपढ सिक्न थालेका रहेछन् । हुल बाँधेर जिल्ला सदरमुकाममा गई लडेर कतिपय गाउँठाउँमा इस्कूल ल्याउने कोशिस पनि गरेछन् ।

इस्कूलमा दलितका छोराछोरीलाई हेलाँहोचो, छोइछिटो गर्ने पक्षपाती र अपराधी चलन मास्न आवाज पनि उठाएछन् । अघिअघि वनमाथि हुनेखाने, टाठाबाठा, बाहुन-बराजुहरूको एकलौटी हकडक चलेको रहेछ । दलितहरूले घाँस-दाउराको लागि तिनै ठालुहरूका पाउमा लत्रिनु पर्दोरहेछ । पछि साझा वन हाम्रो पनि हो, यसमाथि हाम्रो पनि अधिकार छ भनेर एकताको एकमुष्ट आवाज उठाउँदै वन समितिसम्म आफ्नो पहुँच पुर्‍याएछन् । अघि अघि उँचा जातका भनाउँदा विष्ट-बराजुहरूले दलितहरूलाई मन्दिरमा पाइला टेक्न दिंदा रहेनछन् । मन्दिरमा तिम्रो हक लाग्छ भने हाम्रो हक किन नलाग्ने भनेर दलितहरूले संघर्ष उठाएछन् । र, कतिपय ठाउँमा त सानातिना जीतबाजी पनि हात पारेछन् । अघिअघि चिया पसलमा चिया खाँदा पैसा अरूले सरह तिर्नुपर्ने र त्यसमाथि गिलास पनि पखाल्नु पर्ने कुचलन रहेछ । यो कुचलनको विरोधमा दलित युवाहरूले संघर्ष छेडेछन् । यस संघर्षमा जीतबाजी हात लागिनसकेको भए पनि फराकिलो एकता गरेर दरो संघर्ष उठाए जितिन्छ-

**अघिअघि समुदायमा सिनो खाने चलन रहेछ । यो आफूले आफैंलाई हियाउने खालको सारै नराम्रो चलन हो भन्ने कुरा बुझेर उनीहरूले यस चलनलाई सनक्कै हटाएछन् ।**



# उत्पीडित मंच

जितिन्छ भन्ने हिक्मत बढेको रहेछ। अघिअघि सानोदेखि ठूलो समस्या आइपर्दा हुनेखानेहरूकहाँ दाँत ङिच्याउँदै रिन काढ्न जाने चलन रहेछ। रिनको ब्याज, ब्याजको पनि ब्याज र त्यो ब्याजको पनि ब्याज बोकाएर जालीफटाहाहरूले तिनको भएभर्को जेथो लुट्ने गरेका रहेछन्। यस्तो लुटबाट जोगिन दलितहरूले आफ्ना समुदायभित्र सानातिना साझा कोष खडा गरेछन्। सारोगारो पर्दा सानातिना गर्जा टार्न कोषबाट सरसापटी लिने चलन चलाएका रहेछन्। अघिअघि दलित समाजमा जाँडरक्सी खाने चलनको उपधो रहेछ। एकातिर जाँड-रक्सीले अन्न नाश गर्थ्यो, रिनमाथि रिन बढाउँथ्यो। अर्कातिर, पुरूष लाठेहरूले जाँड-रक्सीले मातेर महिला र बालबालिकाको हुर्मत लिने गर्थे। अचेल जाँड-रक्सी पार्ने र खाने चलन पनि निकै नै घटेर गएको रहेछ। बोक्सी, वायु, धामी-झाँक्री, भाकल आदि आदि जस्ता अन्धविश्वासी कुराहरू पनि विस्तार-विस्तारै कम हुदै गएका रहेछन्। अघिअघि हुनेखानेहरूको हलो जोत्ने दलितहरूले मुजुरीका नाउमा लिप्कोपित्को मात्र पाउने थिति रहेछ। काम र जुगजमानाअनुसारको ज्याला-मुजुरीको थिति बसाउन दलित हलीहरूले घनघोर संघर्ष उठाएछन्। हलो जोत्ने काममा हरिताल लाएछन्। अहिले ज्याला-मुजुरीको दररेट र नियम पनि तैबिसेक राम्रो भएको रहेछ। त्यति मात्र होइन, सरकारले माथिबाट जिल्लामा पठाएका रैंकमहरू र सेवा-सुविधामा आफ्नो समुदायले पनि भाग पाउनै पर्छ भनेर तिनले सदरमुकाममा गई अड्डा घेरेछन् र धर्ना कसेछन्। त्यसो गर्दा केही न केही लित्कोपित्को हात पार्न सफल पनि भएछन्।

यहाँ माथि बताइएका सुधार र हेरफेरका कुरा भगवानका कृपाले भएका होइनन्। सरकारका कृपाले भएका पनि होइनन्। राजनैतिक पार्टीहरूको मद्दतबाट भएका पनि होइनन्। आत्मनिर्भर विकास मञ्च गाउँमा आएपछि त्यसैको सरसघाउ, जुक्तिबुद्धि र रायसल्लाहमा आफ्नो सरसघाउ, जुक्तिबुद्धि र रायसल्लाह मिसाएर ब्यूँझदै, उठ्दै, मतो मिलाउँदै, संघर्ष गर्दै जाँदा यी कुराहरू सम्भव भएका हुन्। यी कुराहरू एक्लाएक्लै, बेग्लाबेग्लै पाइला चालेर भएका पनि होइनन्। बाल संगठन, महिला संगठन, पुरूष संगठन र सांस्कृतिक संगठनहरूको निर्माण गरेर मनमा मन, कदममा कदम मिलाएर अघि बढ्ने कोशिस गर्दा मात्र यी सबै कुरा भएका हुन्। दलितहरूमाझका जातीय भेदभाव र हेलाँहोचोका पर्खाल भत्काउँदै, एकताको माला गाँस्दै हातमा हात, काँधमा काँध मिलाएर अघि बढ्ने कोशिस गर्दा मात्र यी सारा कुरा भएका हुन्।



यी सारा काम-कुरालाई दलितहरू मान्छे बन्ने कोशिस भनेर भन्ने गर्छन्। मुक्तितिरको यात्रा भनेर पनि भन्दछन्। हामी जुटे जित्छौं, हामी फुटे मासिन्छौं भनेर एकताको महत्त्वका कुरा खूबै गरेको सुन्न पाइयो। दलित सम्मेलनमा एकाध चर्काचर्का कुरा पनि उठे। यो सारा हेलाँहोचो, थिचोमिचो, अन्याय-अत्याचार गरेको बाहुनहरूले हो, त्यसकारण सिंगै बाहुन खलककै विरोधमा संघर्ष उठाउनु पर्छ भनेजस्ता कुरा पनि सुनिए। यस्ता कुरामा कताकता जातीवादको, साम्प्रदायिकताको गन्ध आएको छनक पाइयो। तर सबै दलितहरू यसो भन्दैनन्। पाका र अगुवा दलितहरू दलितजनको मुक्ति दलितहरूको एकसरो बुद्धि र बलबाट मात्र संभव हुँदैन। दलित र सबै जातजाति र जनजातिका हेलाँहोचो, थिचोमिचो र चुसाइमा परेका जति जनहरूको एकदम फराकिलो एकता नभई यो काम फत्ते हुँदैन भन्ने विचार पनि सुन्न पाइयो। तर अलि काँचो-कलिलो बुद्धि भएका कतिपय ठिटाहरूका मुखबाट चाहिँ कतिपय चर्का र एकलकाँटे खालका जोश र आक्रोशका हुँकार पनि सुनिए। यस्ता हुँकारले दलित समुदायलाई कुबाटोतिर पो लैजाला कि भन्ने चिन्ता गर्नु र बेलैमा बाटो सोझ्याउनु बुद्धिमानी होला जस्तो लाग्छ।

नेपालको निर्वाचन आयोगमा सत्तरी-पचहत्तरवटा पार्टी दर्ता भएका छन्। आयोगमा दर्ता नभएका पार्टी पनि सात-दशवटा होलान्। आफूलाई 'म जनवादी हुँ' भन्ने पार्टी पनि एक दर्जनभन्दा बढी नै होलान्। तर दलितहरूको सम्मेलनमा एउटा अनौठो कुरा सुनियो। त्यहाँ सबैले एक मुखले के भने भने, दलितहरूको पीरमर्का बुझिदिने र तिनलाई मान्छे बन्न सघाउने पार्टी नेपालमा एउटा पनि छैन। जनवादी हौं भन्ने पार्टी पनि मुखले ठिक्क पार्छन् तर छोइछिटो र हेलाँहोचोको चलन हटाउने कुरा उठ्नासाथ बाहुनकै रूपमा प्रकट भइहाल्छन्। यिनीहरू दुईजिब्रे छन्। आफ्नो स्वार्थ पट्याउने बेलामा "हामी दलितका साथी हौं" भन्छन्। तर व्यवहारमा चाहिँ दलितको शिर उठ्यो भने आफ्नो शिर ढल्ला भनेझैं गर्छन्। जम्मै पार्टीले हामीलाई धोखा दिए। अब हामीले कुनै पार्टीको झोला नबोक्ने। सके आफ्नै समुदायको झोला बोक्ने, नसके बोक्दै नबोक्ने भन्ने दलितहरूको दरो मनसुवा छ। यस्तो मनसुवा बमोजिम तिनले कतिपय ठाउँमा चुनाउमा वडामा आफ्नै उम्मेदवार उठाएर जिताई छाडेका पनि रहेछन्। तर दलितहरूले संगठित भएर शिर उठाउन लाग्दा ठूला बडा पार्टीका नाइकेहरू डर र डाहले छट्पटाउन थालेका रहेछन्। तिनले सके दलित जनसमाजलाई घेरा हालेर आफ्नै पार्टीको झण्डामुनि ल्याउने, नसके दलितहरूको एकतालाई नै ध्वस्त पारिदिने दाउ पनि रच्ने गरेका रहेछन्। आफ्नो पार्टी दलित र गरीब जनताको साथी र सहयोगी हो भन्ठान्ने पार्टीका नेताहरूले दलितहरूको सम्मेलनमा हाजिर भएर तिनका दुःखेसा र गुनासा सुन्न पाएका भए कति राम्रो हुन्थ्यो होला! ❑

**आफूलाई 'म जनवादी हुँ' भन्ने पार्टी पनि एक दर्जनभन्दा बढी नै होलान्। तर त्यहाँ सबैले एक मुखले के भने भने, दलितहरूको पीरमर्का बुझिदिने र तिनलाई मान्छे बन्न सघाउने पार्टी नेपालमा एउटा पनि छैन।**


मूल्यांकन मासिकको सहकर्मी

**युवा**



◆ के तपाईंले पढ्ने गर्नुभएको छ ?

❑ के तपाईंले आफ्ना छोराछोरीहरू, भाइबहिनीहरूको निम्ति किनेर घर लगिदिने गर्नु भएको छ ?

*युवा पुस्ताको निम्ति स्वस्थ र सार्थक पाठ्य सामग्री*

हाम्रा हरेक अंक तपाईं निम्न सामग्रीहरुले भरपूर पाउनु हुनेछ !

- विज्ञान/प्रविधिका आश्चर्यजनक आविष्कारहरु
- प्रकृतिका अनेकौं रहस्यहरुको रहस्योद्घाटन
- नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानबर्द्धक जानकारीहरु
- संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरु
- आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरु
- वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरु
- इतिहासका रोचक र प्रेरक प्रसंगहरु
- खेलकूद, फिल्म, रंगमञ्चका ताजा गतिविधिहरु र तिनीहरुको ज्ञानबर्द्धक समीक्षा
- सामान्य ज्ञानहरु
- विभिन्न विषयमा पाठकहरुको सक्रिय सहभागितामूलक सामग्रीहरु
- मुक्तक, कविता र कथाहरु आदि ।

**हरेक अंक विशेष अंक !**



स्वयंसेवकहरुले बाँडेको खाना प्राप्त गर्न घरबारविहीन अमेरिकीहरुको लाइन

फोटो साभार: टाइम

# कस्तो छ अमेरिकामा श्रमिक र गरीब वर्गको जीवन ?

◆ सारा फ्लाउण्डर्स

*संयोजकः इण्टरनेशनल एक्शन सेण्टर, अमेरिका*

**कलकत्तामा मूल्यांकनले गरेको कुराकानीको टेप उतारका आधार तयार गरिएको ताजा सामग्री**

अमेरिकामा श्रमिक र गरीब वर्गको जीवन पहिलेभन्दा झन् ज्यादा खराब हुँदै जाँदैछ । अमेरिकामा जनसंख्याको लगभग २० प्रतिशत मानिसहरू गरीब छन् । ती गरीबहरूको जिन्दगी अरू ज्यादा कष्टकर र अभावग्रस्त हुँदैछ । किनकि, सरकारले पहिले खाद्यान्नमा दिई आएको, आवासमा दिई आएको, स्वास्थ्यसेवामा दिई आएको, बालकहरूको निम्ति भनेर दिई आएको अनुदान या त घटाइँदैछ, या बन्द गरिँदैछ । अब ती मान्छेहरूले पनि काम गर्न बाध्य हुनु परेको छ, जो पहिले राज्यबाट कल्याणकारी अनुदान पाउँथे । तर उनीहरूले रोजगारी पाउन सकिरहेका छैनन् । यसले उनीहरूको जिन्दगी विकराल बनाएको छ ।

२० प्रतिशतभन्दा पनि ज्यादा मान्छेहरूको निम्ति अमेरिकामा स्वास्थ्य सेवा प्राप्य छैन । यो निकै गंभीर समस्या भइरहेछ । कम्तीमा पनि २० लाख मानिसहरू घरविहीन छन् । उनीहरू आफ्नो जीवन सडकमा, रेल्वे प्लेटफर्ममा, गल्लीमा सुतेर गुजार्छन् ।

अमेरिकामा अहिले श्रमिकहरूको दुर्दशा अरू बेसी बढ्न थालेको छ । किनकि, त्यहाँका ठूला ठूला उद्योगहरू अहिले भटाभट बन्द हुँदैछन् । ती उद्योगहरू अमेरिकाबाट त्यस्ता मुलुकहरूमा सर्दैछन्, जहाँ श्रम बढी सस्तो छ । जुन उद्योगहरू अमेरिकामा छन्, तिनीहरूमा पनि लगातार ज्याला दर घटाइदैछ । श्रमिकहरूको यूनियन, जुन पहिले सशक्त र शक्तिशाली थियो, ती अब ठूला उद्योगहरूमा बन्द गरिँदैछन् । यतिखेर अमेरिकामा कुल श्रमिकहरूमध्ये १५ प्रतिशत मात्र ट्रेड यूनियनमा छन् । यसको मतलब अहिले अमेरिकाका अधिकांश मजदूरहरू ट्रेड यूनियनमै छैनन् । मजदूरहरूको मोलतोल क्षमता यही कारणले घट्न गएको छ र यसको सिधा असर ज्यालामा परेको छ । स्मरणीय छ, केही वर्षअघिसम्म अमेरिकामा ३० देखि ३३ प्रतिशत मजदूरहरू ट्रेड यूनियनमा आबद्ध हुन्थे ।

अहिले सरकारले नै केही उद्योगहरू बन्द गर्दैछ । त्यसरी बन्द गराइएका उद्योगहरूमा स्टील उद्योग, रबर उद्योग, इलेक्ट्रोनिक उद्योग आदि पर्दछन् ।

अमेरिकामा अहिले पनि निकै ठूलो मात्रामा रंगभेद बाँकी छ । विशेष गरी, हब्सी र हिस्पानीक मूलका मान्छेहरूप्रति त्यहाँ ठूलो भेदभाव गरिन्छ । यद्यपि, कानून र संविधानका पुस्तकमा उनीहरू सय वर्षदेखि नै समान छन् । तर व्यवहारमा त्यस्तो समान व्यवहार कहीं कतै भेटिन्न । काला जातिका मानिसहरूमाथि अहिले पनि चर्को राजनीतिक दमन हुने गर्छ । लगभग ५० लाख हब्सीहरू अहिले पनि या त जेलमा छन् या हिरासतमा दण्ड

## स्वयं अमेरिकी वामपन्थी नेतृको आँखामा अमेरिका कस्तो छ ?




*भारतको कलकत्तामा गत मंसीरमा SUCI पार्टीद्वारा आयोजित अक्टोबर क्रान्ति दिवसलाई सम्बोधन गर्नुहुँदै सारा फ्लाउण्डर्स*

पर्खिदैंछन् या विभिन्न बन्देजहरू व्यहोर्दै ट्रायलमा छन्। यो भनेको १८ देखि ३३ वर्षका काला जातिका कूल जनसंख्याको ३५ प्रतिशत हो अर्थात् एक तिहाई। यति ठूलो मात्रामा रंगभेद बाँकी छ, विश्वको सबैभन्दा विकसित प्रजातन्त्र भनेर दावी गरिने मुलुकमा। काला मानिसलाई पुलीसले पक्रनु, निर्मम यातना दिनु, जेलमा थुन्नु, हिरासतमा कुहाउनु, उनीहरूको स्वतन्त्रता हनन गर्नु भनेको साधारण घटना ठानिन्छ, अमेरिकामा।

अमेरिकामा अहिले पनि पुरूष र महिलाको ज्याला समान छैन। महिलाहरूले उति नै काम गर्दा पनि पुरूषको तुलनामा आधा मात्र कमाउँछन्। अमेरिकामा गरीबी विशेषतया केटाकेटी भएका र लोग्नेले छोडेका वा लोग्ने जेल परेका महिलाहरूमा व्याप्त छ। सरकारले पनि त्यस्ता मानिसहरूका केटाकेटीले पाउने र खाद्यान्नमा दिइने अनुदान हटाइदिनाले उनीहरूको दरिद्रता र दुर्दशा अरू विकराल बनेको छ।

धेरै वर्षदेखि अमेरिकामा काला र हिस्पानीक जातिका मानिसहरूका लागि भनेर एउटा विशेष कार्यक्रम संचालित थियो। यो कार्यक्रमअन्तर्गत यी जातिका बच्चाहरूले स्कूलमा थोरै भएपनि विशेष अवसर पाउँथे। अब सरकारले यो कार्यक्रमको पनि अन्त गरेको छ। यो कारणले स्कूलमा उनीहरूले तिर्नुपर्ने शिक्षा शुल्क भसक्कै बढ्न गएको छ। अमेरिकामा विश्वविद्यालयस्तरभन्दा मुनिको शिक्षा निकै कम शुल्कवाला वा निःशुल्क थियो। थुप्रै छात्रवृत्ति हुने गर्थे त्यहाँ। अब यो स्थितिको पनि अन्त गरिँदैछ। शिक्षा अब अमेरिकामा गरीबहरूको निम्ति सारै महँगो कुरा भएको छ।

अमेरिका अहिले पनि विश्वको सबैभन्दा धनाढ्य र सबैभन्दा औद्योगिकृत देश हो। तर अहिले पनि अमेरिकाको धेरैजसो राज्यको आय मिलीटरी बजेटका लागि जान्छ। अमेरिकी सरकारले कर र राजस्ववापत जे जति रकम हासिल गर्छ, त्यसमध्ये ५० प्रतिशतभन्दा ज्यादा मिलिटरी उद्योगका लागि खर्च गर्छ। जन कल्याणकारी क्षेत्रमा दिइने सरकारी अनुदानको कटौतीको वास्तविक रहस्य नै यही हो।

अर्थतन्त्रमा मिलीटरी उद्योग सबैभन्दा नाफादायक क्षेत्र भएको छ। सबैभन्दा ठूला कर्पोरेशनहरू यही उद्योगतिर खनिएका छन्। बोइङ, जनरल इलेक्ट्रिक, वेस्टिङ हाउस, लकहीड मार्टिन जस्ता ठूला कम्पनीहरू यो उद्योगमा लागेका छन्। गजबको संयोग के भएको छ भने, ती ठूला कम्पनीहरू जसको हातमा मिलीटरी उद्योग छ, उनीहरूकै हातमा सबैभन्दा ठूला संचार माध्यमहरू पनि केन्द्रित भएका छन्। जनतालाई जन-आन्दोलनबारे र मजदूर आन्दोलनबारे र अरू जरूरी सूचनाहरू पटक्कै नपुऱ्याउनमा यिनै संचार माधयमहरूले भूमिका खेलिरहेछन्। सरकार र मिलीटरीको लागि अनुकूल जनमत र जनसम्पर्क निर्माण गरिदिने काम यी संचार माध्यमहरूले गर्छन्। जनरल इलेक्ट्रिक र वेस्टिङ हाउस दुइटा सबैभन्दा ठूला मिलीटरी कर्पोरेशनहरू हुन्। यिनीहरूकै हातमा एन.बी.सी. र सि.बी.एस नामका दुइटा सबैभन्दा ठूला समाचार नेटवर्क छन्। देशका ठूलाठूला विश्व प्रसिद्ध टि.भि., रेडियो स्टेशन, पत्रपत्रिका यिनैका हातमा छन्। यिनीहरूको समाचारमाथि कुनै सरकारी सेन्सरशीप लागू हुन्न। किनभने, सरकारमा बसेका मान्छेहरू पनि यिनैले पत्याएका मान्छे हुन् र मिलीटरी उद्योग पनि यिनैले चलाएका छन्। सरकार, मिलीटरी र उनीहरू अति घनिष्ठ तवरले सम्बन्धित छन्।

सोभियत संघ ढलेपछि र शीतयुद्धको अन्त भएपछि जनताले के आशा गरेका थिए भने, अब मिलीटरी बजेटमा ठूलो कटौती हुनेछ, आणविक हतियारहरू खत्तम गरिनेछन् र संसारभर छरिएका अमेरिकी सैनिकहरू अब फिर्ता बोलाइनेछन्। र, यसबाट बचेको पैसा जनताको जीवनस्तर माथि उकास्नमा लगाइनेछ। जनकल्याणकारी काममा लगाइनेछ। तर यस्तो पटक्कै भएन र जनताको आशा व्यर्थ भयो। उल्टो, साम्राज्यवादीहरूबीच नै आपसी हानाथाप भयो- सैनिक शक्ति बृद्धि गर्नको लागि र विश्व प्रभुत्व कायम गर्नको लागि। अमेरिकी साम्राज्यवादको शत्रु अहिले मैदानमा बाँकी छैन तर अमेरिकाको मिलीटरी बजेट भने झन् झन् बढ्दैछ, बढाइँदैछ। जापान, रूस, बेलायत, फ्रान्स, जर्मनीलगायत विश्वका सम्पूर्ण देशका मिलीटरी संयत्रहरू एकै ठाउँमा राख्ने हो भने पनि अमेरिका एक्लैको मिलीटरी संयन्त्र त्योभन्दा ठूलो देखिन्छ। कुनै हाराहारीको शत्रु मैदानमा नै नभएको स्थितिमा अमेरिकालाई यत्रो मिलीटरी संयत्र किन चाहियो ?

अमेरिकी जनताको कुरा गर्ने हो भने, जनता साम्राज्यवादी युद्धको संभावनाबाट निकै भयभीत छन्। उनीहरू युद्ध भन्नासाथ भियतनाम युद्ध सम्झिन्छन्। जनतामा निकै ज्यादा युद्धविरोधी भावना व्याप्त छ।

अमेरिकामा सरकार, ठूला ठूला औद्योगिक कर्पोरेशन र मिलीटरी कर्पोरेशनहरू भनेको एउटै कुरा हो। अमेरिकामा यसलाई **मिलीटरी औद्योगिक कम्प्लेक्स** भनिन्छ। ठूला ठूला उद्योग व्यवसायहरू र ठूला ठूला मिलीटरी कर्पोरेशनहरूको संयुक्ततालाई नै यो मिलीटरी आद्योगिक कम्प्लेक्स भनिन्छ। अमेरिकी सरकार यही मिलीटरी आद्योगिक कम्प्लेक्सले चलाइरहेछ। ठूला ठूला संचार माध्यमहरू पनि यिनैको हातमा छन्।

एउटा चाखलाग्दो कुरा पनि भनौं। मिलीटरी सामानको उत्पादन सबैभन्दा नाफादायक व्यवसाय भएको छ भनेर मैले अघि भनें। वास्तवमा यो जति नाफादायक कुनै अर्को कुरा नै छैन अमेरिकामा।

किनभने, अरू सबै क्षेत्रमा उद्योगले प्रतिस्पर्धा गर्नुपर्छ अरू उद्योगहरूसित। तर मिलीटरी उद्योगमा प्रतिस्पर्धाको सामना नै गर्नु पर्दैन। मिलीटरी उद्योगहरू ट्यांक, जेट, फाइटर, मिसाइल, प्याट्रियट मिसाइल, रकेट लगायत अनेकौं वस्तुको उत्पादन गर्छन्। सरकारले ती सबै वस्तुहरू जतिसुकै मूल्य तोके पनि खरीद गर्छ। जुन जुन देशहरू अमेरिकाप्रति निर्भर छन्, ऋण वा सुरक्षाको लागि, ती सबै देशका सरकारलाई अमेरिकी सरकारले दबाब दिएरै हातहतियार किन्न लाउँछ। जस्तो, कुवेतलाई, इण्डोनेशियालाई, साउदी अरेबियालाई, ताइवान र दक्षिण कोरिया आदि तमाम देशलाई। यी देशहरूले आफ्नो तेल र अन्य प्राकृतिक स्रोतबाट जति सम्पत्ति र नाफा कमाउँछन्, त्यो यसरी अमेरिकाको हातहतियार उत्पादन गर्ने कर्पोरेशनका हातमा पुग्न जान्छ, हातहतियार र मिलीटरी सामग्रीको खरीदमार्फत्। उनीहरूले हातहतियार खरीद गर्नैपर्छ, अर्को कुनै विकल्प नै हुँदैन। यी प्रक्रियामार्फत् अमेरिकाका ठूला ठूला कर्पोरेशनहरू विश्वको संपत्तिको दोहन गरिरहेछन्। ❑



एक अमेरिकी घरबारविहीन गरीब व्यक्ति : आशा र आकांक्षा लिएर टोलाउँदै (फोटो: टाइम)

**अमेरिकामा गरीबी विशेषतया केटाकेटी भएका र लोग्नेले छोडेका वा लोग्ने जेल परेका महिलाहरुमा व्याप्त छ। सरकारले पनि त्यस्ता मानिसहरुका केटाकेटीले पाउने र खाद्यान्नमा दिइने अनुदान हटाइदिनाले उनीहरुको दरिद्रता र दुर्दशा अरु विकराल बनेको छ।**

**अमेरिकामा काला मानिसलाई पुलीसले पक्रनु, निर्मम यातना दिनु, जेलमा थुन्नु, हिरासतमा कुहाउनु, उनीहरुको स्वतन्त्रता हनन गर्नु भनेको साधारण घटना ठानिन्छ।**

# कसरी बढ्दैछ नेपालमा विदेशी ऋण ?




चित्र साभार: काठमाडौं टुडे

-दीपक वैद्य

नव-उपनिवेशवादको एउटा विशेषता हो- कुनै पनि स्वतन्त्र मुलुकलाई वित्तीय पूँजीको जालोमा फँसाउनु र त्यही वित्तीय पूँजीमार्फत् त्यो देशको सरकारलाई आफ्नो प्रभुत्वअन्तर्गत ल्याउनु । नव-उपनिवेशवादमा कुनै पनि देशको सरकार बाहिरबाट हेर्दा उपनिवेश जस्तै देखिन्न । त्यहाँ आफ्नै प्रकारको शासन प्रणाली हुन्छ, आफ्नै प्रकारको संसद र सरकार पनि हुन्छ, त्यहाँ कुनै विदेशी फौज पनि हुँदैन, तर सरकार बाहिरबाट हेर्दा स्वतन्त्र र सार्वभौम देखिए पनि यथार्थमा त्यो स्वतन्त्र र सार्वभौम हुँदैन । त्यो वास्तवमा बल्छी घाँटीमा अल्भिसकेको पोखरीको माछा जस्तै हुन्छ । घाँटीको बल्छी चाहिं विदेशी ऋण अथवा वित्तीय पूँजी भएको हुन्छ ।

नेपाल पनि त्यस्तै एउटा नव-औपनिवेशिक मुलुक हो । बाहिरबाट हेर्दा नेपाल स्वतन्त्र र सार्वभौम मुलुक भ्कैं देखिन्छ । यसको आफ्नै राजनीतिक प्रणाली छ, स्वतन्त्र र अधिकारसम्पन्न जननिर्वाचित संसद छ, संसदले चुनेको सरकार छ । तर नेपालको सर्वशक्तिमान सरकार आफ्नो देशको भाग्य आफूले चाहे जस्तो गरी निर्णय गर्न स्वतन्त्र छैन ।

> **देश कसरी ऋणमा डुब्दैछ ?**
>
> ❑ राजा महेन्द्रको शासनकालमा
>
> ❑ राजा वीरेन्द्रको सक्रिय शासन कालमा
>
> ❑ ०४६ पछि हालसम्म

जुनसुकै निर्वाचित सरकार सत्तामा आए पनि उसको घाँटीमा विदेशी ऋणको बल्छी परिहाल्छ । र, यही बल्छीको सहाराले विदेशका ठूला पूँजीपति वर्गले नेपालको सरकारलाई फन्फन्ती घुमाउने काम गरिरहेछ ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार, यही मंसीर २० गतेसम्ममा नेपालले खूद तिर्नु बाँकी विदेशी ऋण १५५ अरब रूपैयाँ पुगेको छ । यो महालेखा नियन्त्रकको कार्यालयमा त्यो मितिसम्ममा हिसाब प्राप्त भइसकेको ऋण रकमको आधारमा गणना गरेर निकालिएको पछिल्लो अन्तरीम अध्यावधिक तथ्यांक हो । ऋणदाताहरूले पठाइसकेको तर हिसाब नआइसकेको रकम पनि हुन संभव छ र त्यो जोड्दा त्यही मितिमा विदेशी ऋणको वास्तविक थैली योभन्दा ज्यादा हुन संभव छ । कार्यालयका अनुसार, नेपाली मुद्राको तुलनामा डलरको भाउ भर्खरै १० प्रतिशतभन्दा पनि ज्यादा बढेकाले विदेशी ऋणको थैली उत्तिकै ह्वात्तै बढेर यति ज्यादा हुन गएको हो । सवा दुई करोड नेपालीका थाप्लामा यो विदेशी ऋण जनही बाँड्ने हो भने, प्रत्येक नेपाली जन्मने बित्तिकै उसको भागमा ७०४५ रूपैयाँ विदेशी ऋण पर्ने भएको छ ।

नेपालले विदेशी ऋण तिर्ने स्रोत नेपालमा वर्षेनी उठ्ने राजस्व हो । यस साल नेपालको कूल वार्षिक राजस्व अनुमान जम्मा ३७ अरब रूपैयाँ मात्र छ । नेपालको विदेशी ऋण यति ज्यादा भइसकेको छ कि, चार वर्षसम्म लगातार नेपालको हालको जति वर्ष भरिको भएभरको राजस्व आम्दानी विदेशी ऋण चुक्ता गर्नमा लगाइयो भने पनि त्यो पूरै चुक्ता हुँदैन । अझै ७ अरब रूपैयाँ ऋण बाँकी रहन्छ । फेरि चार चार वर्षसम्म सारा राज्यको अम्दानी विदेशी साहूकारलाई बुझाएपछि देशले आफ्नो अरू खर्च कसरी चलाउने ? यति भयावह स्थितिमा हाम्रो देश धकेलिइसकेको छ ।

के उल्लेखनीय छ भने, आजको आठ महिनाअघि, अर्थात् २०५४ साल वैशाख १ गतेसम्म नेपालको खूद तिर्नु बाँकी विदेशी ऋण १२५.८५ अरब रूपैयाँ मात्र थियो । तर आठै महिनामा विदेशी ऋण ३० अरब रूपैयाँ थपिइसकेको छ । जुन गतिमा नेपालको विदेशी ऋण यसरी थपिइँदैछ, त्यसले नेपाल निकै छिट्टै नाइजेरिया जस्तो सम्पूर्ण रूपमा टाट उल्टेको देशका रूपमा बद्लिन एक दशक पनि नलाग्ने संकेत प्रष्ट रूपमा देखाएको छ । एकातिर, हाम्रो देशमा विदेशी ऋण पाउनुलाई नै देशको 'विकास' ठान्ने प्रवृत्तिले गर्दा हरेक वर्ष सत्तारूढ पार्टीहरूले विदेशी ऋण धमाधम र अन्धाधुन्ध थप्दै लाँदैछन् । अर्कातिर, डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यन धमाधम गरिइँदैछ र हरेक अवमूल्यनले विदेशी ऋणको थैली उत्तिकै उत्तिकै बढ्दै जाँदैछ ।

नेपालमा विदेशी ऋणको पहिलो प्रवेश १९५० दशकको मध्यबाट अमेरिकी ऋणबाट शुरू भएको भए तापनि यो विशेषतः १९६० को दशकदेखि द्रुतगतिमा बढ्न थालेको हो । अर्थात् नेपालमा निरंकुश पंचायतीतन्त्रको शुरूआत र विदेशी ऋणको तीव्र बृद्धिको शुरूआत लगभग एकै समयमा भएको हो । यस हिसाबले यी दुई जुम्ल्याहा दाजुभाइ हुन् । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार, २०१८/१९ साल अर्थात् सन् १९६१/६२ मा नेपालले खूद तिर्नु बाँकी विदेशी ऋण जम्माजम्मी १२ लाख ७७ हजार रूपैयाँ मात्र थियो । नेपाल राष्ट्र बैंकको रेकर्डअनुसार, त्यो साल नेपालको वार्षिक राजस्व अनुमान ९ करोड २ लाख रू. थियो । यो हिसाबले त्यतिखेरको नेपालको कूल वैदेशिक ऋण नेपालको कूल राजस्वको १.४ प्रतिशत मात्र थियो । अर्थात्, त्यतिखेर नेपालको विदेशी ऋण नाम मात्रको थियो । तर महत्वपूर्ण कुरो के थियो भने, नेपालले अब विदेशी ऋणको तीव्र बृद्धिको युगमा प्रवेश गर्न थालेको थियो ।

तर त्यसको एकै वर्षपछिको, अर्थात् श्री ५ महेन्द्रको सक्रिय शासनकालको दोस्रो वर्षकै विदेशी ऋणको थैली हेर्नुहुन्छ भने तपाईं चकित पर्नु हुनेछ । नेपालको विदेशी ऋणमा अकस्मात निकै ठूलो बृद्धि भएको छ, त्यो साल । नेपालको विदेशी ऋण अब एकै वर्षमा एक्कासी करीब १२ गुना चुलिएर एक करोड ५० लाख रूपैयाँ पुगेको छ । त्यो सालको नेपालको कुल राजस्व अनुमान १२ करोड ५६ लाख रूपैयाँ थियो । यस आधारमा अघिल्लो वर्षसम्म कूल राजस्वको एक प्रतिशतको वरपर मात्र रहेको नेपालको विदेशी ऋण अब अकस्मात मोटाएर कूल राजस्वको १२ प्रतिशत हुन पुगेको छ ।

दश वर्षपछि, श्री ५ महेन्द्रको शासनकालको अन्तिम वर्षमा आएर हेर्ने हो भने, नेपालको विदेशी ऋण २०२८/२९ सालमा पुग्दा ११ करोड ६८

## कसरी बढ्दैछ नेपालमा विदेशी ऋण ?

## तथ्यांक आफैं बोल्छ !

| साल | २०१८/१९ | २०१९/२० | २०२८/२९ | २०२९/३० |
|---|---|---|---|---|
| विदेशी ऋण रु | ०.१२७७ | १.५ | ११.६८ | १७.३४ |
| विदेशी ऋण कूल राजश्वको प्रतिशतमा | १.४% | १२.०% | २१.१% | २८.३% |

| साल | २०३४/३५ | २०३९/४० | २०४६/४७ | २०५४/१/१ | २०५४/८/२० |
|---|---|---|---|---|---|
| विदेशी ऋण रु | ९७.२३ | ४७२.० | ३६८०.० | १२५८५.० | १५५००.० |
| विदेशी ऋण % | ६१% | १६६% | ३९५.३% | ६१७.९% | ? |

स्रोतः ❋ नेपाल राष्ट्र बैंक ❋ अर्थमन्त्रालय, आर्थिक सर्वेक्षण २०५३/५४ ❋ महालेखा नियन्त्रकको कार्यालय ❋ प्रतिशत जोड- मूल्यांकन

## नेपालमा अहिले कसको विदेशी ऋण ज्यादा छ ?

(रू. करोडमा)

| सन् | १९९३/९४ | १९९४/९५ | १९९५/९६ |
|---|---|---|---|
| पहिलो, **International Development Association** अर्थात, विश्व बैंकको | २२१६.६ | २५९३.७ | २९९१.९ |
| दोस्रो, एशियाली विकास बैंकको | १५४८.२ | १७४५.३ | २०८९.६ |
| तेस्रो, जापानको | ७३४.३ | १०७९.९ | १०५३.८ |
| चौथो, **IFAD** को | १३१.४ | १३३.६ | १३१.३ |
| पाँचौं, फ्रान्सको | १२३.३ | ११२.५ | १०५.२ |
| छैठौं, साउदी फण्डको | १५.९ | ३५.८ | ७६.३ |
| सातौं, डेनमार्कको | १३.७ | १६.० | १६.३ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

लाख पुगिसकेको देखिन्छ। विदेशी ऋणको यो थैली श्री ५ महेन्द्रको शासनकालको शुरू वर्ष अर्थात् २०१८/१९ सालको थैलीभन्दा ९१ गुना ज्यादा बृद्धि भएको देखिन्छ। त्यो साल नेपालको वार्षिक राजस्व ५५ करोड ३४ लाख रूपैयाँ उठेको थियो। यो हिसाबले राजा महेन्द्रको सक्रिय शासनकालको प्रारम्भिक वर्षमा कूल राजस्वको दुई प्रतिशत पनि नरहेको विदेशी ऋणको थैली शासन कालको अन्तमा आइपुग्दा कूल राजस्वको २१.१ प्रतिशत पुगिसकेको देखिन्छ।

राजा महेन्द्रलाई राष्ट्रिय अस्तित्वको प्रतीकको रूपमा चिनाउने जमर्को गर्ने पंचहरू नेपालमा बग्रेल्ती छन्। उनीहरूलाई यो तथ्यांकले सिधासिधा चुनौती दिएको छ- वास्तवमा राजा महेन्द्र राष्ट्रिय अस्तित्वको प्रतीक थिए कि राजा महेन्द्रको शासनकाल नै नेपालको वैदेशिक ऋणप्रतिको बढ्दो परनिर्भरताको शुरूआतको प्रतीक थियो ? यथार्थमा सत्य के हो ?

राजा वीरेन्द्रको सक्रिय शासन कालमा त नेपालको विदेशी ऋणप्रतिको निर्भरता दिन दुगुना, रात चौगुना बढ्दै गयो र नेपाल विदेशी ऋणमै चुर्लुम्मै डुबेको देशमा बदलियो। उदाहरणको लागि, राजा वीरेन्द्रको सक्रिय शासनकालको पहिलो वर्षमा अर्थात्, २०२९/३० सालमा नेपालको खूद तिर्नु बाँकी विदेशी ऋण १७ करोड ३४ लाख रूपैयाँ थियो। त्यो साल नेपालको वार्षिक राजस्व ६१ करोड २३ लाख रू. उठेको थियो। यस हिसाबले त्यतिखेरको विदेशी ऋण कूल राजस्वको २८.३ प्रतिशत थियो। तर शासनकालको पाँचै वर्षपछि २०३४/३५ सालमा विदेशी ऋणको थैली पहिलेभन्दा पाँच गुनाभन्दा पनि ज्यादा गजधम्म मोटाएर ९७ करोड २३ लााख रूपैयाँ पुगिसकेको थियो। त्यो वर्ष उठेको कूल वार्षिक राजस्व रू. १ अरब ५८ करोडमा विदेशी ऋणको यो भार देशको कूल राजस्वको ६१ प्रतिशत भइसकेको थियो। अर्थात्, राजस्वको लगभग एक चौथाई मात्र भएको विदेशी ऋण अब बढेर राजस्वको पाँच भागको तीन भागभन्दा पनि ज्यादा भइसकेको थियो।

राजा वीरेन्द्रको सक्रिय शासनकालको दशौं वर्षसम्म पुग्दा त नेपालको विदेशी ऋण नेपालको कूल वार्षिक राजस्व थैलीको तुलनामा डेढ गुनाभन्दा पनि ज्यादा भइसकेको थियो। स्मरणीय छ, २०३९/४० सालमा नेपालको विदेशी असामी थैली ४ अरब ७२ करोड भइसकेको थियो (अर्थात्, १० वर्ष अगाडिभन्दा २७ गुना ज्यादा)। तर नेपालको कूल राजस्व त्यो वर्ष २ अरब ८४ करोड मात्र उठेको थियो। यो तथ्यांकले के देखाउँछ भने, त्यतिखेरको विदेशी ऋण नेपालको वर्षभरिको राज्यको आम्दानीभन्दा १६६ प्रतिशत ज्यादा भइसकेको थियो।

राजा वीरेन्द्रको सक्रिय शासनकालको अन्तको साल, अर्थात् २०४६/४७ सालमा पुग्दा नेपालको कूल वैदेशिक ऋण नेपालको कुल वार्षिक राजस्वभन्दा करीब ४ गुना ज्यादा भइसकेको थियो। किनभने, त्यो साल नेपालको कूल विदेशी ऋणको थैली ३६ अरब ८० करोड रूपैयाँ पुगिसकेको देखिन्छ; तर त्यही वर्ष नेपालको राज्यको भएभरको राजस्व आम्दानी भने ९ अरब ३१ करोड रूपैयाँ मात्र देखिन्छ। यसको मतलब त के भयो भने, नेपालले अब सम्पूर्ण विदेशी ऋण चुक्ता गर्ने हो भने नेपालको राज्यको आफ्नो भएभरको वार्षिक राजस्व आम्दानी अन्त कुनै एक पैसो पनि नलगाएर चार वर्षसम्म लगातार तिरिरहनु पर्ने भयो। पंचायतकालको शुरूमा नेपालको कूल राजस्वको एक प्रतिशत मात्र रहेको विदेशी ऋण पंचायतकालको तीस वर्षमा देशको भएभरको राजस्वभन्दा ४ गुना ज्यादा पुगेको घटना स्वयंले नेपालमा राजाको सक्रिय शासनकालमा देश कता गएछ- छर्लंगै देखाएको छ। यो तीन दशकको अवधिमा नेपालको राष्ट्रिय अस्तित्व पहिलेभन्दा प्रखर र शक्तिशाली भएछ कि नेपाल असलमा विदेशी पूँजीको कमारो भएछ- माथिका नेपाल राष्ट्र बैंकका र महालेखा नियन्त्रकका तथ्यांकहरू आफैंले छर्लङ्ग देखाएका छन्।

२०४६ सालमा नेपालमा निरंकुश राजतन्त्र खत्तम भयो र पूँजीवादी बहुदलीय प्रजातन्त्र स्थापना भयो। राजनीतिक व्यवस्थामा त यसरी परिवर्तन भयो, तर विदेशी साहूसित पैचोसैंचो मागेर सिंगै देश उधारो र बन्धकीमा चलाउने दास मनोबृत्तिमा भने कुनै अन्तर आएन। चाहे शासनमा कांग्रेस आओस् या एमाले, नेपालमा शासन गर्ने नयाँ शासक वर्गको मनोवृत्ति भने पंचायती नै रह्यो। जति ज्यादा विदेशी ऋणको कोसेली आयो, उति ज्यादा देशको बिकास हुन्छ र विदेशी ऋणबिना देश चलाउनै सकिन्न भन्ने पंचायती मनोवृत्तिमा आमूल परिवर्तन गर्नु न त कांगेसले जरूरी ठान्यो, न एमालेले।

फलस्वरूप, बहुदलीय शासन व्यवस्थाको शुरूमा नेपालको विदेशी ऋण ३६ अरब ८० करोड मात्र रहेकोमा अहिले सातै बर्षमा त्यो चार गुनाभन्दा पनि ज्यादा डब्लिएर १ खरब ५५ अरब रूपैयाँ पुगेको छ। विदेशी ऋणको किस्ताबन्दी सावाँ व्याज मात्रै चुक्ता गर्न नेपालले यस वर्षमा ३९६.६ करोड रूपैयाँ छुट्याउन परेको छ। नेपालको विदेशी ऋण अहिले नेपालको राज्यको एक वर्षको भएभरको आम्दानी अर्थात् राजस्वभन्दा ५ गुना ज्यादा छ। यो हिसाबले नेपालको हैसियत आफूसित खालि दुई रोपनी जग्गा हुँदा हुँदै १० रोपनी जग्गा बराबरको पैसो पैंचो लिएर मोजले निर्धक्कसित मासुभात खाने मूर्ख आसामी किसानको जस्तो भएको छ। साहूले 'लौ मेरो पैसा तुरून्तै तिर् !' भनेको स्थितिमा त्यो किसानको जुन हविगत हुन्छ, नेपालको पनि त्यही दुर्दशा हुनेवाला छ। ❑

*तथ्यांक स्रोतः ◉ नेपाल राष्ट्र बैंक, ◉ अर्थमन्त्रालय, आर्थिक सर्वेक्षण, २०५३/५४, ◉ महालेखा नियन्त्रकको कार्यालय*

## के विदेशी ऋणले देशको विकास हुन्छ ?

◆ दीपक वैद्य

ल्याटिन अमेरिका र सब सहारा अफ्रिकाले १९८० को दशकमा विदेशी ऋण र सहायता बेस्सरी ओइर्‍याएर देशको 'विकास गर्ने' परिकल्पना र जमर्को गर्‍यो। विदेशी ऋण र सहायता त्यहाँ ओइरियो पनि। तर परिणाम भने ठीक उल्टो निस्कियो। त्यसले देशको विकास गरेन, विनाश मात्र गर्‍यो। यू.एन.डि.पी.ले त १९८० को दशकलाई ल्याटिन अमेरिका र सब सहारा अफ्रिकाको 'खेर गएको दशक' भनेर मूल्यांकन गरेको छ।

किन 'खेर गएको दशक' भन्यो त यू.एन.डि.पी.ले ? यू.एन.डि.पी.द्वारा नै प्रकाशित Human Development Report, १९९७ मा त्यसको स्पष्ट कारण पनि दिइएको छ।

विदेशी ऋण र सहायता ओइरिएपछि ती महादेशको भसक्कै विकास हुनु पर्ने। तर १९८० को दशकमा ती देशहरू ओरालो मात्र लागे, उकालो लागेनन्। उदाहरणको लागि, ल्याटिन अमेरिकाको सन् १९९० को प्रति व्यक्ति आय १९८० को भन्दा पनि ७ प्रतिशतले कम रह्यो। फलतः ११ करोड मानिसहरू गरिबीको रेखामुनि हुन पुगे। जनताले गर्ने वस्तु र सेवाको उपभोग उल्टो ६ प्रतिशतले घट्यो। मुद्रास्फीति अर्थात् महँगी त १९९० मा औसत १५०० प्रतिशतले बढ्यो। कति चर्को महँगी भयो होला त्यहाँ ? १९८७ मा यो क्षेत्रको विदेशी ऋण यो क्षेत्रले गर्ने कूल निर्यातभन्दा तीन गुना ज्यादा हुन पुग्यो।

यस्तै दुर्दशा सब सहारा अफ्रिकाको पनि भयो। त्यहाँ प्रतिव्यक्ति राष्ट्रिय आय १९८० को तुलनामा १९९० मा उल्टो १० प्रतिशतले घट्यो। यो क्षेत्रका एक तिहाई मान्छेहरू अर्थात् १७ करोड मानिसहरू गरीबीको रेखामुनि एकछाके जिन्दगी बिताउन बाध्य हुन पुगे। सब सहारा अफ्रिकाले बाहिर निर्यात गर्ने वस्तु- चिया, कफी, कोकोआ र कपासको मूल्य विश्व बजारमा ५० प्रतिशतले घट्यो। यसले गर्दा खेतीपाती पूरै घाटामा गयो र यो क्षेत्रको विदेशी ऋण कूल राष्ट्रिय आयको ९७ प्रतिशत पुग्यो। अर्थात्, विश्वकै सबभन्दा धेरै हुन पुग्यो। १९९२ मै यसको विदेशी ऋण १९८० को भन्दा तीन गुना ज्यादा भएको थियो। पूँजी लगानी पनि यही अवधिमा ५० प्रतिशतभन्दा बेसी झर्‍यो।

कस्तो हुँदो रहेछ त- विदेशी सहायतामा र ऋणमा आधारित 'बिकास' ? त्यो कुरा यी दुई देशको उदाहरणले नै प्रष्ट देखाएको छ। ❑

### अफ्रिका र ल्याटिन अमेरिकाको उदाहरण

**क.** स्तालिनको मृत्युपछि सोभियत पार्टीको नेतृत्वमा आएका ख्रुश्चोवले 'शान्तिपूर्ण तवरले नै क्रान्ति सम्पन्न गर्न सकिने' सिद्धान्त ल्याएबाट सन् १९६० देखि रूस र चीनबीच ठूलो सैद्धान्तिक विवाद शुरू भयो । र, पछि यो विवादले पूरै विश्व कम्युनिष्ट आन्दोलनलाई रूसी र चिनिया खेमाको नाउँमा दुई ठूला क्याम्पहरूमा विभाजित गरिदियो । त्यसकै प्रभावबाट नेपालको कम्युनिष्ट आन्दोलन पनि रूसी र चिनिया खेमामा विभाजित हुन पुग्यो ।

नेपालमा रूसी खेमाका नेताको रूपमा परिचित नेताहरूमध्येका एक नेता हुनुहुन्छ– क. विष्णुबहादुर मानन्धर । पिता मानबहादुर मानन्धर र आमा कृष्णदेवी मानन्धरको कोखबाट वि.सं. १९८७ साल पुस महिनामा रौतहट जिल्लाको गौर शहरमा जन्मनु भएका क. विष्णुबहादुर मानन्धरले स्थानीय त्रि-जुद्ध हाइस्कूलबाट १० कक्षा र पटनाबाट सन् १९४६ मा म्याट्रिक पास गर्नुभयो भने सन् १०५० मा बनारस हिन्दू विश्वविद्यालयबाट स्नातक पास गर्नुभयो । उहाँ बनारसमा एम.ए. पढ्दापढ्दै नै आफ्नो पढाइ छोडेर २००७ सालको क्रान्तिमा होमिनु भएको थियो । उहाँले २००९ सालमा नेकपाको सदस्ता प्राप्त गर्नुभएको थियो ।

२०१९ सालको नेकपाको तेस्रो महाधिवेशनलाई स्वीकार नगरी २०२५ सालमा छुट्टै तेस्रो महाधिवेशन गरेर पोलिटब्यूरोको सदस्य बन्नु भएका क. विष्णुबहादुर मानन्धर २०३४ सालमा सम्पन्न उहाँहरूको पार्टीको पाँचौं महाधिवेशनबाट महासचिवमा चुनिनु भयो । त्यस महाधिवेशनबाट उहाँको पार्टीको अध्यक्षमा डा. केशरजंग रायमाझी चुनिएका थिए । २०३८ सालमा त्यस पार्टीबाट डा. केशरजंग रायमाझीलाई निकालियो र पाँचौं महाधिवेशन गरी पुनः क. विष्णुबहादुर मानन्धर पार्टीको महासचिव बन्नुभयो ।

२०४६ सालको जन-आन्दोलनमा नेकपा (प्रजातन्त्रवादी) को नामबाट वाममोर्चामा सम्मिलित क. विष्णुबहादुर मानन्धरको पार्टीले २०४८ श्रावण २० गते नेकपा (वर्मा) र नेकपा (तुल्सीलाल) संग एकीकरण गरी नयाँ पार्टी नेकपा (संयुक्त) को जन्म दियो । त्यस संयुक्त पार्टीमा तुल्सीलाल अमात्य अध्यक्ष, विष्णुबहादुर मानन्धर महासचिव र कृष्णराज वर्मा उप-महासचिव बने । तर पार्टी संयुक्त भएको केही समयपश्चात नै तुल्सीलाल अमात्य र कृष्णराज वर्माले नेकपा (संयुक्त) छोडेर गए । त्यसपछि २०४९ सालको फागुनमा एकता महाधिवेशन गरी पुनः क. विष्णुबहादुर मानन्धर नेकपा (संयुक्त)को महासचिव बन्नु भयो र हालसम्म उहाँ त्यस पदमा रहिरहनु भएको छ ।

सोभियत संघमा ख्रुश्चेवले ल्याएको 'शान्तिपूर्ण संसदीय बाटोबाट पनि समाजवादमा जान सकिन्छ' भन्ने सिद्धान्त अभै गलत साबित भइनसकेको बताउनु हुने क. विष्णुबहादुर मानन्धर सोभियत संघ पतन हुनुमा अति केन्द्रीकृत शासन व्यवस्था, जनवादी केन्द्रीयताको गलत प्रयोग र मार्क्सवादलाई समयको विकाससंग परिमार्जित गर्न नसक्नुले प्रमुख भूमिका खेलेको छ भन्ने कुरा बताउनु हुन्छ । प्रस्तुत छ– क. विष्णुबहादुर मानन्धरसंग भरखरै मैतिदेवीस्थित उहाँको निवासमा लिइएको अन्तर्वार्ताको सार संक्षेपः

**–तुल्सीदास महर्जन**



# म कुनै गरीब परिवारबाट आएको मानिस होइन

## क. विष्णुबहादुर मानन्धर

❑ **तपाईं अहिले नेपाली राजनीतिक क्षेत्रमा त्यति चर्चामा हुनुहुन्न नि ? राष्ट्रिय स्वाधीनता, प्रजातन्त्र, मानव अधिकार र जनजीविकाको सम्बन्धमा हाल देशमा कैयौं गम्भीर प्रश्नहरु उठिराखेका छन् । यस सम्बन्धमा तपाईंको पार्टीको केही कार्यक्रम देखिँदैन नि ?**

-हामी निस्क्रिय छैनौं । तर, मिडिया मुख्य रूपमा सरकारको हातमा छ । सरकारमा जो जो गए, उनीहरूले मात्र आ-आफ्नो गुणगान गराउनमा त्यसलाई प्रयोग गरे । यसबाट मिडियामा हामी ओझेलमा परेका छौं । यही कारणले गर्दा हामी निस्क्रिय छौं भन्ने भान अरूलाई पर्न गएको हुन सक्छ ।

एक्लो हाम्रो पार्टीले जन-आन्दोलन खडा गर्ने कुराको हामी दावा गर्दैनौं । हामी के भन्छौं भने- अहिलेको अवस्थामा देशमा जुन कार्यभार पूरा गर्नुछ, त्यसको लागि वाममोर्चा खडा हुनुपर्छ । यही मात्र होइन, अझ भन्ने हो भने, आजको अवस्थामा **वाम प्रजातान्त्रिक मोर्चाको** समेत आवश्यकता छ । अहिलेसम्म हामीले यही राजनीतिक कार्यदिशा समात्दै आएका छौं ।

तपाईंले पत्रनमा उठाउनु भएका विषयहरूलाई लिएर नौ वाम पार्टीरूले त्यत्रो संघर्ष उठाए । त्यस मोर्चामा सम्मिलित भएको नाताले हाम्रो पार्टीले त्यस मोर्चाबाट आयोजित हरेक संघर्षका कार्यक्रमहरूमा लगातार भाग लिँदै आयो । देशका हरेक शहर बजारमा, यहाँसम्म कि कुनै कुनै ठाउँमा त हाम्रो पार्टी एक्लैले पनि संघर्षका कार्यक्रमहरू सफलतापूर्वक संचालन गऱ्यो । गौर जस्तो सानो ठाउँमा हाम्रो पार्टी एक्लैले नब्बे प्रतिशत बजार बन्द गरायो । त्यहाँ मसालका दुई-तीन जना र नेमकिपाका एक दुई जना मात्र थिए । यति हुँदाहुँदै पनि हामी कसरी निस्क्रिय देखिनगयौं ?- मलाई यस कुरामा आश्चर्य लागिरहेको छ ।

❑ **तपाईंको पार्टी एक्लैले गरेका कार्यक्रमहरु त छैनन् नि ?**

-मैले भनिहालें नि, एक्लै कार्यक्रम गर्न हाम्रो पार्टीको अहिले त्यस्तो पर्याप्त शक्ति छैन । तर, हामी कालापानी, महाकाली जस्ता कुनै पनि राष्ट्रियतासंग सम्बन्धित सवालहरूमा चुप लागेर बसेका छैनौं । र, त्यस्तै प्रजातन्त्र, जनजीविका आदिका अन्य सवालमा पनि चुप लागेर बसेका छैनौं ।

❑ **अहिले तपाईंको दैनिक जीवन कसरी चल्दैछ ?**

-म अहिले पनि पार्टीको महासचिव पदमा छु । यो पद स्वयंले एउटा गम्भीर जिम्मेवारी महसुस गराउँछ । त्यसैले, अझै पनि म राजनीतिक जीवनमा सक्रिय छु । तर, मेरा केही शारीरिक अप्ठ्याराहरू भने पक्कै छन् । म तीस वर्षदेखि पेटको रोगी छु । वास्तवमा, प्रतिकूल स्वास्थ्यका बावजुद पनि अहिलेसम्म म राजनीतिमा सक्रिय रहँदै आएको छु ।

अहिले म सत्तरी वर्षको नजिक पुग्दैछु । यस स्थितिमा मैले अहिले खास गरिकन, पार्टीको केन्द्रीय कार्यालय संचालनमा आफूलाई लगाएको छु । तर, पार्टीको कामबाहेक, अन्य मेरो केही दिनचर्या छैन ।

दैनिक जीवनलाई सरसर्ती भन्ने हो भने, सामान्यतः विहान म ५ बजे उठ्ने गर्छु र नित्यकर्म सकी चिया खाने र विभिन्न ठाउँबाट आएको टेलिफोन रिसिभ गर्ने काममा म समय लगाउँछु । करिब विहान १० बजेसम्म त म टेलिफोनमा कुराकानी गर्नमा नै व्यस्त हुन्छु । चिया खाँदै रेडियोमा साचार सुन्ने, पत्र-पत्रिकाहरू हेर्ने तथा पार्टीका आवश्यक कागजातहरू तयार गर्ने कार्यमा पनि लाग्ने गर्छु ।

म भात खाई विहानको करिब ११ बजेतिर पार्टी अफिस पुग्छु र त्यहाँ ३-४ बजेसम्म बस्छु । साँझ पार्टी अफिसबाट घर फर्केपछि मार्क्सवादी पुस्तकहरू अध्ययन गर्ने गर्छु । साँझ ७-८ बजेतिर बेलुकीको खाना खाएर केही बेर टेलिभिजन हेरी म करीब ९ बजेतिर सुत्छु ।

❑ **टेलिभिजनमा के के हेर्नु हुन्छ ?**

- म टेलिभिजनमा खासगरिकन समाचार र खेलकूदको कार्यक्रम हेर्छु । मलाई क्रिकेट हेर्नमा खूब आनन्द लाग्छ । कहिलेकाहीं टेलिश्रृंखलाहरू पनि हेर्ने गर्दछु ।

❑ **तपाईंको परिवारको खर्चबर्च अहिले कसरी चलिरहेछ ?**

-सबैलाई थाहा भएकै कुरा हो कि, म कुनै गरीब परिवारबाट आएको मानिस होइन । मेरो परिवार गयल जमिन्दार (Absentee Landlord) वर्गमा पर्दथ्यो । तराईमा हाम्रा केही विगाहा जमिनहरू थिए, जुन हामी अरूलाई काम गराएर कमाउँथ्यौं । पछि ती जग्गाहरू बेचेर गौर र यहाँ काठमाडौंमा मैले घर बनाएँ । अहिले खासगरिकन घरबहालबाट आउने मासिक करिब

५-१० हजार रूपियाँबाट नै परिवारको खर्चबर्च चलाइरहेको छु ।

**❑ गयल जमिन्दार वर्गको व्यक्ति भएर पनि तपाईं कम्युनिष्ट आन्दोलनमा कसरी आउनु भयो त ?**

-राजनीतिमा लाग्दा शुरूमा म कम्युनिष्ट थिइनँ । खासगरिकन, २००७ सालमा बनारस हिन्दू विश्वविद्यालय (वि.एच.यू.)मा पढ्दै गर्दा म नेपालको राणाविरोधी संघर्षबाट प्रभावित भई राजनीतिमा प्रवेश गरेको थिएँ । त्यतिखेर म पढाई छोडेर पटनामा नेपाली कांग्रेसले खोलेको फ्रन्टबाट त्यस पार्टीको चौवन्नी सदस्यता प्राप्त गरी धनगढीदेखि नेपालगंजसम्म मुक्त गर्न त्यतातर्फको सशस्त्र संघर्षमा होमिन पुगें । तर, क्रान्तिपछि अन्तरिम सरकारको पालामा २००८ सालतिर म नेपालगंजबाट गौर फर्कें । र, मैले कांग्रेस पार्टीलाई त्यागीदिएँ ।

**❑ कांग्रेस पार्टी किन त्याग्नु भयो त ?**

-मैले कांग्रेस पार्टी त्याग्नुमा खास कारण के थियो भने, एकपटक अन्तरिम सरकारका गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला रक्सौल आइपुग्दा आफ्नो जिम्मेवारीअनुसार पटनादेखि आएर उनलाई कांग्रेसका अर्का नेता सूर्यप्रसाद उपाध्यायको पत्र पुऱ्याउन म त्यहाँ पुगेको थिएँ, तर मैले विश्वेश्वरप्रसादबाट कुनै 'रेस्पोन्स' पाउन सकिनँ । यस घटनाले गर्दा कांग्रेस पार्टीमा बसिराख्नु ठीक हुन्छ भन्ने मलाई लागेन । अर्को कुरा, मैले २००७ सालमा कांग्रेसको 'चौवन्नी' सदस्य लिनुको एउटै मात्र कारण देशमा क्रान्ति सम्पन्न गर्नको लागि आफू लागीपर्ने अवसर प्राप्त गर्नु थियो । म कांग्रेसको सिद्धान्त, नीति तथा कार्यक्रमबारे ज्ञान भएर र त्यसबाट प्रभावित भएर कांग्रेसमा पसेको थिइनँ । त्यसैले, २००७ सालको क्रान्तिपछि पनि कांग्रेसमा रहिरहनु पर्ने कुनै जरूरी मैले देखिनँ ।

२००९ सालमा रौतहटमा ठूलो किसान आन्दोलन भयो । त्यस आन्दोलनको क्रममा गौरमा मात्रै बीसौं हजारको जुलूस निस्क्यो । त्यसबेला म गौरमै थिएँ र त्यस जुलूस प्रदर्शनबाट प्रभावित भई त्यसमा सहभागी भएकाहरूलाई खानपीनको व्यवस्था गर्न मैले स्वतन्त्र ढंगले पहल गरें । मेरो त्यस कार्यबाट प्रभावित भई जेलमा बन्दी बनाइनु भएका त्यस किसान आन्दोलनका नेताहरू नीर उपाध्याय र नारायण मानन्धरले जेलमै भेट्न आउन मलाई खबर पठाए । जेलमा भेट्न जाँदा नीर उपाध्यायले मलाई वीरगंजमा केदार उपाध्यायसंग सम्पर्क गर्न सल्लाह दिए । उनको सल्लाहअनुसार पछि वीरगंजमा केदार उपाधयायसंग भेट गर्न गएँ । उनी नेकपाका तत्कालीन एक केन्द्रीय सदस्य थिए । उनीबाट नै मैले किसान आन्दोलन, अखिल नेपाल किसान संघ र कम्युनिष्ट पार्टीको बारेमा राम्रो जानकारी पाएँ ।

त्यसपछि केदार उपाध्यायको सल्लाहअनुसार, गौरमा मैले कृष्णविलास उपाध्याय, लीलाराज उपाध्याय, कृष्णप्रसाद भण्डारी र म सम्मिलित नेकपाको एक शुभचिन्तक टोली बनाएँ । त्यस टोलीलाई हप्ताको एकचोटी मार्क्सवादी शिक्षा दिन केदार उपाध्याय आउँथे । त्यही क्रममा २००९ सालतिर मलाई कम्युनिष्ट पार्टीले सदस्यता प्रदान गऱ्यो र लगत्तै २०१० सालमा भएको नेकपाको प्रथम महाधिवेशनमा म रौतहट जिल्लाबाट प्रतिनिधि भएर सहभागी हुन गएँ । त्यस बेलादेखि अहिलेसम्म निरन्तर कम्युनिष्ट आन्दोलनमा लाग्दै आइरहेको छु ।

**❑ २०१७ सालमा पार्टीहरु प्रतिबन्ध हुनु अगाडिसम्म तपाईले कुन-कुन पदमा रही काम गर्नुभयो ?**

-२००९ सालमा पार्टीको सदस्यता प्राप्त भएपछिको दुई चार महिनापछि नै म रौतहट जिल्लाको पार्टी सचिवमा नियुक्त भएँ । उक्त पदमा रही मैले २०२५ सालसम्म नै रौतहट जिल्लामा काम गरें । तर, जिल्ला सचिव छँदा नै २०१५ सालको आम चुनावको लगत्तै मलाई पार्टी केन्द्रीय समितिमा सिधै तानियो । यसरी २०१५ सालदेखि लगातार पार्टीको केन्द्रीय सदस्य र जिल्ला सचिव एक साथ रहँदै आएको थिएँ ।

**❑ कम्युनिष्ट पार्टीमा लागेपछि तपाई आफैंले नेतृत्व गरेको कुनै उल्लेखनीय आन्दोलनका बारे केही सुनाउनु हुन्छ कि ?**

-२००९ सालको रौतहट किसान आन्दोलनलाई सरकारले ठूलो दमन गऱ्यो । त्यसले गर्दा संगठन कमजोर हुन गयो । तर, त्यस दमनपश्चात पनि मेरो नेतृत्वमा पार्टी निर्माणमा लगातार कामहरू भए । पाँच वर्षपछि २०१४ सालमा पार्टी पुनः किसान संघर्ष उठाउने हदसम्म मजबूत भयो । र, हामीले रौतहटमा कृषि मजदूरहरूको मजदूरी बढाऊ, मोहियानी हकको सुरक्षा गर जस्ता नाराहरू दिई फेरि ६ महिनासम्म किसान संघर्ष उठायौं ।



**❑ राजनीतिमा लाग्दा शुरुमा म कम्युनिष्ट थिइनँ ❑ मैले कांग्रेस पार्टी त्याग्नुमा खास कारण के थियो भने...**

त्यस संघर्षमा ५/७ गाउँका सम्पूर्ण किसानहरूले सामान्तहरूको खेतमा काम गर्न बन्द गरेर ठूलो हड्ताल गरे । तर पछि त्यस आन्दोलनलाई पनि ठूलो दमन गरियो । म एक महिनासम्म रौतहटमै भूमिगत बसें । तर पछि त्यहीं भूमिगत बसेर पनि काम गर्न गाह्रो भएकोले भारततिर पसें । त्यहीबेला नै दोस्रो पार्टी महाधिवेन भयो । तर, म प्रतिनिधिमा छानिएर पनि दमनको कारणले महाधिवेशनमा भाग लिन पाइनँ ।

२०१४ सालमा मेरो नेतृत्वमा भएको किसान आन्दोलनलाई दमन गरिए पनि त्यो आन्दोलनले जनतामा राम्रो प्रभाव पाऱ्यो । फलस्वरूप, २०१५ सालको आम चुनावमा रौतहटमा तीन सिट मध्ये दुई सिटमा कम्युनिष्ट पार्टीले जित्यो ।

**❑ तपाईले नेतृत्व गर्नु भएको पार्टीलाई सोभियत संघको आर्थिक सहयोगमा चलेको पार्टी भनिन्थ्यो नि !**

-यो बिलकुल भूठ हो । सोभियत संघले नेपालका अरू कम्युनिष्ट नेताहरूलाई जस्तै बिरामी हुँदा उपचारको लागि हामीलाई बोलाएको र हामी गएर उपचार पनि गराएर आएको कुरालाई म स्वीकार गर्दछु । त्यस्तै, कम्युनिष्ट पार्टीका नेताका छोराछोरीहरू तथा कार्यकर्ताहरूलाई सोभियत संघमा अध्ययन गर्न सीमित कोटामा छात्रवृत्ति उपलब्ध गराएको भन्ने कुरालाई पनि म स्वीकार्छु । तर, पार्टी संचालनको लागि नै आर्थिक सहयोग हामीले पायौं भन्ने कुरा भने पूर्ण रूपले गलत छ ।

**❑ पार्टी संचालनको लागि पनि सोभियत संघबाट आर्थिक सहयोग पाए हुन्थ्यो भन्ने लागेन ?**

-त्यस्तो आर्थिक सहयोगबाट पार्टी चल्छ र क्रान्ति हुन्छ भन्ने कुरामा हाम्रो विश्वास छैन ।

**❑ तपाईंको पार्टीले नेपाली समाजलाई समाजवादसम्म पुऱ्याउन कस्तो योजना राखेको छ ?**

-यही आगामी फागुन २० देखि २४ गतेसम्म हाम्रो पार्टीको सातौं महाधिवेशन हुन गइरहेको छ । हामी त्यसमा आफ्नो पार्टीको कार्यक्रम दिन गइरहेका छौं । त्यो कार्यक्रमको मूल सार हो- राष्ट्रिय जनवाद ।

अहिले विश्वमा पहिले जस्तो समाजवादी क्याम्प छैन । पहिले हाम्रो जस्तो देशले आर्थिक विकासको लागि समाजवादी क्याम्पबाट विभिन्न वित्तीय तथा प्राविधिक सहयोगहरू पाइराखेको थियो, तर अहिले अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक जस्ता संस्थाहरूबाट आर्थिक सहयोग लिनु परिराखेको छ । त्यसैले अहिले राष्ट्रिय अस्मिता तथा अर्थतन्त्रलाई संरक्षण गर्दै ती संस्थाहरूबाट सहयोग लिन हामी बाध्य छौं । हामी नव औपनिवेशिक शोषणको अवस्थामा छौं । त्यसैले अहिले आफ्नै स्रोत र साधनबाट क्रान्ति सम्पन्न गर्नु पर्ने अवस्था आएको छ ।

देशलाई नव-औपनिवेशिक अवस्थाबाट मुक्त गर्न साम्राज्यवादविरोधी संघर्ष गर्नु नेपालको वर्तमान क्रान्तिको प्रमुख दायित्व हुन आएको छ । त्यसैले अहिलेको संघर्ष राष्ट्रिय मुक्तिको संघर्ष हो ।

अर्को कुरो, ०४६ सालमा प्रजातन्त्र आए पनि त्यो जनताको घर दैलोमा पुगेको छैन । यसर्थ, प्रजातन्त्रलाई जनताको तल्लो तहसम्म पुऱ्याएर उनीहरूको आर्थिक विकास गर्नु पनि क्रान्तिको प्रमुख दायित्व हो । त्यसकारण, हामी अहिले राष्ट्रियता र जनवादका कुराहरू एकैसाथ उठाइरहेका छौं । मतलब, राष्ट्रिय जनवाद ।

नेपालमा अहिले सबै कम्युनिष्ट पार्टीहरू के कुरामा एकमत छन् त भने, यहाँ समाजवादी क्रान्ति गर्नुपूर्व त्योभन्दा मुनिको एक अर्को क्रान्ति गर्नु जरूरी छ । त्यस क्रान्तिलाई कसैले नौलो जनवादी क्रान्ति भनेका छन् त कसैले बहुदलीय जनवादी क्रान्ति । तर हामी अहिले त्यो क्रान्ति 'राष्ट्रिय जनवादी क्रान्ति' हो भन्न गइरहेछौं ।

सबै के भन्छन् भने- अहिले मजदूर वर्गको नेतृत्वमा बुर्जुवा प्रजातान्त्रिक क्रान्ति सम्पन्न गर्नुपर्छ । तर, हामी भन्छौं- अहिले मजदूर वर्गको मात्र नेतृत्वमा त्यो क्रान्ति सम्पन्न हुँदैन । किनकि, यहाँ दुई प्रतिशत पनि मजदुर छैनन् । त्यस्तै राष्ट्रिय पूँजीपतिको पनि यहाँ विकसित अवस्था छैन । यस अवस्थामा मजदूर वर्गको नेतृत्वमा बुर्जुवा क्रान्ति कसरी हुन्छ ? त्यसैले, मजदूर वर्गको नेतृत्वमा बुर्जुवा क्रान्ति हुन्छ भन्नु त मार्क्सवादको अन्धानुकरण गर्नु मात्रै हो । हामी के भन्छौं भने- नेपालको सन्दर्भमा क्रान्तिको पक्षमा रहेका सबै वर्गहरू- राष्ट्रिय पूँजीपति वर्गदेखि लिएर मध्यम वर्ग, किसान वर्ग, भूमिहीन किसान वर्ग र मजदूर वर्गसम्मका सबै वर्गकाहरूको मोर्चागत नेतृत्वले मात्र क्रान्ति सम्पन्न हुन सम्भव छ । यसैलाई हामी 'राष्ट्रिय जनवादी क्रान्ति' भन्छौं ।

❑



# धार्मिक कर्मकाण्ड हरूबारे बनाउनु पर्ने धारणा के ?

हाम्रो समाजमा प्रचलित अनेकथरि तिथि, चाड-पर्व, जात्रा-मेला, पूजा, ब्रत, श्राद्ध, किरिया आदिबारे प्रगतिशीलहरुले बनाउनु पर्ने धारणा के र कस्तो हुनुपर्छ ?- भन्नेबारे र यिनीहरुका सन्दर्भमा अप्नाउनु पर्ने व्यवहारबारे खोजबीन र अन्तर्क्रिया हुनु अत्यन्त जरुरी भएको छ । यसबारे विगतमा विभिन्न व्यक्तिहरुले र प्रकाशनहरुले छिटफुट प्रयत्नहरु नगरेका हैनन्, तर ती अपेक्षा गरिएभन्दा निकै कम भएको अनुभव गरिएको छ ।

यस सन्दर्भमा, साहित्यकार खगेन्द्र संग्रौलाकी आमाको मृत्यु भएकोमा उहाँले आमाको काजकृयाका सन्दर्भमा अप्नाउनु भएको व्यवहारबारे लेख्नु भएको एउटा लेखप्रति अर्का साहित्यकार पुण्यप्रसाद खरेलले जनाउनु भएको प्रतिक्रियामा आधारित बहसलाई हामीले अगाडि बढाइएका छौं । खगेन्द्र संग्रौलाले पुण्यप्रसाद खरेलको प्रतिक्रियामाथि जनाउनुभएको टिप्पणी र अनेरास्ववियूका केन्द्रीय महासचिव जगन्नाथ खतिवडाले लेख्नुभएको प्रतिक्रिया-लेखलाई गत अंकमा हामीले प्रस्तुत गरेका थियौं ।

'धार्मिक कर्मकाण्डहरुबारे बनाउनु पर्ने धारणा के ?' भन्ने यस विषयमा यस पटक हामी प्रस्तुत गर्दैछौं- पुनः पुण्यप्रसाद खरेलको थप प्रतिकृया ।

-मूल्याङ्कन

## तावाबाट फालहान्दा भुंग्रोमा परियो भने ?

◆ पुण्यप्रसाद खरेल

श्री खगेन्द्र संग्रौलाको 'के विद्रोह विकल्प खोज्न चेष्टा होइन ?' शीर्षकको लेख पढ्ने सुखद् अवसर प्राप्त भयो । हाम्रो संस्कृति सम्बन्धी दृष्टिकोणमा आधारभूत रूपमा मैले कहीं अन्तर पाइनँ । सो लेखबाट केही आरोप, केही आग्रहलाई हटाउँदा मेरो आफ्नै लेखझैं मलाई लाग्छ । यति हुँदा हुँदै पनि श्री संग्रौलाज्यूले म उभिएको एउटा ठाउँको अनुमान लगाएर त्यस ठाउँप्रतिका पूर्वाग्रहका कारणले मेरो लेख र मेरा भनाइलाई बुझ्ने गल्ती गर्नुभएको बोध मलाई भएको छ । उहाँले आफूलाई लगाएका र सम्झनु भएका विशेषणहरू समेत मेरो सो



लेखबाट दिउँसै लालटिन बालेर खोजी खोजिकन अझ हुँदै नभएका शब्द- असभ्य, अभद्र, अकृतज्ञ, अप्रिय इत्यादि समेत राखेर धित मार्नु भएको छ ।

नेपाली राजनीतिक जगत्‌मा देखिएका बाइसी चौबिसी राजनीतिक वाम पार्टीले प्रगतिवादी संस्कृतिका चिन्तक तथा सांस्कृतिककर्मीहरूलाई समेत साँगुर्‍याएका छन् । मार्क्सवादी लेनिनवादी सांस्कृतिककर्मीहरूले मार्क्सवाद-लेनिनवाद जत्तिको फराकिलो त हुनै पर्छ । म त ठान्छु- सच्चा मार्क्सवादी लेनिनवादीहरूका बीच सांस्कृतिक दृष्टिकोणमा भिन्नता हुँदैन । खगेन्द्रजीले लेखमा नभए पनि अनुमान लगाएर अलिकति अमुक राजनीतिक पार्टीका सांस्कृतिक विकृतिको आरोप मेरो थाप्लोमा हालिदिनु भएको छ जस्तै- "...सग्लो र सिंगो विकल्प निर्माण गरेपछि मात्र, व्यापक सामाजिक सहमति प्राप्त भएपछि मात्र अकल्याणकारी र रूढीग्रस्त सांस्कृतिक व्यवहारप्रति अवज्ञा गर्न थाल्नुपर्छ भन्नु अकर्मण्यतायुक्त नियतिवाद होइन र ? निर्धा निमुखा र दलित जनतालाई कपटपूर्ण लोभलालच देखाएर निर्वाचन जित्नु, संसदमा गएर निजी वैभव र मोजमस्तीका निम्ति सांसद भत्ता र



> श्री संग्रौलाज्यू मेरो अनुहारमा एमालेको छायाँ देखेर पनि तर्सिनु भएको जस्तो लाग्यो ।

सुविधा बढाउनु, विलासी पजेरो हातलागी गर्नु र समाजवादी विचार र आदर्शलाई नै बदनाम गर्नु, के यसरी नै निर्माण हुन्छ प्रगतिशील राजनीतिक, आर्थिक, सांस्कृतिक विकल्प ?..." अर्को ठाउँमा फेरि ... "पार्टीका छापाहरूमा अमात्यको आत्माको चिरशान्तिको कामना गर्ने श्रद्धाञ्जलि विज्ञापनहरूको ओइरो लागेको देखियो । मार्क्सवाद-लेनिनवाद अनिश्वरवादी- अनात्मवादी जीवनदर्शन हो । आश्चर्य लाग्छ, त्यहाँ त्यसरी कुन अमात्यको कुन आत्माको चिरशान्तिको कामना गरिएको होला ? के यी र यस्ता विचार र आचरणहरू वाम आन्दोलनको वैचारिक दरिद्रता र दिशाहिनताका द्योतक होइनन् ?".... यी उद्धृत विसंगतिको दोष म जस्तो निरीह व्यक्तिका थाप्लोमा हालिदिदा म ठान्छु- यो सर्वथा अन्याय हुन्छ । यी उपरोक्त अंशबारेको श्री संग्रौलाज्यूको आशयसंग मेरो आशय शतप्रतिशत मिल्छ । अब मेरो तीरले मलाई नै के घाच्ला र ! तर श्री खगेन्द्र संग्रौलाज्यूले मभा र घोर कर्मकाण्डवादी र उग्रजातिवादी हिन्दूमा भिन्नता नदेख्नु चाहिं मेरो लागि भीमकाय आश्चर्यको कुरा हो । उहाँले मलाई लगाउनु भएका आरोपका दुई अंश उद्धृत गरूँ:

"स्वरूपका दृष्टिले श्री खरेलका विचारले प्रगतिशील सांस्कृतिक परिवर्तनको समर्थन गरेजस्तो देखिए पनि व्यावहारिक सारको दृष्टिले उहाँका

विचारले भाग्यवादकै सहारा लिन खोजेको देखिन्छ ।..." हिन्दूधर्मलाई ब्रम्हाजीको अकाट्य आदेश ठान्ने घोर कर्मकाण्डवादी र उग्रजातिवादी हिन्दूहरूले अत्यन्त आक्रामक मुद्रा र भाषामा मेरो उपहास गरेथे । खरेलजीको र उनीहरूको मुद्रा र आक्रमण गर्ने शैलीमा मैले विचित्रको समानता पाएँ....

"म चाहिं उक्त आरोपहरू स्वयं श्री खगेन्द्रज्यूलाई लगाउनु पर्ने ठान्दै थिएँ । तर उहाँले उछिन्नु भयो । मलाई आरोप स्वीकार्न गाह्रो पऱ्यो । विद्वान साहित्यकार उहाँ आफैं भन्नुहुन्छ- राजनीतिक र आर्थिक सत्तामा हुने परिवर्तनको वर्गीय प्रक्रिया झैं सांस्कृतिक सत्तामा हुने परिवर्तनको प्रक्रिया पनि भीषण, द्वन्दपूर्ण, घुमाउरो र जटील हुन्छ । यही भनाइमा म शतप्रतिशत विश्वस्त छु । जसरी राजनीतिक तथा आर्थिक सत्ता उल्टाउन एक्लादोक्ला विद्रोह निष्प्रभावी हुन्छन्, अझ यस्ता विद्रोहले प्रतिक्रियावादीहरूलाई सत्ताको झोला अझ कस्न औसर प्राप्त हुन्छ । यसकारण, यस्ता सत्ता परिवर्तन गर्न जनताको ठूलो हिस्सालाई सचेतन रूपमा संगठित गरी एउटा सुगठित पार्टीको निर्माण गरेर द्वन्दात्मक-भौतिकवादी सिद्धान्तले लेश भएको नेतृत्वको अगुवाईमा लामो, घुमाउरो र जटिल आन्दोलनबाट अघि बढ्नु पर्छ । सांस्कृतिक पारिवर्तनको कुरा त झन् दीर्घकालीन र अझ जटिल कुरा हो ।

हामी हाम्रो मौलिक संस्कृति मासिनु हुन्न त भन्छौं नि ! अहिले संस्कृति र संस्कार, रूढीवाद, अन्धविश्वास आदिलाई सूक्ष्मदर्शक यन्त्र लगाएर खुट्याउनु र अलग अलग पार्नु परेको छ ।

मान्छे संवेदनशील प्राणी हो । त्यसकारण, हामी नेपालीको पनि चाड पर्व झैं खुशियाली अभिव्यक्त गर्ने संस्कृति पनि हुनै पऱ्यो । दुःख शोक परेको बेलामा एउटा रीतसंग त्यस दुःख र शोकको विरूद्धमा मानसिक सबलता बढाउँदै त्यसबाट मुक्त हुने संस्कृति पनि चाहियो । आफ्ना छरछिमेक, आफन्त, नातेदार, इष्टमित्र आदिलाई निमन्त्रण गरेर चारगाँस मीठो नमीठो खाने खाउने, दुःखसुखका कुरा गर्ने औसर पनि चाहियो । अर्कातिर, धार्मिक साम्राज्यवाद कानसम्म धनु खिचेर तीर हामीतिर सोझ्याइरहेछ । हिन्दू कर्मकाण्डको विरूद्धमा विद्रोह गर्दा हामीलाई क्रिस्तानी कर्मकाण्ड स्वीकार्य छ त ? हिन्दू धर्मलाई विस्थापित गरेर क्रिस्तान धर्म कायम गराउन विभिन्न कोणबाट, विभिन्न बाटोबाट हिन्दू समाजमा साम्राज्यवादी पसिरहेछन् । यदि जिम्मेवारीपूर्ण रूपमा हामीले धर्म र संस्कृति, संस्कार र अन्धविश्वासबारे स्पष्ट दृष्टिकोण, व्याख्या, विश्लेषणसाथ अघि बढेनौं भने र तर्कहीन विद्रोह मात्र गऱ्यौं भने यसले सम्पत्ति र साधन बोकेर एउटा अन्धविश्वासी कर्मकाण्डको जगमा अर्को अझ जटिल



**हिन्दू कर्मकाण्डको विरूद्धमा विद्रोह गर्दा हामीलाई क्रिस्तानी कर्मकाण्ड स्वीकार्य छ त ? हिन्दू धर्मलाई विस्थापित गरेर क्रिस्तान धर्म कायम गराउन विभिन्न कोणबाट, विभिन्न बाटोबाट हिन्दू समाजमा साम्राज्यवादी पसिरहेछन् ।**

अन्धविश्वासी र घातक कर्मकाण्डी भवन निर्माणमा निस्केको धार्मिक साम्राज्यवादी शक्तिको लागि मलिलो जमीन तयार हुन्छ ।

अझ म यो विकल्पको माग कुनै एउटा असचेत, अनाडी व्यक्तिसंग गरिरहेको छुइनँ । म सन् १८४८ भन्दा पहिलाको समयमा साम्यवादी आन्दोलनको माग गरिरहेको होइन । म त कम्युनिष्ट पार्टीको घोषणा-पत्र लेख्ने क्षमता भएको व्यक्तिसंग, वर्तमान समाज र संस्कृतिको सूक्ष्मतम अध्ययन भएको व्यक्तिसंग विकल्पसहितको आन्दोलनको माग गरिरहेको हुँ । मैले बुझेको कुरा -सूर्य पृथ्वीको वरिपरि घुम्छ भन्ने ग्यालिलियोले सूर्यले पृथ्वीको परिक्रमा गर्छ भन्ने कुरामा मान्दिनँ भनेर त्यही कुराको विरोध मात्र गरेनन् तर त्यसका सट्टामा पृथ्वी पो सूर्यको परिक्रमा गर्छ भनेर पहिलाको तथ्यको विकल्पमा अर्को तथ्य प्रस्तुत गरे । अझै ग्यालिलियो एकजना हुन्छन्, अमेरिका पत्ता लगाउने, कोलम्बस एकजना हुन्छन् । फेरि अर्को जना, फेरि अर्को जना त हुन्नन् नि ! त्यसकारण मेरो भनाइ क्रिया गर्ने कुरामा, नाम राख्ने (न्वारान गर्ने) कुरामा अर्थात् विभिन्न संस्कार र संस्कृतिका कुरामा एउटा स्पष्ट सोच चाहियो । न्वारान गरिआएको चलनको विरोध गर्ने नाममा के कुनै व्यक्तिको औपचारिक नाम नराखिकन हामी पार पाउँछौं ? मलाई लाग्छ, सम्भव छैन । त्यसो भए परम्पराअनुसार सात दिन, एघार दिनको नियम तपाईं हामी मानौं-नमानौं, सुतकको कुरा मानौ-नमानौं, पुरेत ल्याउने, कानफुक्ने या ग्रह गणना गरी नाम जुराउने गरौं-नगरौं, तर कुनै न कुनै प्रकारले नाम त राख्नै पऱ्यो नि ! त्यसो भए प्रगतिशील तथा प्रगतिवादीहरूले व्यक्तिको नाम राख्ने उचित तरिका कुन हो ? कसरी हो त ? एउटा सोच तपाईं हामी जत्तिको सचेत व्यक्तिहरूले दिन सक्नु पऱ्यो । आज हाम्रो अगुवा, नेता, अभियन्ता, प्रगतिवादी साहित्य तथा संस्कृतिका विज्ञ श्री खगेन्द्र संग्रौलासमेत विद्रोही मात्र बन्ने ! मलाई खट्केको कुरा यहींनिर हो ।

लेनिनका दाजु अलेक्स्यान्द्रा जारको हत्या गरेर जारहरूको अत्याचारका विरूद्ध विद्रोहमा ओर्लिए । मार्क्सवाद तथा साम्यवादी सिद्धान्तका व्याख्याता लेनिनले पनि त्यही विद्रोहको बाटो मात्र समात्ने हो त ? उनले आन्दोलनको अगुवाई गर्न जरूरी थियो । आन्दोलनको टेडोमेडो द्वन्दपूर्ण र भीषण बाटो झेल्नु पऱ्यो । बागीको बाटो, विद्रोहको बाटो असफलताको बाटो हो । मेरो भनाई- विद्रोह त बी.पी.बाट पनि भयो, देवीप्रसाद उप्रेतीबाट, रामबाबु प्रसाई आदिबाट पनि भयो, तर अब हामी चाहिं आन्दोलनको उभार उठाऔं न ! यहाँनिर यसो भनिरहेको बेला मैले एमालेको सांस्कृतिक सोच ठीक छ भनेको होइन । मेरै बुझाइको कुरा गर्ने हो भने, एमालेले सांस्कृतिक आन्दोलनको हकमा आफू सामन्तवादी संस्कृतिसंग आत्मसमर्पणको बाटो समाएको आभास मिल्न थालेको छ । नेकपा (एमाले) का नेताहरूको आचार-विचार अब पंचायती नेताका जस्ता बनेका छन् या बन्ने छाँटका छन् ।

श्री संग्रौलाज्यू मेरो अनुहारमा एमालेको छायाँ देखेर पनि तर्सिनु भएको जस्तो लाग्यो । गलत हो मेरो अनुहारमा एमाले देखेर लेखप्रति आग्रह राख्नु । म त आफूलाई मार्क्सवादी-लेनिनवादी ठान्ने पुण्यप्रसाद खरेल हुँ, बस् । म आफूलाई सांस्कृतिक चिन्तनको कुरामा कुनै पार्टीको कठघराभित्र अटाउँदिनँ । मेरो प्रष्ट मान्यता छ- मैले द्वन्दात्मक भौतिकवाद जत्तिको फराकिलो बन्न पाउनु पर्छ । मैले श्री संग्रौलाज्यू एमालेमा हुनुहुन्न या कुनै अमुक पार्टीमा हुनुहुन्छ भन्ने झिनो र पातलो दृष्टिकोणबाट यी कुराहरू भनिरहेको छुइनँ । म त द्वन्दात्मक-भौतिकवादी जति सबै एउटै महलभित्रका, एकै पंक्तिभित्रका सांस्कृतिककर्मीको रूपमा ठान्छु ।

यसकारण, मेरो अझै पनि भनाइ छ- सांस्कृतिककर्मीहरूको एउटा सेमिनार गरौं । संस्कारका कुराहरूमा, संस्कृतिका विषयमा, चाडबाडका विषयमा व्यापक अन्तरक्रिया गरौं । एउटा नयाँ राम्रो र छरितो चलन, रीतिरिवाज शुरूवात गरौं । तर बारपाँजे भएर आजको अवस्थामा समेत एक्लो विद्रोह गर्ने अवस्थाबाट अघि बढौं । नत्र भने, तावाबाट फालहान्दा भुंग्रोमा परिन सक्छ । ❑

साभारः **जनएकता**, मंसिर ९ गते




मार्क्सवादको आधारभूत अध्ययनको निम्ति अत्यन्त उपयोगी पुस्तक

**दर्शनशास्त्रको प्रारम्भिक ज्ञान**

-(लेखक भिक्टर आफानास्येभ)

**बजारमा उपलब्ध छ ।**

*सहभागी प्रकाशन*

डिल्लीबजार, काठमाडौं

# मित्रलाल पंज्ञानीका दुई कविताहरु


लेखक

नेपाली साहित्यमा कविता विधामा प्रगतिशील धाराका एकजना सक्रिय युवा कविको नाम हो- मित्रलाल पंज्ञानी ।

२०१७ साल मंसिर २५ गते स्यांजा जिल्लाको काफलडाँडामा जन्मनु भएका पंज्ञानीले २०३० सालदेखि लेखन क्षेत्रमा प्रवेश गरी 'सामन्त परिचय' र 'उम्रन्छन् आँसुका वृक्ष' दुई कविता संग्रहहरु र एक खण्ड-काव्य 'गतिमान गण्डकी' प्रकाशित गरिसक्नु भएको छ । निबन्ध र कथामा पनि कलम चलाइरहनु भएका पंज्ञानीका दुई कविताहरु हामीले यहाँ पाठकहरुसामु प्रस्तुत गरेका छौं ।

-मूल्यांकन

## प्रजातन्त्र

(दलबहादुर खेत जोत्दै थियो)
ए दलबहादुर !
-हजुर !
यो खेत कसको हो ?
-मालिकको ।
तिम्रो खेत खै त ?
(दलबहादुर ट्वाल्ल पर्‍यो)

ए दलबहादुर !
-हजुर !
तिम्रो छोरो कहाँ छ ?
-भारी बोक्न गा'छ
कसको ?
-मालिकको ।
मालिकको छोरो कहाँ छ ?
-अम्रिका जानु भा'छ ।
किन ?
-पढ्न ।

ए दलबहादुर
-हजुर !
प्रजातन्त्र आएको थाहा पायौ ?
-पाएँ ।
कसले भन्यो ?
-मालिकले !

❑

## तीर्थ जाने बाटो

राक्षसी डाँडो उभिएको छ बाटोमा
डाँडो छाडेर बाटो लाग्न मिल्दैन
बाटै डाँडातिर ठडिएको छ ।

पूर्णिमाको बदली रातजस्तो छ
घना जंगलले गर्दा त्यहाँको दिन पनि
जोडिएका छन् थुप्रै गोरेटाहरू
डाँडाको उकालो मूल बाटोमा ।

ती हरेक गोरेटाहरू हराएका छन् वनमै
-कुनै अखण्ड अन्धकार गुफामा पुगेर
-कुनै छंगासुर भीरधरि पहरामा पुगेर
-कुनै कहालीलाग्दो एकलासे खोंचमा पुगेर ।

डाँडाको फेदी प्रवेशद्वार मूलबाटोमा
तिमीतिर फर्केर भुक्नेछन्
थुप्रै लुते स्यालहरू
लट्ठी बजार्दै अघि बढ्नू तिमी ।

बाटाको देब्रेतिर एउटा गोरेटो जोडिएको छ
'सत्य तीर्थ जाने बाटो' भनेर लेखिएको छ
त्यो गोरेटाको मुखमा ।
धेरै मान्छे झुक्किएर त्यतै गए
गए जति कोही पनि फर्केर आएनन्
तिमी त्यता नजानू ।

गोरेटो छाडेर मूलबाटो लाग्नेबित्तिकै
केही बाघहरू तिमीतिर फर्केर गर्जनेछन्
बाघ होइनन्- बाघजस्तो गर्जने ती जन्तुहरू
अघिका तिनै स्याल हुन्
बाघको छाला ओढेर तर्साउन बसेका
नतर्सीकन ठाँटसित अघि बढ्नू तिमी ।

बाटामा अल्लि पर दायाँ किनारमा
जोडिएको छ अर्को गोरेटो
गोरेटोको मुखमा सिक्काहरू छरिएका छन्
पाँचपैसे, दशपैसे, सुका, मोहर र रूपियाँका
यसो उभिएर हेर्‍यौ भने
सिक्कैसिक्का देख्नेछौ परैसम्म
आँखाले खामेसम्म गोरेटाभरि ।

टिप्टाटिप्दै अझै टिप्ने लोभमा
गोरेटातिरै लागिरहे अघिल्ला धेरै यात्रीहरू
यात्रा बिर्से, मूलबाटो हराए
त्यहाँबाट पनि कोही आएनन् फर्केर ।
तिमीले पाँच-पैसा पनि नटिप्नू
त्यसै पाइयो भनेर ।

अर्को गोरेटो जोडिएको ठाउँमा
एउटी सुन्दरी परी उभिएकी छे
आँखा झिम्काउँछे चम्कौली
कम्मर मर्काउछे, रूमाल हल्लाउँछे
कटाक्ष कामवाण छाडेर
'अँगालो मार्न गोरेटोतिर जाऊ' को संकेत गर्छे
मूल बाटैतिर लाग्नू तिमी
एकरत्ती विचलित नभइकन ।

बाटामा यस्ता थुप्रै गोरेटाहरू छन्
थुप्रै अवरोधहरू छन्
हरेक गोरेटाले तान्न खोज्छन्
लोभ र मोहका अंकुशहरू लगाउँछन्
अंकुशलाई जितेर मूलबाटो लाग्नेबित्तिकै
भेटिनेछन् ब्वाँसा, काला सर्प र बाजहरू
आक्रामक मुद्रामा मूलबाटो छेकेर ।
खतरै खतराले घेरेको यो बाटोमा
षड्यन्त्रै षड्यन्त्र छिचोल्नु पर्ने यो यात्रामा
जति अघि बढ्यो उति सचेत हुनुपर्छ तिमी
आत्मबल अझै उराल्नु पर्छ
छिटो छरितो फूर्तिलो
हुनुपर्छ हावाझैं हलुंगो तिमी
हड्बडाउनु त पटक्कै हुंदैन ।

आफैं भित्रको विपक्षी मनसंग लड
गोरेटाका अंकुशेहरूसंग लड
मूल बाटोका हिंस्रक जन्तुहरूसंग जुध
संघर्ष गर्दागर्दै, अघि बढ्दाबढ्दै
पुग्नेछौ यस्तो खुला ठाउँमा
जहाँबाट धेरै टाढासम्म देख्न सकिन्छ,
जहाँ बाटाका छेउछाउमा मृगहरू
आनन्द मानेर घाम ताप्दै उग्राउदै हुनेछन्
यो सत्य तीर्थको आसपास हो
अब तिमी नजिकै पुगिसकेका हुनेछौं ।

❑

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको ५३ औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफमा हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं ।

कृषि विकास बैंक, परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको ५३ औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफमा हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड ग्रुप






## “मूल्यांकन” मा व्यक्त विचारप्रति “मसाल” को प्रतिकृया !

# “मूल्यांकन मासिक: मसालले प्रतिक्रियावादी चन्द सरकारलाई बचाउन निर्णयात्मक भूमिका खेल्नु पर्दथ्यो”

**हामीले मूल्यांकनको अंक ५१ मा एउटा आवरण कथा छापेका थियौं- “कसरी सखाप पारिंदैछन् ४६ सालका उपलब्धिहरु ?” शीर्षकमा । त्यसमा हामीले तत्कालीन एमाले-राप्रपा गठबन्धन सरकार ढालेर राप्रपा-कांग्रेस सरकार ल्याउनुमा नेकपा (मसाल) ले खेलेको निर्णायक भूमिकाको बारे आलोचना प्रस्तुत गरेका थियौं ।**

**नेकपा (मसाल) ले त्यो आलोचनाको प्रत्युत्तर र प्रत्यालोचना हालै प्रकाशित उसको मुखपत्र “मसाल” को कार्तिक/मंसीर २०५४ को अंकमा प्रकाशित गरेको छ ।**

**हाम्रो आन्दोलनमा आलोचनाप्रति दार्शनिक सहिष्णुता पटक्कै देखिन्न । अक्सरतया आफूलाई आलोचना गरियो भने, त्यसलाई आक्रमण र बेइज्जतीको विषय ठान्ने प्रवृत्ति हामीकहाँ हावी छ । त्यसैले, आफूप्रतिको आलोचनालाई लुकाउने, नसहने र निरुत्साहित गर्ने प्रवृत्ति आम रुपमा हावी छ । यो गलत प्रवृत्ति हो । वास्तवमा विचारको विकास नै स्वस्थ आलोचना र अन्तर्क्रियाबाट हुन्छ । जहाँ विचारको द्वन्द हुँदैन, त्यहाँ विचारको विकास पनि हुँदैन ।**

**यस हिसाबबाट भर्खरै मसालमा प्रकाशित प्रत्युत्तर र प्रत्यालोचनालाई हामीले विचार अन्तर्क्रिया र द्वन्दको लागि महत्त्वपूर्ण सामग्री ठानेका छौं । यो सामग्रीले समसामयिक घटना र समस्यालाई हेर्ने र विश्लेषण गर्ने के-कस्तो विश्व-दृष्टिकोण हामीकहाँ हावी छ भन्ने सवाल बुझ्न निकै राम्रो मद्दत पुर्‍याउँछ । साथै, यसले आफ्नो सोच र दृष्टिकोणबारे घोत्लिएर हेर्न समेत सहयोग पुर्‍याउँछ ।**

**यही महसुस गरेर हामीले मूल्यांकनमै आउला भनेर अपेक्षा गरेको, तर त्यसमा नआएर नेकपा मसालको मुखपत्रमा प्रकाशित भएको सामग्रीलाई हाम्रा पाठकहरुको जानकारीको निम्ति र बहस छलफलको निम्ति हाम्रो यस अंकमा प्रकाशित गरेका छौं ।**

**–मूल्यांकन**

२०५४ कार्तिकमा प्रकाशित 'मूल्यांकन' को मुख्य सम्पादकीय लेख: “कसरी सखाप पारिंदैछन् छयालीस सालका उपलब्धिहरू ?” मा भनिएको छ: “यसपालि त नेकपा (मसाल) र नेमकिपा जस्ता क्रान्तिकारी शक्ति नै पनि त्यसको लागि निर्णायक शक्ति बन्न पुगेको देखिएको छ ।... किनभने हृदयेश त्रिपाठी र कमल थापा जस्ता ४ जना ढुलमुल मानिसको भोट मसालले निश्चित रूपमा अविश्वासको प्रस्तावमा भोट हाल्ने र सरकार गिर्ने टुंगो भएपछि मात्र अर्को पक्षमा गएको थियो । यसको मतलब, १०७ मतले जितेको विश्वासको प्रस्ताव मसालले तटस्थ बस्ने मात्र निर्णय गरेको खण्डमा पनि १०१ भोटको मात्र भागीदार हुन्थ्यो र अविश्वास प्रस्ताव मतदानमा हार्थ्यो ।”

ठीक यही व्याख्या एमालेको पनि रहेको छ । प्रदीप नेपाल लेख्दछन्: “एमालेसहितको सरकार ढाल्नमा मसाल र मजदूर किसान पार्टीका नेताहरूको प्रमुख भूमिका रहेको छ भन्ने जगजाहेर छ ।” (एक्काइसौं शताब्दी, ०५४ कार्तिक, पृ. ४) उनले एमाले-राप्रपा सरकारलाई ढाल्नमा हामीले खेलेको भूमिकालाई “क्रान्तिको नाममा प्रतिक्रान्तिको सेवा” घोषित गरेका छन् । यो प्रश्नबारे हामीले बेग्लै चर्चा गर्न चाहन्नौं र “मूल्यांकन” को समीक्षाका दौरानमा नै त्यो विषयमाथि पनि प्रकाश हाल्नेछौं । त्यसकारण, यहाँ हामीले आफूलाई मुख्यत: “मूल्यांकन” मासिकले यसबारे अगाडि सारेका विचारहरूको समीक्षासम्म नै आफूलाई सीमित राख्नेछौं ।

“मूल्यांकन” ले स्पष्ट शब्दमा यो राय प्रकट गरेको छ: मसाल कमसेकम तटस्थ बसेको भए पनि अविश्वासको प्रस्तावले हार्दथ्यो, त्यसरी चन्द सरकार ढल्ने थिएन र त्यही सही कुरा हुन्थ्यो । अर्को शब्दमा, त्यसले यो मत प्रकट गरेको छ कि, मसालले चन्द सरकारलाई बचाउन निर्णयात्मक भूमिका खेल्नु पर्दथ्यो । मसालले त्यसो गर्नुको सट्टा चन्द सरकारको विरोध गरेकोमा त्यसको (मसालको) त्यो नीतिको आलोचना गर्दै “मूल्यांकन” ले लेख्दछ: 'यो ढंग द्वन्दवादी, भौतिकवादी त भएन भएन, यो त होशको राजनीति पनि भएन । यो त बेहोशको राजनीति भयो, आक्रोशको प्रतिक्रियामा गर्ने प्रतिक्रियात्मक राजनीति भयो ।' यहाँ यो उल्लेखनीय छ कि, “मूल्यांकन” ले हाम्रो विरूद्ध प्रकट गरेको यस प्रकारको सोचाइले एमाले तथा 'माओवादीहरू'ले हाम्रा विरूद्ध प्रकट गरेको रायसित मेल खान्छ । यद्यपि, अभिव्यक्तिका रूप र शैलीहरू बेग्लाबेग्लै छन् । शायद यो संयोगको मात्र कुरा होइन कि- एमाले मात्र होइन, 'माओवादीहरू' र 'मूल्यांकन' ले पनि सिधा र स्पष्ट शब्दमा यो मत प्रकट गरेका छन् कि- हामीले प्रतिक्रियावादी एमाले-राप्रपा सरकारलाई बचाउने नीति लिनुपर्दथ्यो ।

'मूल्यांकन' ले चन्द सरकारका विरूद्धको अविश्वासको प्रस्तावलाई समर्थन गर्ने हाम्रो नीतिलाई किन 'द्वन्दात्मक-भौतिकवादी' र 'होशको राजनीति' नभएको घोषित गरेको छ ? त्यसले लेख्दछ: 'अविश्वासको प्रस्तावद्वारा राप्रपा-एमाले सरकार गिरेपछि देशमा त्योभन्दा पनि चरम प्रतिक्रियावादी सरकार सत्तामा आयो ।' वर्तमान सरकार प्रतिक्रियावादी हो । तर यो सरकारलाई पूर्व सरकारभन्दा 'चरम प्रतिक्रियावादी' बताउने बेलामा त्यो पत्रिकाले यो सरकारभन्दा चन्द सरकार प्रगतिशील थियो भनेर बताउन खोजेको हो ? तर स्वयं 'मूल्यांकन' को भनाइबाट पहिलेको सरकार पनि प्रतिक्रियावादी थियो भन्ने बुझिन्छ, जसको हामीले पछि चर्चा गर्नेछौं । अनि के मसालले एउटा प्रतिक्रियावादी सरकारलाई बचाउन निर्णयात्मक भूमिका खेल्नु 'द्वन्दात्मक-भौतिकवादी' र 'होशको राजनीति' हुन्थ्यो भन्न खोजेको हो ?

'मूल्यांकन' मासिकले चन्द सरकारलाई ढाल्ने प्रयत्न गर्नुपर्ने आवश्यकतालाई अस्वीकार गरेको छैन । अगाडि लेख्दछ: 'अलग अलग रूपमा हेर्दा त चन्द-एमाले सरकार बचाएर राख्नु पर्ने प्रगतिशील सरकार हुँदै होइन... तर मुख्य प्रश्न हो- कुन समय र परिवेशमा किन र कसबाट यो सरकारको अन्त गरिँदै थियो ? र, यसको विकल्पमा कस्तो सरकार आउन लागेको थियो ? यसको विकल्पमा योभन्दा राम्रो सरकार ल्याउनको लागि र ल्याउन सकिने समय र परिवेश छ भने त यस्तो सरकारलाई हजार बार ढाल्नु जरूरी थियो । तर यो अन्त गरेर योभन्दा पनि खराब वा सबैभन्दा खराब सरकार आउनेवाला छ भने नि ? यही मूर्त ऐतिहासिक सन्दर्भ र समय र परिवेशको प्रश्नलाई मसाल र नेमकिपाका मित्रहरूले भुल्नुभएको देखिन्छ ।”

निश्चय नै, यो प्रश्नप्रति हाम्रो पार्टीले ध्यान नदिएको होइन । हाम्रो पार्टीले त्यस प्रकारका सबै सम्भावनाहरूमाथि ध्यान दिएर नै चन्द सरकारका विरूद्धको अविश्वासको प्रस्तावलाई समर्थन गर्ने निर्णय गरेको थियो । त्यो प्रस्तावमा मतदान हुनुभन्दा पहिले नै 'हाँक' साप्ताहिक (२०५४ असोज १५) मा प्रकाशित का. मोहनविक्रम सिंहको लेखमा “अविश्वासको प्रस्तावको औचित्यता केमा अन्तर्निहित छ ?” मा त्यसबारे हाम्रो पार्टीको दृष्टिकोणबारे स्पष्ट शब्दमा र विस्तृत रूपले प्रकाश हालिएको थियो । त्यो लेखको तलको भनाइबाट त्यो कुरा प्रष्ट हुनेछ । अहिले एमाले, माओवादीहरू, मूल्यांकन र अन्य कतिपय पक्ष र पत्रपत्रिकाहरूले यो प्रश्नलाई व्यापक रूपले उठाएको कुरामाथि ध्यान दिंदै त्यो

## सर्वप्रथम त हामीले आफ्नो स्थिति तथा 'मूल्यांकन' ले भन्दा हामीले कसरी बेग्लै प्रकारले मध्यावधि चुनावको प्रश्नलाई हेर्दछौं ? त्यो स्पष्ट पार्न चाहन्छौं ।

लेखको तलको उद्धरण केही लामो भए पनि जस्ताको तस्तै दिँदैछौं-

"अहिलेको सरकारका विरूद्ध मत दिने सन्दर्भमा प्रायशः यो प्रश्न उठाएको पाइन्छः यसको ठाउँमा कस्तो सरकार आउनेछ ? यो विषयप्रति हाम्रो ध्यान गएको छैन भन्ने होइन । वर्तमान सरकारको अन्त भएर गिरिजा, देउवा, थापा आदि जसको नेतृत्वमा सरकार बने पनि ती प्रतिक्रियावादी सरकारहरू नै हुनेछन् । गिरिजा, देउवा वा थापाको नेतृत्वमा बनेका सरकारहरूको इतिहास हामीलाई थाहा छ । यो सरकारका ठाउँमा बन्ने सरकारहरूद्वारा अरू राज्यआतंक बढ्ने, राष्ट्रघात हुने वा भ्रष्टाचार बढ्ने सम्भावनाप्रति पनि हाम्रो ध्यान छ । स्वयं हामीहरू समेतका मतले वर्तमान सरकार खतम भएर यसको ठाउँमा स्थापित हुने सरकारद्वारा स्वय हाम्रो पार्टी पनि अरू दमनको शिकार हुन सक्ने संभावनालाई पनि हामीले अस्वीकार गर्दैनौं । तर के ती कारण वा सम्भावनाहरूका कारणले वर्तमान सरकारलाई समर्थन गर्नु पर्दछ र गर्नु उचित हुन्छ भन्ने कुरामाथि हामीले विश्वास राख्दैनौं ।"

त्यस सिलसिलामा त्यो लेखमा अगाडि भनिएको छः "कुनै खास अवस्थामा वर्तमान प्रतिक्रियावादी व्यवस्थाभित्र बहुमत प्राप्त गरेर प्रगतिशील र जनपक्षीय शक्तिहरू पनि सत्तारूढ हुनसक्ने अपवाद सम्भावनाहरूलाई छाडेर, वर्तमान व्यवस्थाअन्तर्गत कायम हुने सरकारहरूको स्वरूप मूलतः प्रतिक्रियावादी नै हुन्छ । एउटा प्रतिक्रियावादी सरकारको अन्त भए पनि त्यसका ठाउँमा आउने सम्भावित सरकार प्रतिक्रियावादी नै हुन्छ । त्यो अवस्थामा कुनै विद्यमान सरकारको ठाउँमा पुनः अर्को प्रतिक्रियावादी सरकार कायम हुने सम्भावनाले आशंकित भएर विद्यमान सरकारको विरोध नगर्ने नीति अपनाउने हो भने, त्यसको अनिवार्य निष्कर्ष यो हुनेछ- सबै प्रतिक्रियावादी सरकारहरूको समर्थन गर्ने नीति अपनाउनु पर्नेछ । विकल्पमा कुनै जनपक्षीय वा प्रगतिशील सरकारको स्थापना संभव छैन । बदलामा पुनः अर्को प्रतिक्रियावादी सरकारको संभावना छ । त्यसकारण, विद्यमान प्रतिक्रियावादी सरकारहरूको समर्थनको यस प्रकारको नीति आफ्नो उग्र "वामपन्थी" कालमा पूर्व मा.ले.ले बीचमा अपनाउने गर्दथ्यो भने अहिले 'माओवादी' समूहहरूले यदाकदा त्यस प्रकारका विचारहरू अगाडि ल्याउने गर्दछ । तर त्यस प्रकारको सोचाइले मार्क्सवादी-लेनिनवादी सोचाइसित अलिकति पनि मेल खान्न र त्यसले समाजको विकासका वा जनआन्दोलनमा प्रतिगामी चिन्तनको प्रतिनिधित्व गर्दछ । त्यही कारणले त्यस प्रकारको 'वामपन्थी' सोचाइलाई आफ्नो प्रतिक्रियावादी वा प्रतिगामी राजनैतिक उद्देश्यहरू पूरा गर्न उपयोग गर्न प्रतिक्रियावादी शक्तिहरू सधैं प्रयत्नशील रहन्छन् । तर नेकपा (मसाल) ले "क्रान्तिकारिता" को आडमा



प्रतिक्रियावादी शक्तिहरूको सेवा गर्ने नीतिलाई कहिल्यै पनि अपनाउने गरेको छैन र अहिलेको अविश्वासको सन्दर्भमा पनि हाम्रो पार्टीले त्यस्तो गल्ती गर्ने छैन । त्यसको अर्थ हो- हाम्रो पार्टीले राप्रपाको नेतृत्वमा बनेको वर्तमान सरकारका विरूद्धको अविश्वासको प्रस्तावलाई समर्थन गर्ने आफ्नो अडानबाट हट्ने छैन, न मतदानमा भाग नलिएर वा तटस्थ रहेर चोर ढोकाबाट वर्तमान सरकारलाई बचाउने जस्तो कार्यमा नै सामेल हुनेछ । भविष्यको प्रतिक्रियावादको आशंकाले वर्तमानको प्रतिक्रियावादको सेवा ! बताइरहनु पर्ने आवश्यकता छैन कि, यो नांगो प्रकारको अवसरवाद हो । अविश्वासको प्रस्ताव सफल हुन्छ, वर्तमान सरकार अपदस्थ हुन्छ र त्यसको ठाउँमा पुनः अर्को प्रतिक्रियावादी सरकारको स्थापना हुन्छ भने के गर्ने ? हाम्रो नीति सिधा र स्पष्ट छ । प्रतिक्रियावादका विरूद्धको संघर्ष पुनः नयाँ प्रकारले अगाडि बढ्छ र बढ्नु पर्दछ । प्रतिक्रियावाद सधैं एउटै रूपमा कायम रहन्न र नयाँ नयाँ रूपमा अगाडि बढिरहन्छ । जब त्यो (प्रतिक्रियावाद) कुनै एउटा रूपमा पराजित हुन्छ, त्यो पुनः नयाँ रूपमा अगाडि आउँछ । प्रतिक्रियावादी व्यवस्था रहँदासम्म त्यो सिलसिला लगातार चलिरहन्छ । त्यही कुरा कुनै प्रतिक्रियावादी सरकारका सन्दर्भमा पनि सत्य हो । त्यो अवस्थामा कुनै क्रान्तिकारी पार्टीको नीति के हुन्छ र हुनुपर्दछ ? प्रतिक्रियावाद जुन रूपमा अगाडि आए पनि त्यसमाथि हमला गर्नु । त्यही नीतिअनुसार, प्रत्येक प्रतिक्रियावादी सरकारमाथि आक्रमण गर्ने हाम्रो

> चन्द सरकारका विरूद्ध अविश्वासको प्रस्ताव अगाडि आएको बेलामा हामीले कुन प्रकारको नीति अपनाउनु पर्दथ्यो ? सही विकल्प के हुन्थ्यो ?

नीति हुन्छ र हुनुपर्दछ । त्यो क्रममा यदि आज कुनै प्रतिक्रियावादी सरकार अपदस्थ हुन्छ र त्यसको ठाउँ अर्को प्रतिक्रियावादी सरकारले लिन्छ भने पनि एउटा प्रतिक्रियावादी सरकारलाई हटाएर सत्तामा आएको कारणले त्यसलाई समर्थन गर्नु पर्दछ भन्ने कुरा आउन्न । त्यसरी संसदभित्र मात्र होइन, संसद बाहिर पनि हाम्रो संघर्षको प्रक्रिया चलिरहन्छ र त्यो क्रममा विद्यमान प्रतिक्रियावादी व्यवस्थाका विरूद्ध लगातार संघर्षको सिलसिलामा जनताको चेतना र संघर्षको स्तरमा हुने बृद्धिले त्यसका (विद्यमान प्रतिक्रियावादी व्यवस्थाका) विरूद्ध निर्णयात्मक आक्रमणका लागि आधार तयार पार्नेछ र यो लामो तथा दीर्घकालीन प्रक्रिया हो । हामीले विद्यमान सरकारको विरूद्धको अविश्वासको प्रस्तावलाई पनि त्यही परिप्रेक्ष्यमा लिएका छौं- संघर्षको लामो र दीर्घकालीन प्रक्रियाको एउटा तात्कालीन कडीका रूपमा नै तात्कालीन रूपमा पनि यो हाम्रो संघर्षको एउटा सहायक अंश मात्र हो, जबकि प्रधान पक्ष गैरसंसदीय जनसंघर्ष हो ।

त्यसरी चन्द सरकारका विरूद्धको अविश्वासको प्रस्तावका सन्दर्भमा हामीले त्यससित जोडिएका सबै पक्षहरूमाथि ध्यान दिएर नै त्यसलाई समर्थन गर्ने निर्णय गरेका थियौं । र, 'मूल्यांकन' ले अत्यन्त तल्लो स्तरमा उत्रेर आरोप लगाए झैं त्यो 'बेहोशको राजनीति' थिएन ।

चन्द सरकारका विरूद्ध अविश्वासको प्रस्ताव अगाडि आएको बेलामा हामीले कुन प्रकारको नीति अपनाउनु पर्दथ्यो ? सही विकल्प के हुन्थ्यो ? स्वयं मूल्यांकनको त्यस प्रकारको विकल्पबारे के सोचाइ छ ? त्यस सिलसिलामा त्यसले दुई वटा कुराहरू अगाडि ल्याएको छः प्रथम- 'चन्द-एमाले सरकारभन्दा कम खराब विकल्प एमाले- कांग्रेस सरकार थियो ।" द्वितीयः 'त्योभन्दा पनि राम्रो विकल्प देशमा अविलम्ब मध्यावधि चुनाव थियो ।' यो पछिल्लो विकल्पमा जोड दिँदै त्यसमा भनिएको छः 'अहिलेको समय र परिवेशमा मध्यावधि चुनावले नै देशलाई जनपक्षीय शक्तिहरूको बाहुल्य भएको स्थिर संयुक्त सरकारतिर डोऱ्याउन सक्दथ्यो । देशलाई राजनैतिक अस्थिरता र राप्रपाको नाकै भाँच्ने मोलतोलको प्रतिगामी चंगुलबाट मुक्त गर्न सक्दथ्यो ।... त्यसैले भएका विकल्पहरूमध्ये सर्वोत्तम विकल्प अविलम्ब मध्यावधि चुनाव थियो ।' त्यसले अगाडि सारेका विकल्पका सन्दर्भमा सर्वप्रथम त हामीले आफ्नो स्थिति तथा 'मूल्यांकन' ले भन्दा हामीले कसरी बेग्लै प्रकारले मध्यावधि चुनावको प्रश्नलाई हेर्दछौं ? त्यो स्पष्ट पार्न चाहन्छौं । त्यसले मध्यावधि चुनावलाई 'सर्वोत्तम' विकल्प यस आधारमा बताएको छः प्रथम- त्यसबाट जनपक्षीय शक्तिहरूको बाहुल्य भएको स्थिर संयुक्त सरकार संभव हुन सक्नेछ, द्वितीय, देश राजनैतिक अस्थिरताबाट मुक्त हुनेछ र तृतीय, देश राप्रपाको मोलतोलको प्रतिगामी चंगुलबाट मुक्त हुन सक्नेछ । हामीले चीजलाई त्यसरी हेर्दैनौं । 'मूल्यांकन' को जनपक्षीय शक्तिहरूको बाहुल्य भएको सरकार भनेर एमालेको बाहुल्य भएको सरकारलाई बताएको हुन सक्छ । तर अहिलेदेखि नै एमालेले राप्रपाको एउटा पक्षसित संयुक्त भएर चुनाव लड्ने र संयुक्त सरकार बनाउने कुरा गर्दैछ । गएको इतिहासले पनि एमालेको बाहुल्य भएको सरकार प्रतिक्रियावादी पनि हुन सक्दछ भन्ने कुरा प्ष्ट भएको छ, जस्तो कि, स्वयं 'मूल्यांकन' ले एमाले-राप्रपा सरकारबारे यो राय प्रकट गरेको छ । त्यो अवस्थामा मध्यावधि चुनावपछि जनपक्षीय



**सबै जोड घटाउबाट मूल्यांकनले यो निष्कर्ष निकाल्दछः सूर्यबहादुर प्रधानमन्त्री भएकाले वर्तमान सरकार 'चरम प्रकारको प्रतिक्रियावादी', तर चन्द प्रधानमन्त्री भएको सरकार 'कम खराब' ।**

शक्तिहरूको बाहुल्य भएको स्थिर र संयुक्त सरकारको परिकल्पना कति हचुवा प्रकारको छ ? एउटा प्रतिक्रियावादी व्यवस्थाभित्र देश राजनैतिक अस्थिरताबाट मुक्त हुने कुरा प्रतिक्रियावादीहरूले सोच्न सक्दछन्, तर कुनै मार्क्सवादी-लेनिनवादीले त्यस प्रकारका सोचाइमा कहिल्यै विश्वास राख्दैन । जहाँसम्म मध्यावधिपछि देश राप्रपाको प्रतिगामी मोलतोलको चंगुलबाट मुक्त हुने भन्ने प्रश्न छ, जब एमालेले नै राप्रपाको एउटा गुटलाई काँधमा बोकेर हिँडिरहेको छ, त्यो संभावना नै कहाँ रहन्छ ?

'मूल्यांकन' ले यो लेखेको छः 'चन्द-एमाले सरकारको पतनको भन्दा राम्रो विकल्प अस्तित्वमा ल्याउनको लागि पर्ने हो, योभन्दा पनि चरम प्रतिक्रियावादी र प्रतिगामी सरकार ल्याउनका लागि कदापि होइन ।' त्यस सिलसिलामा अगाडि भनिएको छः 'चन्द-राप्रपा सरकारभन्दा कम खराब विकल्प एमाले-कांग्रेस सरकार थियो ।... निर्णायक मत आफ्नो साथमा हुने दुवै पार्टीले (अर्थात् मसाल र नेमकिपाले) यो शर्त दुबै पार्टीलाई राख्न सक्थे र देशलाई त्यता डोऱ्याउने पहल गर्न सक्थे) । तर त्यहीं यो मासिकले अहिले बनेको 'थापा-गिरिजा गठबन्धनलाई'... 'सबैभन्दा प्रतिगामी गठबन्धन' बताएको छ । अनि त्यही 'सबैभन्दा प्रतिगामी गठबन्धन' को एउटा सहभागी कांग्रेस र एमालेको गठबन्धनलाई सफल पार्न मसालले पनि पहल गर्नुपर्ने सल्लाह त्यो विकल्प हो, जो वर्तमान समय र परिवेशमा चन्द सरकारको विरूद्धको अविश्वासको प्रस्तावको समर्थनमा 'मूल्यांकन' ले हाम्रो अगाडि राखेको छ । त्यस प्रकारको सल्लाहको निष्कर्ष हो- त्यस्तो विकल्पको अभावमा हामीले 'कदापि' चन्द सरकारलाई ढाल्ने प्रयत्न गर्नु हुँदैनथ्यो वा त्यसलाई बचाउनेतिर नै हाम्रो प्रयत्न हुनु पर्दथ्यो । कमसेकम मतदानमा तटस्थ रहेर भए पनि ।

मूल्यांकनले हामीलाई यस्तो सरकारलाई ढाल्न 'कदापि' प्रयत्न नगर्ने वा त्योभन्दा राम्रो विकल्प तयार नहुँदासम्म त्यसलाई बचाउन प्रयत्न गर्नुपर्ने सल्लाह दिएको छ, जसलाई स्वयं त्यसले पनि प्रतिक्रियावादी वा प्रतिक्रियावादतिर उन्मुख नै ठान्दछ । एमाले-राप्रपा सरकारबारे आफ्नो दृष्टिकोण स्पष्ट गर्दै त्यसमा भनिएको छ- 'चन्द-एमाले सरकारको कार्यदिशा पनि जम्मामा प्रतिगामी थियो, प्रगतिशील थिएन । त्यसैले यो सरकारको पतन जरूरी थियो । यो सवालमा दुईमत छैन ।' त्यस सिलसिलामा अगाडि भनिएको छः 'चन्द-एमाले सरकार 'प्रतिगामितातर्फ उन्मुख सरकार हो । र, डा. चैतन्य मिश्रले भनेझैं- यो जति बढ्ता रह्यो, देश र एमाले स्वयंलाई उति नोक्सानी थियो ।"

जहाँसम्म कांग्रेसको प्रश्न छ; त्यससितको एमालेको गठबन्धनलाई 'मूल्यांकन' ले 'चन्द-एमाले सरकारभन्दा कम खराब विकल्प ठान्दछ । त्यसपछि आजको सरकारलाई 'चरम प्रतिक्रियावादी' बताउनुका पछाडि एउटै आधार बाँकी रह्यो- वर्तमान सरकारमा सूर्यबहादुर थापा प्रधानमन्त्री छन् । सबै जोड घटाउबाट मूल्यांकनले यो निष्कर्ष निकाल्दछः सूर्यबहादुर प्रधानमन्त्री भएकाले वर्तमान सरकार 'चरम प्रकारको प्रतिक्रियावादी' तर चन्द प्रधानमन्त्री भएको सरकार 'कम खराब' । त्यसकारण, हामीले थापा सरकार अस्तित्वमा आउन निश्चित भएकाले चन्द सरकारलाई बचाउन प्रयत्न गर्नु पर्दथ्यो । तर के चन्द र थापामा त्यस प्रकारको अन्तरका लागि, एउटालाई समर्थन र अर्कोलाई विरोध गर्नका लागि, कुनै आधार छ ? स्वयं 'मूल्यांकन' को अध्ययन गऱ्यौं भने, उनीहरूले दुवैका बीचमा त्यस प्रकारको आधार भएको कुरालाई खण्डन गर्दछन् । त्यसमा भनिएको छः 'थापा चन्दको कुर्सी झगडाको रूपमा अहिलेका घटना क्रमलाई हेर्नु साह्रै नै भ्रमपूर्ण गलत कुरा हो । यथार्थमा यहाँ दरबारबाट एउटा ग्रायण्ड डिजाइनको जाल बुनेको देखिन्छ ।... लोकेन्द्रबहादुर चन्द त्यही डिजाइनका एक गोटी मात्र देखिन्छन् ।' त्यसरी स्वयं 'मूल्यांकन'को व्याख्याअनुसार, चन्द र थापा दुवै दरबारको ग्रायण्ड डिजाइनका गोटीहरू मात्र हुन् । त्यो मासिकले त्यही लेखमा चन्द पनि दरबारको कट्टर समर्थक बताएको छ । अझ यसबारे वास्तविकता यो हो कि, सूर्यबहादुर चन्दभन्दा बढी भारतपरस्त छन् भने चन्द थापाभन्दा बढी राजापरस्त । त्यही त्यो स्थिति हो, जसले गर्दा हाम्रो पार्टीले ती दुवैको विरोध गर्ने नीति अपनायो । तर त्यसको विपरीत 'मूल्यांकन'ले दरबारका ग्रायण्ड डिजाइनका गोटीहरूमध्ये एउटाको विरोध गरेर अर्कोलाई बचाउन जोड दिने र त्यसो नगरेकोमा हाम्रा विरूद्धको आक्रमणको नीतिले कुन प्रकारको "द्वन्दात्मक-भौतिकवादी" चिन्तनलाई व्यक्त गर्दछ ? जब मूल्यांकनले यो ठीक लेखेको छ- 'एमाले र कांग्रेस दुवै छयालीस सालका उपलब्धिहरू सखाप पार्ने दरवारका रणनीतिक योजनामा नराम्ररी प्रयोग हुँदै आएको देखिन थालेको छ ।' यस सिलसिलामा त्यसमा अगाडि लेखिएको छः 'मसाल र नेमकिपा पनि जान वा अनजानमै दरबारको फेरामा परेका देखिन्छन् ।' नेमकिपाको प्रतिनिधित्व गरेर त्यसतर्फबाट केही स्पष्टीकरण दिनु हाम्रा लागि राम्रो हुने छैन । तर मसालले चन्द वा थापा दुवै र समग्र रूपमा राप्रपाको दृढतापूर्वक सम्झौताहीन प्रकारले विरोध गर्दै आएको छ, दरबारको रणनीतिक योजना र ग्रायण्ड डिजाइनका विरूद्धको हाम्रो सम्झौताहीन संघर्षको अंश हो । अब यहाँ यो विचारणीय प्रश्न हो: "मूल्यांकन" को दरबारले अगाडि सारेको एउटा गोटी लोकेन्द्रबहादुर चन्दलाई विरोध गर्ने नीति 'दरबारको फेरामा' पर्नु हुन्छ वा 'मूल्यांकन' ले झैं त्यसलाई 'कम खराब' बताएर त्यसलाई समर्थन गर्ने नीति ?

शायद यो उनीहरूले मार्क्सवाद-लेनिनवादमा गरेको सिर्जनात्मक विकासको नै परिणाम हो कि, अब उनीहरूले प्रतिक्रियावादसितको साँठगाँठलाई नै क्रान्ति तथा त्यसको विरोधलाई प्रतिक्रान्ति ठान्न पुगेका छन् । तर हामी यहाँ एमालेको त्यस प्रकारको दृष्टिकोणको चर्चा पछि लाग्दैनौं । तर यहाँ हामी यो कुरा बुझ्न साँच्चिकै उत्सुक छौं ।

मूल्यांकनले स्वयं लेख्दछः 'यो जगजाहेर छ, थापा जस्तो र सिंगै राप्रपा जस्ता प्रतिगामी सामाजिक शक्ति कुनै पनि जनपक्षीय र प्रजातन्त्रवादी शक्तिका लागि प्रजातन्त्रवादी मित्र हुन सक्दैन । तर यो कुरा थापाबारे मात्र लागू हुन्छ वा यो चन्दबारे पनि ? या यो सिंगै राप्रपाबारे लागू हुन्छ वा थापा र चन्दहरूका बीचमा परस्परमा विरोध भएमा वा उनीहरू फुटेमा पनि ? तर एमालेले चन्द गुटलाई प्रजातन्त्रवादी मित्र भनेको छ, अनि के एमालेले त्यसलाई प्रजातन्त्रवादी मित्र बताएकोले एमालेले पनि त्यसको वा त्यसको नेतृत्वमा बनेको सरकारलाई कम खराब बताएर त्यसको समर्थनमा यति धेरै जोड दिएको छ ? दरबारको ग्रायण्ड डिजाइनअन्तर्गत अगाडि सारिएको एउटा गोटी रक्षाको कट्टर समर्थकको नेतृत्वमा बनेको सरकारको समर्थनबाट ग्रायण्ड डिजाइनमा मद्दत पुग्ने कुरा कुनै लाटोले पनि बुझ्न सक्दछ । त्यही कमी मसालले गरेन र चन्द र थापा दुवैको विरोध गऱ्यो । हाम्रो त्यो कारवाहीबाट एमालेलाई दुःख पुग्ने र आक्रोशित हुने कुराको अर्थ बुझ्न सकिन्छ । त्यस प्रकारको आक्रोशको नै परिणम हो कि, हामो पार्टीको लोकेन्द्रबहादुर चन्द जस्तो राजाको कट्टर समर्थक र ०४६ सालको बदनाम जनहत्याराको नेतृत्वमा बनेका संयुक्त सरकारलाई विरोध गर्ने नीतिलाई प्रदीप नेपालले क्रान्तिका नाममा प्रतिक्रान्तिको सेवा घोषित गरेका छन् । (हेर्नुहोस्, एक्काइसौं शताब्दी, ०५४ कार्तिक)

चन्द सरकारको कालमा स्वयं एमालेको भूमिका कुन प्रकारको रह्यो ? के त्यसले गरेका कामहरूका आधारमा त्यसका विरूद्ध आएको अविश्वास प्रस्तावका सन्दर्भमा त्यसलाई समर्थन

## चन्द सरकारको कालमा स्वयं एमालेको भूमिका कुन प्रकारको रह्यो ?

गर्नको लागि कुनै आधार छ ? स्वयं मूल्यांकनले प्रस्तुत गरेका सामग्रीका आधारमा त्यसबारे के निष्कर्ष निकाल्न सकिन्छ ?

मूल्यांकनले बताए झैं चन्द-एमाले सरकारको "कार्यदिशा जम्मामा प्रतिगामी थियो ।" के एमालेका पनि त्योभन्दा बेग्लै थियो वा त्यस प्रकारको प्रतिगामी दिशाका विरूद्ध संघर्षको कुनै भूमिका रह्यो ? स्वयं मूल्यांकनले त्यस प्रकारको कुनै आधार प्रस्तुत गर्न सकेको छैन । बरू स्वयं त्यो मासिकले प्रस्तुत गरेको विवरणबाट एमाले त्यस प्रकारको प्रतिगामी कार्यदिशामा सामेल भएको र त्यसलाई सफल पार्न पूरै लागेको देखिन्छ ।

मूल्यांकनले लेख्दछ: 'माओवादी समस्यालाई राजनीतिक ढंगले समाधान गर्नुपर्छ भनेर सत्तामा आएको एमाले ६ महिना नपुग्दै माओवादीलाई आतंकवादी र माओवादी समस्यालाई "आतंकवादी समस्या" भनेर नामाकरण गर्न पुगिसकेको थियो । माओवादीहरू आतंकवादी ठहरिएपछि त उसमाथि गर्ने व्यवहार भनेको नृशंस दमन नै हो । एमालेको शीर्षस्थ नेतृत्व अब यही दिशामा जान वैचारिक रूपले तम्तयार भएको थियो । एमालेकै भागमा परेको गृह मन्त्रालयले बदनाम पंचायतकालीन सुरक्षा कानून यही नियतले ब्यूँझाएको थियो । आतंकवादी विधेयकको मस्यौदा ल्याउने स्थायी समितिमा सैद्धान्तिक सहमति पनि यही नियतले भएको थियो । क्याबिनेटले अघोषित रूपमा नेपालमा सैनिक र प्रहरीको र उनीहरूमार्फत् दरबारको निरंकुशतन्त्र फर्काउने बदनाम आतंककारी विधेयकलाई संसदमा ल्याउने उद्देश्यले पास समेत गरिसकेको थियो ।' के त्यो विवरणबाट एमाले-राप्रपा सरकार नढलेर कायम रहेको भए पनि त्यसले माओवादीहरू माथि "नृशंस दमन" गर्न "एमालेको शीर्षस्थ नेतृत्व त्यही दिशामा जान वैचारिक रूपले तम्तयार भएको" थियो भन्ने कुरामा के शंका रहन्छ ? मूल्यांकनको त्यो भनाइबाट एमाले, राप्रपा सरकार नेपालमा दरबारको निरंकुशतन्त्र फर्काउने काममा लागिरहेको र त्यसमा एमालेको कुनै विरोध, आपत्ति नभएको र त्यसको "शीर्षस्थ नेतृत्व" पनि त्यही दिशामा जान "तम्तयार" भएको कुरामा पनि कुनै द्विविधा रहन्न । मूल्यांकनले लेखेको छ: 'सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा नयाँ सरकार आउने बित्तिकै त्यसले माओवादीहरूको..... लाई आफ्नो सबैभन्दा प्रमुख कार्यभार बताएको छ... थापाको शुरूको घोषणा र गतिविधिबाटै के संकेत मिलेको छ भने, अबको नेपाल रक्तपातमय नेपाल हुनेछ र सबैभन्दा धेरै रगत नेपालका तमाम जनपक्षीयहरूको बहनेवाला छ ।' यो भनाइबारे हामीले कुनै टिप्पणी गर्न चाहन्नौं, किनभने प्रतिक्रियावादी शक्तिहरूका सबै प्रकारका दमनहरूको सामना गरेर नै क्रान्तिकारी आन्दोलन अगाडि बढ्छ र बढ्न सक्दछ । यसबारे आफ्नो दृष्टिकोण हामीले पहिले नै स्पष्ट गरिसकेका छौं । तर मूल्यांकनले माथि एमाले-राप्रपा सरकारले देशमा माओवादीहरूमाथि "नृशंस दमन" तथा एमालेका शीर्षस्थ नेतृत्व त्यसको लागि "तम्तयार" भएको र सैनिक तथा प्रहरीद्वारा "दरबारको निरंकुशतन्त्र" फर्काउन योजनाबद्ध प्रकारले कार्य गर्न थालेको कुरामाथि ध्यान दिंदा के चन्द सरकारले गर्ने "नृशंस दमन" तथा सेना प्रहरीद्वारा "दरबारको निरंकुशतन्त्र" फर्काउन गर्ने प्रयत्नको स्वरूप थापाको सरकारको भन्दा बेग्लै हुन्थ्यो, त्यसले माओवादीहरूलाई सहयोग पुऱ्याउँदैनथ्यो, देशमा कुनै रगत बग्ने थिएन, चन्द सरकारले सेना वा प्रहरीको आतंक बढ्ने थिएन र चन्द सरकारले फर्काउनु खोजेको दरबारको निरंकुशतन्त्रको स्वरूप प्रगतिशील र जनवादी प्रकारको हुन्थ्यो भनेर मूल्यांकनले विश्वास दिलाउन खोजेको हो ? मूल्यांकनले सूर्यबहादुरले गरेका कैयौं हत्याकाण्डहरूको उल्लेख गरेको छ । तर लोकेन्द्रबहादुर चन्दका नेतृत्वमा भएका नृशंस हत्या र ०४६ सालको नरसंहारबारे मूल्यांकन किन चुप छ ?

मूल्यांकनले लेख्दछ: 'निश्चितै रूपमा एमालेले राप्रपासित मिलेर सरकार बनाउनु उसको कार्यनीतिक महाभूल थियो । यसबाट अधिकतम फाइदा प्रतिगामी शक्तिलाई मात्र भयो, एमाले चाहिं बदनाम मात्र भयो र यति नराम्ररी बदनाम भयो कि, इतिहासमा उसको यति धेरै बदनामी कहिल्यै भएको थिएन ।'

**एमालेको राप्रपासितको गठबन्धन त्यसले अपनाएको प्रतिक्रान्तिकारी कार्यदिशाको स्वाभाविक परिणाम हो । मूल्यांकनले एमालेको मौलिक प्रकारको पतनमाथि पर्दा हाल्ने काम गरेको छ ।**

मूल्यांकनले प्रथमत: एमालेको जुन "महाभूल"लाई एमालेको "कार्यनीतिक" मात्र बताएको छ, त्यो यथार्थमा कार्यनीतिक मात्र होइन । यसबारे हामीले पछि चर्चा गर्नेछौं । तर यस सिलसिलामा हामीले पहिले यो प्रश्न उठाउनु आवश्यक ठान्दछौं: जुन राप्रपासित सरकार बनाउनुलाई मूल्यांकनले "एमालेको कार्यनीतिक" बताउँछ र त्यस कारणले त्यो (एमाले) इतिहासमा पहिल्यै कहिल्यै नभए जति नराम्ररी बदनाम भएको बताइन्छ, त्यही सरकारलाई बचाउने नीति अपनाउनु- अविश्वासको प्रस्तावसम्बन्धी मतदानमा तटस्थ रहेर नै किन नहोस्- के हाम्रो पनि कार्यनीतिक महाभूल हुँदैनथ्यो र ? त्यो कारणले हाम्रो पार्टी इतिहासमा पहिले कहिल्यै नभए जति नराम्ररी बदनाम हुँदैनथ्यो ? तर हाम्रो पार्टीले त्यस प्रकारको कार्यनतिक महाभूल गरेन । त्यसको अर्थ हो- हाम्रो पार्टीले सही नीति अपनायो । अनि हाम्रो त्यस प्रकारको नीतिको मूल्यांकनले किन विरोध गर्दैछ ?

यस सन्दर्भमा अर्को विचारणीय प्रश्न यो हो कि, राप्रपासित मिलेर सरकारको गठन वा त्यसका (राप्रपाका) प्रतिगामी नीतिहरूको अनुगमन एमालेको "कार्यनीतिक महाभूल" मात्र होइन । कार्यनीतिक भूलको अर्थ हुन्छ कि त्यसको रणनीति र आधारभूत चरित्र ठीक छ । तर होइन, एमालेको राप्रपासितको गठबन्धन मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरू र कम्युनिष्ट चरित्रबाट भएको त्यसको पतन तथा त्यसले अपनाएको प्रतिक्रान्तिकारी कार्यदिशाको स्वाभाविक परिणाम हो । मूल्यांकनले एमालेको गल्तीलाई खालि "कार्यनीतिक महाभूल" बताएर त्यसको चरित्र र कार्यदिशामा भएको यो मौलिक प्रकारको पतनमाथि पर्दा हाल्ने काम गरेको छ ।

त्यसप्रकारको गठबन्धनबाट अधिकतम फाइदा प्रतिगामी शक्तिलाई मात्र भएको कुरा मूल्यांकनको निष्कर्ष सही छ । तर त्यो कुरा एमालेको अनजानमा वा उनीहरूले नचाहेर भएको हैन । उनीहरूको चरित्रमा भएको पतनको परिणामस्वरूप स्वभावत: उनीहरूको राजनीतिक लाइनबाट "अधिकतम फाइदा प्रतिगामी शक्तिलाई मात्र" पुग्नु स्वाभाविक थियो र त्यो भयो । एमालेले अनुगमन गरेका गैरक्रान्तिकारी दिशाको त्यो बाहेक अरू परिणाम हुन सक्दैनथ्यो र भएन पनि ।

मूल्यांकनले यो पनि प्रकाश हाल्ने प्रयत्न गरेको छ कि एमालेलाई राजनैतिक रूपले बदनाम गराउन र त्यसरी त्यसको जो भएको लोकप्रियता तथा जनआधारलाई समाप्त पार्न प्रतिगामी शक्तिहरूले योजनाबद्ध प्रकारले काम गरेका थिए र एमाले त्यो जालमा नराम्ररी फँस्यो । मूल्यांकनले लेख्दछ: "प्रतिक्रियावादी शक्तिहरूद्वारा महाकाली सन्धि वामदेवबाटै अनुमोदन गर्न लगाउनु, एमालेकै हातबाट सुरक्षा कानून ब्यूँझाउने र आतंककारी विधेयक ल्याउने काम गराउनु, माओवादीहरूको दमन पनि एमालेकै हातबाट गराउन खोज्नु अनि एमाले विरूद्धका सुनियोजित चालहरू थिए । मूल्यांकनले अगाडि लेख्दछ: 'यी सबै कुरा हामीले होइन, तैंले नै ल्याएको त हो नि, हामीले त प्रयोग मात्र गरेका हौं भन्ने खालको स्थिति खडा हुन गयो । त्यस प्रकारको स्थितिले एमाले स्वयं र अन्य तमाम वाम र जनपक्षीय शक्तिको



घाटी निमोठ्न सकिने स्थिति पैदा हुन्थ्यो ।' त्यति मात्र होइन, मूल्यांकनले अगाडि लेख्दछ: 'बढी संभव छ, दरबारले कांग्रेसलाई पनि अन्तत: एमालेलाई जस्तै नराम्री लोप्पा ख्वाउनेछ.... किनकि कांग्रेसलाई बलियो पार्न दिएर दरबार वा राप्रपालाई के फाइदा ? गएको ६ वर्षको इतिहास हेर्ने हो भने, यहाँ दरबार लगातार कांग्रेस र एमाले दुबैलाई बदनाम गर्ने खेतीमा लागेको देखिन्छ । दुवैलाई अधिकतम रूपमा आफ्नो स्वार्थको निम्ति प्रयोग गर्ने डिजाइनमा लागेको देखिन्छ । दुवैप्रति जनताको आस्था र विश्वास सिध्याएर देशमा नेतृत्वको भ्याकूम सिर्जना गर्ने रणनीतिमा लागेको देखिन्छ । कांग्रेस नेतृत्व र एमाले नेतृत्व दुबै मन्द बुद्धि र सत्तामोहले गर्दा यति बेहोश र अन्धा देखिन्छन् कि, उनीहरूलाई यसको कुनै चालपत्तो नै हुने गर्दैन । जे जस्तो परिणाम होस्, सिर्फ उनीहरूलाई कुर्सी भए पुग्छ ।'

मूल्यांकनको उपरोक्त प्रकारको विश्लेषण वा निष्कर्षहरूसित हाम्रो पूरै....... को र हामीले उक्त विषयहरूमा लगातार जोड दिदै आएका छौं । (हेर्नुहोस् मसाल, हाँक वा जनएकतामा प्रकाशित हाम्रा लेखहरू) कांग्रेस र एमाले दुवैको अन्धप्रकारको सत्ता लोभ र राजनैतिक अदूरदर्शिताको परिणाम यो भएको छ कि- उनीहरू राजा र पुनरूत्थानवादी शक्तिहरूको हातमा नराम्ररी खेल्दै गइरहेका छन्, जसको परिणाम उनीहरूको स्वार्थहरूमा कुठाराघात मात्र पुगेको छैन, उनीहरूको गलत नीति र अदूरदर्शितापूर्ण नीतिका कारणले देश र जनताले बारम्बार गम्भीर क्षति उठाउँदै आउनु परेको छ ।

मूल्यांकनले लेख्दछ: 'राप्रपाको हातमा सत्ताको मुख्य लगाम दिएर एमालेलाई पुन: सिंहदरबारमा पुर्‍याउन तयार हुनुका पछाडि दरबार र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी केन्द्रका निश्चित स्वार्थहरू थिए र यस्तो स्वार्थ राखेर आफ्नो स्वार्थ सिद्धिका लागि उनीहरूले जाल थाप्नु अस्वाभाविक पनि होइन । जानाजान त्यो जालमा पर्न तयार हुने राजनीतिक शक्ति पो कस्तो ? ताजुबको कुरा त यो पो हो !'

होइन, यो ताजुबको कुरा होइन । जसले एमालेको चरित्रलाई अझै "वामपन्थी" भएको ठान्दछ, उनीहरूका लागि मात्र यो "ताजुब"को कुरा हो । तर एमाले "त्यो जालमा पर्न तयार" पर्नुको कारण त्यसको कम्युनिष्ट वामपन्थी चरित्रमा भएको पतन तथा सबै देशी वा विदेशी प्रतिक्रियावादी शक्तिहरूप्रतिको त्यसको सम्झौतापरस्त चरित्र थियो– उनीहरूसित साँठगाँठ गरे र सत्ताको भोक प्राप्त गर्ने त्यसको सुनियोजित रणनीति र त्यस दिशातिर त्यसले लगातार गर्दै आएको प्रयत्नहरूको परिणाम थियो । अनि त्यो के ताजुबको कुरा भयो ?

> एमाले कम्युनिष्ट पार्टीको नाम झण्डासहित मार्क्सवाद-लेनिनवाद, समाजवादलाई पूरै तिलाञ्जली दिइसकेपछि पनि त्यसको वामपन्थी अतीतलाई अचानो बनाएर त्यसमाथि आक्रमण गर्ने प्रक्रिया लामो समयसम्म चलिरहनेछ ।

यस सिलसिलामा एउटा अर्को प्रश्न पनि विचारणीय छ: त्यसको (एमाले) को क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूबाट पतन र जनतन्त्र तथा राष्ट्रियताका प्रश्नहरूमा त्यसको प्रतिक्रियावादी शक्तिहरूसितको बढ्दो साँठगाँठ र गद्दारीका बावजुद अझै देशी वा विदेशी प्रतिक्रियावादीहरूका अगाडि किन त्यस प्रकारका षड्यन्त्र गर्नुपर्ने आवश्यकता भइरहेको छ ? यो प्रश्नमाथि हाम्रो पार्टीले बारम्बार प्रकाश पार्दै आएको छ । एमाले वास्तविक रूपमा कम्युनिष्ट पार्टी नभए पनि प्रतिक्रियावादीहरूका दृष्टिमा त्यो अझै कम्युनिष्ट पार्टी छ । उनीहरू (प्रतिक्रियावादीहरू) खुश्चेव, ब्रेझनेभ वा गोर्वाचोभहरूलाई उपयोग गर्दछन्, तर उनीहरूलाई यल्तसीन चाहिन्छ । त्यसले मार्क्सवाद, लेनिनवाद, समाजवाद र कम्युनिष्ट पार्टीका नाम तथा झण्डाहरूलाई पूरै तिलान्जली दिएर खुला र नांगो प्रकारले साम्राज्यवाद र प्रतिक्रियावादका पक्षमा उभियोस् । एमालेको अझै त्यो रूपमा पतन भइसकेको छैन ।

त्यसकारण, देशी वा विदेशी प्रतिक्रियावादी शक्तिहरू अझै त्यसमाथि विश्वास गर्न तयार छैनन् । फलत: त्यसको जनाधार खतम पार्नु र त्यसलाई बदनाम पार्दै लैजान उनीहरूका लागि आवश्यक भइरहन्छ । त्यति मात्र होइन, एमाले कम्युनिष्ट पार्टीको नाम झण्डासहित मार्क्सवाद-लेनिनवाद, समाजवादलाई पूरै तिलाञ्जली दिइसकेपछि पनि स्वयं प्रतिक्रियावादी पार्टीहरू बीचमा सत्ताका लागि चल्ने प्रतिस्पर्धाका कारणले त्यसको (एमालेको) वामपन्थी अतीतलाई अचानो बनाएर त्यसमाथि आक्रमण गर्ने प्रक्रिया लामो समयसम्म चलिरहनेछ । आज त्यसबारे हामीलाई केही भन्नु छैन । तर स्वयं आफ्ना त्यस प्रकार स्वार्थहरूको रक्षाको लागि पनि उनीहरूमा जुन प्रकारको दूरदर्शिता, दृढता वा राजनैतिक कुशलता हुनुपर्ने हो, त्यो कुरा एमाले र कांग्रेस दुवैमा अत्यन्त कम पाइन्छ, जसको परिणाम ०४६ सालका सीमित उपलब्धिहरू पनि सखाप हुँदै गइरहेका छन् । यो गम्भीर चिन्ताको विषय हो । ❑



## पुष्पलाल संग



# खाना खाने पैसा थिएन !

कुरा २०३३ सालको हो । क. पुष्पलाल श्रेष्ठ वनारसमा बस्नु हुन्थ्यो । त्यति नै बेला रामराजाप्रसाद सिंह पनि जेलबाट छुटेर सशस्त्र क्रान्ति गर्ने तयारीमा हुनुहुन्थ्यो । एक दिन रामराजाप्रसाद सिंह पुष्पलालसँग सरसल्लाह गर्नको लागि वनारस पुग्नुभयो । बेलुकीको ६/७ बजेतिर उहाँ पुष्पलालको निवास स्थानमा पुग्नुभयो । दुवैजनाको बीच्च कुराकानी शुरु भयो । कुराकानी शुरु भएको दुई-अढाई घण्टापछि पुष्पलालले कुराकानी रोक्नुभयो र भोलिपल्ट फेरि कुराकानी गर्ने समय मिलाउनुभयो । तर रामराजाप्रसाद भने रातभरि बसेर कुराकानी गर्ने सुरमा हुनुहुन्थ्यो ।

पुष्पलालले नै त्यसो भन्नु भएपछि उहाँ त्यहीं बसिरहने कुरा नै भएन । उहाँ कोठाबाट बाहिर निक्लनुभयो । उहाँ वनारसको गल्लींहरुबारे अनभिज्ञ हुनु भएकोले उहाँलाई मूल सडकसम्म पुर्‍याउन पुष्पलाल पनि संगै निस्कनुभयो । मूल सडक पुग्दा के कुरा थाहा लाग्यो भने- हिन्दू मुस्लिमको दंगा भएकोले शहरमा कर्फ्यू लागिसकेको रहेछ । उहाँहरु फेरि कोठामै फर्कनुभयो ।

कोठामा फर्केपछि पुष्पलालको अनुहारमा चिन्ताका रेखाहरु देखिन थालेको कुरा रामराजाप्रसादले महसुस गर्न थाल्नुभयो । कुराकानी पनि केही भइरहेको थिएन । उहाँलाई त्यहाँ बसिराख्नु अप्ठेरो अप्ठेरो पनि पर्न थाल्यो । तै पनि अरु कुनै उपाय थिएन ।

त्यति नै बेला बनारसमै बसिरहेको एकजना काठमाडौंको मानिस टुप्लुक्क पुष्पलालको कोठामा आइपुग्यो । उसलाई देख्ने बित्तिकै पुष्पलालको अनुहारमा खुसी छाएको देखापर्‍यो । पुष्पलालले उसलाई अलि पर लगेर केही कुरा गर्नुभयो । उसले आफ्नो खल्तीबाट दुई रुपियाँ झिक्यो । त्यही नोट दिएर त्यो व्यक्तिलाई पुष्पलालले बाहिर पठाउनुभयो ।

एक छिनपछि त्यस व्यक्तिले खाना पाकेको संकेत दियो । दुवैजना खाना खान बस्नुभयो । खानामा रोटी र थोरै तेल हालेर पकाएको करेलाको सुख्खा तरकारी थियो । पुष्पलाल किन चिन्तामा पर्नुभयो भन्ने कुरा रामराजाप्रसादले बल्ल बुझ्नुभयो ।

खाना खाइसकेपछि दुवैजनाको बीच फेरि कुराकानी शुरु भयो । करीब करीब रातभरि नै कुराकानी भयो । रामराजाप्रसादलाई पुष्पलालले आवश्यक सल्लाह र निर्देशन दिनुभयो । रामराजाप्रसाद पनि पुष्पलालको सल्लाहले साह्रै प्रभावित हुनुभयो ।

बिहान केहीबेर कर्फ्यू हट्यो । रामराजाप्रसाद फर्कनको लागि बाहिर निक्लनुभयो । उहाँलाई बाहिर सडकसम्म पुर्‍याउन पुष्पलाल पनि संगै निक्लनुभयो । एउटा सानो चिया पसल खुलेको रहेछ । दुवैजना त्यहाँ पसेर चिया खानुभयो । रामराजाप्रसादले सय रुपियाँको नोट झिकेर पसलेलाई दिनुभयो । त्यो पसलेसँग फर्काउनको लागि पैसा थिएन । विहान बोहनीको बेला उधारो पनि नमिल्ने । पसलेले बाँकी पैसा पुष्पलालको कोठामा नै पुर्‍याइदिने कुरा गर्‍यो । रामराजाप्रसादले पनि भित्री मनले चाहेको कुरा त्यही नै थियो । आखिर उहाँले चिताए जस्तै भयो ।

अघिल्लो दिन बेलुकी खाना खानको लागि पैसा नभएर चिन्तित भएको पुष्पलालको अनुहार देखी रामराजाप्रसादले पुष्पलाललाई केही पैसा दिने कुरा सोच्नु भएको रहेछ । तर दिन पनि कसरी दिने ?- उहाँलाई आफ्ठ्यारो परिरहेको थियो । आखिर उपाय निक्लिहाल्यो । चिया पसलेको माध्यमबाट पुष्पलालको हातमा पैसा दिएर उहाँ खुसी हुँदै पुष्पलालसँग हात मिलाएर बिदा हुनुभयो ।

◆ मुक्ता श्रेष्ठ




# सबैको लागि प्राथमिक शिक्षा या सबैका लागि गुणात्मक प्राथमिक शिक्षा

◆ डा. मीनबहादुर बिष्ट



**प्राथमिक शिक्षा क्षेत्रमा समस्याहरु के के छन ? सुधारको निम्ति के गर्ने ?**

## पृष्ठभूमि

**वि**.सं. २००७ मा १०४ वर्ष लामो राणा शासनको अन्य हुँदाको बखत केवल ३२१ प्राथमिक विद्यालयहरूबाट शुरू गरेर आज देशमा २१४७३ प्राथमिक विद्यालयहरू स्थापना भएका छन् । यी विद्यालयहरूमा करीब ३२ लाख विद्यार्थीहरू भर्ना भएका छन् र त्यहाँ लगभग ८२ हजार शिक्षकहरू कार्यरत छन् । कक्षा १ देखि ३ सम्म बालबालिकाहरूलाई निःशुल्क रूपमा पाठ्यपुस्तक उपलब्ध गराउने प्रावधान छ । छात्रा र दलित बालबालिकाहरूलाई विद्यालयमा आकर्षित गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति समेतको व्यवस्था छ । सन् १९९० मा बैंककमा सम्पन्न 'सबैका लागि शिक्षा' विषयको विश्व सम्मेलनमा व्यक्त गरेको प्रतिबद्धता-अनुसार सन् २००० सम्ममा प्राथमिक उमेरका सतप्रतिशत बालबालिकाहरूलाई विद्यालयमा पुऱ्याउन श्री ५ को सरकार कटिबद्ध छ ।

## समस्या र चुनौतीहरु

नेपालको प्राथमिक शिक्षाको कथा माथि उल्लेख गरिएको ठाउँनेर अन्त हुँदैन । वास्तवमा भन्ने हो भने, प्राथमिक शिक्षाको कचौरा दुई तिहाई पूरा छ र एक तिहाई रित्तो छ । विगतका दशकहरूमा विद्यालय, विद्यार्थी र शिक्षक संख्यामा उल्लेखनीय रूपमा बृद्धि भए तापनि प्राथमिक विद्यालय जाने उमेर (६-१० वर्ष) का एक तिहाई बालबालिकाहरू अद्यापि विद्यालयभन्दा बाहिर छन् । केटीहरूको हकमा प्राथमिक उमेरका केवल आधा जति मात्र विद्यालयमा भर्ना भएका छन् । पिछडिएका समुदाय, जनजाति र दलित बर्गका विद्यालय उमेरका दुई तिहाई वा सोभन्दा बढी बच्चाहरू विद्यालयमा आउन सकेका छैनन् । अपांग बालबालिकाहरूको एउटा नगण्य संख्याले मात्र प्राथमिक शिक्षाको अवसर उपभोग गरेको छ ।

प्राथमिक शिक्षा प्रणालीको सक्षमतालाई हेर्न यसको आन्तरिक सक्षमतालाई हेर्नुपर्ने हुन्छ । विद्यार्थीहरूले विद्यालय छोडने, कक्षा दोहोऱ्याउने वा प्राथमिक चक्र (Primary cycle) पूरा नगर्ने नेपालको प्राथमिक शिक्षाको जीर्ण रोग हो । कक्षा १ मा भर्ना भएका कूल विद्यार्थी मध्ये करीब ३८% मात्र कक्षा २ मा उक्लन्छन्, अन्य या त स्कूलै छोड्छन् या कक्षा दोहोऱ्याउन बाध्य हुन्छन् । कक्षा १ मा भर्ना भएका बालबालिकाहरूमध्ये ४२% जति परीक्षामा असफल भएर पुनः कक्षा दोहोऱ्याउँछन् । यसरी बालबालिकाहरूले जीवनको आरम्भ नै असफलताबाट गर्दछन् । कक्षा १ मा भर्ना भएका कूल विद्यार्थीमध्ये केवल ३९% ले मात्र कक्षा ५ पूरा गर्दछन् । विश्लेषणहरूले के देखाएका छन् भने, ५ वर्षको प्राथमिक तह पूरा गर्न बालबालिकाहरूलाई ९ देखि १२ वर्षसम्म लाग्दछ । विद्यार्थी असफलता, विद्यालय परित्याग वा कक्षा पुनरावृत्ति गर्ने प्रवृत्तिले गर्दा सरकारले गरेको लगानीको ठूलो क्षति भइरहेको छ ।

प्राथमिक शिक्षालाई सरकारले निःशुल्क भनेर घोषणा गरे तापनि वास्तवमा प्राथमिक शिक्षा निःशुल्क बन्न सकेको छैन । एकातिर, शिक्षालाई शुल्कहीन भनिएको छ, अर्कोतिर, विद्यालयहरूलाई प्रत्येक विद्यार्थीबाट वर्षेनी रू. ५००/- असुल गर्न सक्ने परिपत्र गरिएको छ । विद्यालयहरूले भर्ना, परीक्षा, भौतिक सुविधा विस्तार आदिका नाममा परिवारहरूबाट शुल्क उठाइरहेका छन् । यसप्रकारका अनौपचारिक शुल्कहरूले गर्दा गरीब परिवारका बालबालिकाहरूको सहभागितामा अवरोध उत्पन्न भएको छ । अर्कोतिर, कथित छात्रवृत्ति लक्षित बालबालिकाहरूसम्म पुग्न नसकेको अध्ययनहरूले देखाएका छन् ।

श्री ५ को सरकारले प्राथमिक शिक्षामा शिक्षा क्षेत्रको बजेटको ५५% जति खर्च विनियोजन गर्दछ । सरकारले विद्यालयहरूलाई दिने आर्थिक अनुदानको लगभग सबैजसो रकम शिक्षक तलब भत्तामा खर्च हुन्छ । हालका वर्षहरूमा स्थानीय समुदायबाट विद्यालयहरूलाई परम्परागत रूपमा उपलब्ध हुँदै आएको जन सहयोगमा नाटकीय रूपमा ह्रास आएको छ । गुणात्मक प्राथमिक शिक्षाको निमित्त आवश्यक पर्ने भौतिक सुविधा, शैक्षिक सामग्री आदिको व्यवस्था अधिकांश विद्यालयहरूमा हुन सकेको छैन । अपर्याप्त सरकारी लगानी र स्थानीय सहयोगमा आएको मन्दीले प्राथमिक विद्यालयहरू आर्थिक दरिद्रताको शिकार बनेका छन् ।

श्री ५ को सरकारले विगत दुई दशकभन्दा बढी समयदेखि प्राथमिक बालबालिकाहरूलाई निःशुल्क रूपमा पाठ्यपुस्तक वितरण गर्दै आए तापनि वितरण प्रकृया अझैसम्म व्यवस्थित बनेको छैन । पाठ्यपुस्तकको वर्तमान नीतिअन्तरगत बाबुआमा/अभिभावकहरूले बजारबाट पाठ्यपुस्तक स्वयं खरीद गर्ने र पछि विद्यालयबाट भुक्तानी लिने नीति रहेको छ । निःशुल्क पाठ्यपुस्तकको निमित्त श्री ५ को सरकारले वार्षिक ९ करोड खर्च गर्दछ । अध्ययन तथा अवलोकन-हरूबाट के पाइएको छ भने, बाबुआमा तथा अभिभावक-हरूले पुस्तकको मूल्यको भुक्तानी पाइरहेका छैनन् । एउटा अध्ययनले विद्यालय सत्र शुरू भएको ६ महिना बितिसक्दा पनि करिब ४२% बालबालिकाहरूसंग पूरा सेट किताब उपलब्ध नभएको तथ्य प्रकाशमा ल्याएको छ । प्राथमिक पाठ्यपुस्तकहरू आकर्षक नभएको, तिनीहरूको आयु ३ महिनाभन्दा बढी नभएको, र तिनीहरू ग्रामीण परिवेश र अर्थतन्त्र अनुकूल नभएको पनि अध्ययनले देखाएको छ ।

प्राथमिक शिक्षाको मुख्य समस्या भनेको यसको खस्कँदो गुणस्तर हो । प्राथमिक शिक्षाको विकासको निमित्त विद्यालय स्थापना र शिक्षक नियुक्ति गरे पुग्छ भन्ने सरकारी मानसिकता रहिआएको छ । प्राथमिक विद्यार्थीहरूको सिकाइ उपलब्धि (Learning Achievement) एकदमै न्यून छ । श्री ५ को सरकारले प्राथमिक तहका विभिन्न कक्षाहरूको निमित्त निर्धारण गरेको पाठ्यक्रमको आधा वा सोभन्दा कम मात्र विद्यार्थीहरूले हासिल गर्न सकेको अध्ययनहरूले देखाएका छन् । आधारभूत

तथा प्राथमिक शिक्षा परियोजनाले हालै सम्पन्न गरेको एउटा अध्ययनअनुसार, कक्षा ३ का विभिन्न विषयहरूमा सरकारी विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको औसत अंक पचास प्रतिशत र सोभन्दा कम रहेको छ । अर्कोतिर निजी स्कूलका विद्यार्थीहरूको औसत उपलब्धि स्तर ७५ प्रतिशत वा सोभन्दा माथि रहेको छ । यो अवस्थामा प्राथमिक शिक्षाको गुणस्तरप्रति जनआलोचना हुनु स्वाभाविक पनि हुन्छ । आफ्ना बालबालिकाहरूको शिक्षाप्रति चिन्तित बाबुआमाहरू सरकारी विद्यालय त्यागेर गुणात्मक शिक्षाको खोजीमा निजी स्कूलहरूतिर भौंतारिइरहेको तथ्य सबैको सामु स्पष्ट छ । शहरी क्षेत्रमा संचालित सरकारी विद्यालयका कक्षाकोठामा प्रतिवर्ष विद्यार्थीहरू घट्दै गइरहेका छन् । प्राथमिक विद्यालयहरूको व्यवस्थापन एकदमै कमजोर रहेको छ । विद्यालयप्रतिको स्वामित्व (ownership) न सरकार, न स्थानीय समुदाय, न त शिक्षकहरूले नै लिएका छन् । विद्यालय व्यवस्थापन समितिको गठन र शिक्षक नियुक्तिमा घरिघरि राजनैतिक हस्तक्षेप हुने गरेको छ । विद्यालयको कुशल संचालनमा प्रधानाध्यापकको नेतृत्वलाई स्थापित र सुदृढ गर्न कुनै पनि प्रयास भएको छैन । विद्यालय निरीक्षण र अनुगमनको यन्त्रले काम गरेको छैन । अभिभावक र बाबु आमाहरूको विद्यालय व्यवस्थापन र निर्णय प्रक्रियामा सहभागिता बढाउने प्रावधान नरहेकोले उनीहरू एक प्रकारले बन्दी दर्शक जस्तै रहेका छन् । यो पृष्ठभूमिमा २२० दिन विद्यालय खुल्नु पर्नेमा १२० वा सोभन्दा कम खोलिनुमा कुनै आश्चर्य भएन ।

**सरकारी विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको औसत अंक पचास प्रतिशत र सोभन्दा कम रहेको छ । अर्कोतिर निजी स्कूलका विद्यार्थीहरुको औसत उपलब्धि स्तर ७५ प्रतिशत वा सोभन्दा माथि रहेको छ ।**



## के प्राथमिक शिक्षामा सुधारको आशा गर्न सकिन्छ ?

वस्तुतः सबैको निमित्त गुणात्मक प्राथमिक शिक्षाको अर्को विकल्प हुन सक्दैन । त्यसैले, सरकारले सबैको निमित्त प्राथमिक शिक्षा भन्ने नारालाई सार्थक तुल्याउन प्रत्येक प्राथमिक विद्यालय जाने उमेरको बालकलाई विद्यालयमा गुणात्मक शिक्षाको सुगम पहुँच उपलब्ध गराउनु आवश्यक छ । समष्टिगत रूपमा भन्ने हो भने, सबैको निमित्त गुणात्मक शिक्षा उपलब्ध गराउन मुख्य गरेर तीन वटा चुनौतीहरू छन्: प्राथमिक शिक्षाको पहुँचमा विस्तार गर्ने, प्रत्येक बालकले अनिवार्य रूपमा सिकाइ उपलब्धि हासिल गर्ने वातावरण विद्यालयमा सृजना गर्ने, र प्राथमिक शिक्षाको व्यवस्थापन दक्षता अभिवृद्धि गर्ने ।

प्राथमिक शिक्षाको पहुँचमा विस्तार गर्न विद्यालयको भौतिक सुधार र विस्तारको आवश्यकता त छँदैछ, त्यसबाहेक; दलित र पिछडिएका जनजाति, जसले प्राथमिक शिक्षाको बालबालिकाको सहभागिताको कारण पर्न आउने परोक्ष र अपरोक्ष लागत व्यहोर्न सक्तैनन्, तिनीहरूलाई निःशुल्क छात्रवृत्ति, विद्यालय पोशाक, छात्रवृत्ति र दिवाभोजको व्यवस्था गरी ती समुदायका बालबालिकाहरूलाई विद्यालय जान प्रोत्साहित गरिनु पर्दछ । प्राथमिक तहको शिक्षा आधारभूत तहको शिक्षा भएको हुनाले यसका व्यक्तिगत लाभभन्दा सामाजिक लाभहरू अधिक हुन्छन् । त्यसैले, अन्य तहको शिक्षामा परिवार र समुदायसित सरकारको लागत साझेदारी (Cost sharing) हुन्छ भने प्राथमिक शिक्षामा सरकारी नीति रहे तापनि विद्यालयहरूले भर्ना, परीक्षा वा अन्य प्रयोजनको निमित्त जुन शुल्क लिइरहेका छन्, त्यसले न्यून आय भएका परिवारहरूलाई आर्थिक बोझ दिइरहेको छ । त्यसकारण, सरकारले प्राथमिक शिक्षकहरूको तलबभत्ताका अतिरिक्त विद्यालय संचालनमा लाग्ने अन्य खर्च र खास गरी, गुणात्मक लगानीका लागि थप अनुदान विद्यालयहरूलाई उपलब्ध गराई बाल-बालिकाहरूलाई पूर्णतया निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्दछ ।

औपचारिक शिक्षा प्रणाली लचिलो हुँदैन । नेपालमा बालबालिकाहरूले घरायसी र अन्य आयमूलक कामहरूमा परिवारहरूलाई सघाइरहेका हुन्छन् । यो आर्थिक वास्तविकतालाई दृष्टिगत गरी औपचारिक रूपमा प्राथमिक शिक्षा लिन



**अपर्याप्त सरकारी लगानी र स्थानीय सहयोगमा आएको मन्दीले प्राथमिक विद्यालयहरु आर्थिक दरिद्रताको शिकार बनेका छन् ।**

यी बालकहरूले शिक्षाको उज्यालो पाउने कि नपाउने ?

नसक्ने वा औपचारिक शिक्षा अन्य कारणले छोड्न विवश भएका बाल-बालिकाहरूलाई बैकल्पिक स्कूलको उपाय गर्नु पर्दछ। यस सन्दर्भमा, बांग्लादेशमा संचालित अनौपचारिक प्राथमिक शिक्षा र अन्य देशमा संचालित शाखा स्कूल, साना स्कूल, विद्यालय विस्तार कार्यक्रम आदि अनुभवहरू नेपालका निमित्त उपयोगी हुनेछन्। बांग्लादेशले गतिमान पाठ्यक्रम (Accelerated curriculum) को माध्यमद्वारा कम लागतका विद्यालयहरूमार्फत् स्थानीय समुदायहरूलाई सरिक गराएर विद्यालय छोडेका वा जान नसक्ने विद्यार्थीहरूलाई प्राथमिक शिक्षा उपलब्ध गराएको छ। उक्त कार्यक्रममा पाँच वर्षे अवधिको प्राथमिक शिक्षालाई दुई वा तीन वर्षमा पूरा गरिन्छ।

प्राथमिकै शिक्षाको पहुँच विस्तारमा साक्षरताको ठूलो भूमिका रहन्छ। अध्ययनहरूले साक्षर बाबुआमाहरू आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पढाउन बढी प्रतिबद्ध हुन्छन् भन्ने कुरा देखाएका छन्। हाल संचालित साक्षरता कार्यक्रमहरू कोटा वितरणमा सीमित छन्। त्यसैले, साक्षरतालाई एक राष्ट्रिय अभियानकै रूपमा संचालन गरेर प्रौढ र युवाहरूमा रहेको निरक्षरतालाई उन्मूलन गर्ने योजना बनाउनु पर्दछ। साक्षरता र प्राथमिक शिक्षालाई एक अर्काका परिपूरकको रूपमा संचालन नगरी प्राथमिक शिक्षाको सर्वसुलभीकरण हुन सक्दैन।

प्राथमिक शिक्षाको मुख्य चुनौती भनेको कक्षा पुनरावृत्ति र विद्यालय परित्यागबाट हुने शैक्षिक क्षति कसरी कम गर्ने र विद्यार्थीहरूको सिकाइ उपलब्धि कसरी बढाउने भन्ने हो। प्राथमिक तहमा देखिएको चिन्ताजनक विद्यार्थी असफलतालाई कम नगरी पुनरावृत्ति र विद्यालय परित्यागलाई कम गर्न सकिन्न। प्राथमिक तहमा असफल हुने अधिकांश विद्यार्थीहरू कम उमेरका (६ वर्षभन्दा तल) बालबालिकाहरू हुन्। प्राथमिक तहमा रहेको विद्यार्थी असफलता दरलाई घटाउन र विद्यार्थीहरूलाई प्राथमिक शिक्षा लिनको निमित्त पूर्व तयारी प्रदान गर्न धेरै देशहरूले पूर्व प्राथमिक शिक्षालाई शिक्षा प्रणालीको राष्ट्रिय नीतिका रूपमा अँगालेका छन्। नेपालमा पूर्व प्राथमिक तहको शिक्षा निजी क्षेत्रबाट प्रदान गरिन्छ, जो शहरी क्षेत्रहरूमा सम्पन्न परिवारहरूलाई मात्र उपलब्ध छ। त्यसैले पूर्व प्राथमिक उमेर (३-५) का बालबालिकाहरूलाई शिक्षा दिनको निमित्त सरकारले यो तहको शिक्षालाई पनि राष्ट्रिय नीतिकै रूपमा लिनु पर्दछ।

प्राथमिक तहमा देखापरेको गंभीर शैक्षिक क्षति वर्तमान परीक्षा नीतिबाट सृजना भएको हो। वर्षको अन्त्यमा खालि लिखित परीक्षाको माध्यमद्वारा विद्यार्थीहरूले सिके नसिकेको मापन गरेर कक्षा चढाउने वा दोहोऱ्याउन लगाउने नीति प्राथमिक तहका प्रारम्भिक कक्षाहरूको निमित्त एकदमै अव्यावहारिक छ। धेरै देशहरूले प्रारम्भिक कक्षाहरूमा हुने असफलता कम गर्न र विद्यार्थीहरूलाई पढाइ जारी राख्न प्रेरित गर्न उदार कक्षा पदोन्नति नीति (Liberal Promotion Policy) अँगालेका छन्। विकसित देशहरूमा जीवनको आरम्भ भर्खर भर्खर गरेका बालबालिकाहरूलाई फेल गराउनु भनेको एउटा ठूलो आनवीय कार्य मानिन्छ। नेपालमा पनि कक्षा १ देखि ३ सम्म उदार पदोन्नति नीति अपनाउनु आवश्यक भएको छ। यस नीतिअन्तर्गत विद्यार्थीहरूलाई अनवरत मूल्यांकन (Continuous Assessment) र सुधारात्मक शिक्षण (Remedial Instruction) को माध्यमद्वारा तल्लो कक्षाबाट माथिल्लो कक्षामा स्वाभाविक रूपमा उक्लन पाउने व्यवस्था गरिन्छ।

बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउन र गुणात्मक प्राथमिक शिक्षा प्राप्त गर्न शिक्षकहरूको निर्णायक भूमिका रहन्छ। नेपाल जस्ता मुलुकहरू, जहाँ शिक्षामा गरिएको ठूलो लगानी शिक्षक तलब भत्तामा खर्च हुन्छ, त्यहाँ शिक्षकहरूको कुशल परिचालनबाट मात्र शिक्षाको गुणस्तर बृद्धि गर्न सकिन्छ। दुर्भाग्य के छ भने, शिक्षण पेशालाई अत्यन्त राजनीतिकरण गरिएको छ। शिक्षक नियुक्ति, पदोन्नति, प्रधानाध्यापक छनौट जस्ता कुराहरू व्यवसायिक मानदण्डका आधारमा भन्दा पनि राजनैतिक मानदण्डका आधारमा हुने गर्दछन्। आजको प्रमुख आवश्यकता शिक्षण पेशाको व्यवसायिकीकरण हो। शिक्षण सेवालाई राजनीतिज्ञहरूको खेलौना हुनबाट बचाउन निष्पक्ष, स्वतन्त्र र व्यवसायिक रूपले शिक्षक छनौट, मूल्यांकन र पदोन्नति गर्ने पद्धति र यन्त्रको आवश्यकता छ। नेपालमा प्राथमिक तहमा १० वर्षको विद्यालय स्तरको शिक्षा (एस.एल.सी.) लिएका शिक्षकहरू राख्ने गरिन्छ। सार्कअन्तरगतका भारत, पाकिस्तान, बांग्लादेश र अन्यत्र प्राथमिक शिक्षक हुनको लागि कक्षा १२ र १ वर्षको शिक्षक तालिम पूरा गरेको हुनुपर्ने प्रावधान छ। त्यसैले, नेपालमा पनि प्राथमिक तहका शिक्षकहरूको न्यूनतम योग्यता र तालिमबारे पुनर्विचार गर्ने बेला आइसकेको छ।

प्राथमिक शिक्षाको पहुच बिस्तार र सिकाइ उपलब्धि अभिबृद्धि गर्न विद्यालय व्यवस्थापनलाई सुदृढ नगरी हुँदैन।

**नेपालमा पूर्व प्राथमिक तहको शिक्षा निजी क्षेत्रबाट प्रदान गरिन्छ, जो शहरी क्षेत्रहरुमा सम्पन्न परिवारहरुलाई मात्र उपलब्ध छ। त्यसैले पूर्व प्राथमिक उमेर (३-५) का बालबालिकाहरुलाई शिक्षा दिनको निमित्त सरकारले यो तहको शिक्षालाई पनि राष्ट्रिय नीतिकै रुपमा लिनु पर्दछ।**

फोटोः यूनिसेफ



सरकारी विद्यालयको तुलनामा निजी क्षेत्रका विद्यालयको प्रगतिको रहस्य उनीहरूको स्वायत्तता र कुशल स्वव्यवस्थापन हो। तर विद्यालयहरूलाई, अर्थात् सरकारी विद्यालयहरूलाई स्वायत्त र स्वव्यवस्थित संस्थाका रूपमा विकसित गर्न खासै प्रयास भएका छैनन्। निजी क्षेत्रका विद्यालयहरूले जुन स्वायत्ततता उपभोग गरिरहेका छन्, त्यो सरकारी विद्यालयहरूमा पाईंदैन। जुनसुकै संस्था प्रभावकारी ढंगबाट संचालन गर्नको निमित्त कुशल नेतृत्व र उत्तरदायी व्यवस्थापनको खाँचो पर्दछ। तर हाम्रा सरकारी विद्यालयमा त्यही कुराको सख्त अभाव छ। प्राथमिक विद्यालयको सिकाइ उपलब्धिमा अभिबृद्धि गर्ने हो भने, यो अभाव अन्त गर्नु जरूरी छ। यसका लागि विद्यालयमा कार्यरत शिक्षकमध्ये एकजनालाई जिल्ला शिक्षा अधिकारीले कुनै पनि आधार र प्रक्रिया नअपनाई प्रधानाध्यापक तोक्ने वर्तमान परिपाटी तुरून्त अन्त्य गर्नु पर्दछ। यो परिपाटीले प्रधानाध्यापकको उत्तरदायित्व स्थानीय समुदाय र विद्यालयको प्रगतिमा भन्दा अन्यत्र कतै रहन गएको छ। प्रधानाध्यापकको नियुक्ति लामो शिक्षण अनुभव र व्यवस्थापन सीप भएका व्यक्तिहरूबीच प्रतिस्पर्धात्मक र व्यवसायिक मानदण्डका आधारमा गरिनु पर्दछ। यसैगरी, विद्यालय संचालक समितिको गठन मनोनयनद्वारा हुने वर्तमान परिपाटीको बदला स्वयं अभिभावक र विद्यालय स्थापनामा योगदान दिएका व्यक्तिहरूबाट प्रजातान्त्रिक प्रक्रियाद्वारा हुनु पर्दछ। विद्यालयमा स्थानीय संचालक समिति र जिल्ला शिक्षा अधिकारी, कार्यालय निरीक्षण र अनुगमन गर्ने प्रणालीलाई सुदृढ र नियमित पारिनु नितान्त जरूरी छ।

## उपसंहार

प्राथमिक शिक्षाका समस्याहरूको सूची माथि उल्लेख गरिएभन्दा निकै लामो हुन सक्छ। यस लेखमा केही खास खास चुनौतीहरूको चर्चा गर्न खोजिएको मात्र हो। समग्रमा, प्राथमिक शिक्षा संख्यात्मक विस्तार र गुणात्मक अभिबृद्धिको तनाव र अन्यौल भएर गुज्रँदैछ। सबैको लागि प्राथमिक शिक्षा उपलब्ध गराउन प्राथमिक शिक्षाको पहुँच विस्तार गर्नुपर्ने त छँदैछ, तर पहुँच सर्वसुलभीकरण प्राप्त गर्नु नै पर्याप्त शर्त होइन। शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार नल्याई प्राथमिक शिक्षामा समता र आन्तरिक क्षमतामा बृद्धि हुन नसक्ने स्पष्ट छ। सरकारले छनौट गर्नु पर्ने यो छ कि- सबैको लागि प्राथमिक शिक्षा वा गुणात्मक प्राथमिक शिक्षा? ❑

## घाटशिला र कलकत्तामा सम्पन्न अन्तर्राष्ट्रिय भेला

# घाटशिलामा क. शिवदास घोषको शालिक अनावरण कार्यक्रम

यसपालि नेपालको सीमासंग जोडिएको भारतको बिहार राज्यमा पर्ने घाटशिलामा एउटा अत्यन्त महत्त्वपूर्ण अन्तर्राष्ट्रिय जमघट सम्पन्न भयो। त्यहाँ सोसलिष्ट युनिटी सेन्टर अफ इण्डिया (एस.यु.सी.आई.) का संस्थापक महासचिव तथा नेता क. शिवदाश घोषको प्रतिमा अनावरण कार्यक्रम थियो। त्यस कार्यक्रममा रूस, क्यूबा, बेल्जियम, जर्मनी, निदरल्याण्ड, टर्की, श्रीलंका, बंगलादेशका कम्युनिष्ट पार्टीका नेताहरूलाई निम्त्याइएको थियो। त्यस समारोहमा भाग लिन नेपालबाट क. फणिन्द्र न्यौपाने, क. राजेन्द्र महर्जन तथा म गएका थियौं।

हामी नेपालबाट दुई दिनको बसको यात्रापछि कार्तिक २७ गते (१२ नोभेम्बरको दिन) घाटशिला पुग्यौं।

घाटशिलाको लालबाग एस.यु.सी.आई.को केन्द्रीय कम्युनको नाम हो। यसैको नामबाट नै त्यो ठाउँको नाम लालबाग रहेको छ। यो कम्युनले त्यहाँको निकै ठूलो क्षेत्र ओगटेको रहेछ। नेपालको लागि यो कम्युन निकै ठूलो जिज्ञासाको विषय थियो। यस कम्युनमा महासचिव लगायत अन्य केन्द्रीय सदस्यहरू बस्नु हुँदोरहेछ। त्यहाँ देशभरका नेता तथा कार्यकर्ताहरूलाई बैचारिक, राजनैतिक तथा शारीरिक लगायत सबै किसिमको तालिम दिने व्यवस्था रहेछ। साथसाथै, कुनै पनि नेता तथा कार्यकर्ताहरूलाई बिना बाधा-अवरोध बसेर निर्धक्क खोज अनुसन्धान गर्नको लागि पनि त्यहाँ आवश्यक प्रबन्ध गरिएको रहेछ। अस्वस्थ र अशक्त नेता कार्यकर्ताहरूको लागि स्वास्थ्य लाभ गर्ने राम्रो व्यवस्था भएको थलो पनि रहेछ यो ठाउँ।

यही कम्युनको विशाल कम्पाउण्डको मैदानको बीचमा शिवदास घोषको १२ फिट अग्लो विशाल ढलौटको प्रतिमा स्थापित गरिएको थियो। यो प्रतिमाको निर्माण त्यसै पार्टीका केन्द्रीय सदस्य तथा एकजना विख्यात कलाकार तपस दत्ताले गर्नु भएको रहेछ। र, यसको निर्माण गर्न ६ वर्ष लागेको रहेछ।

यही शालिक अनावरण गर्ने कार्यक्रममा विश्वका विभिन्न देशका प्रतिनिधिका साथसाथै भारतकै विभिन्न राज्यका प्रतिनिधिहरूको जमघटले त्यो ठूलो मैदान खचाखच भरिएको थियो। शालिक अनावरण गर्ने कार्यक्रम १३ नोभेम्बर १९९७ को दिनको १२ बजे थियो। तर भारतका विभिन्न ठाउँबाट आएका सहभागीहरूको जुलुस समयमै कम्पाउण्डभित्र पुग्न नसकेकोले निर्धारित समयभन्दा आधा घण्टापछि मात्र कार्यक्रम शुरू भयो।

> हामी मंचमा भएका सम्पूर्ण प्रतिनिधि तथा अतिथिहरूले शहीदहरूको आकर्षक प्रतीकहरूमा सम्मान व्यक्त गर्‍यौं।



*शालिक अनावरण गर्नुहुँदै क. शिवदास घोषका समकालीन व्यक्तित्व तथा SUCI का वर्तमान महासचिव निहार मुखर्जी*

कार्यक्रमको प्रारम्भमा रातास्य आकर्षक मंचमा एस.यु.सी.आई.का केन्द्रीय सदस्यहरू तथा विदेशी पाहुनाहरूलाई लगियो। अन्तर्राष्ट्रिय गीत र शिवदास घोषको सम्मानमा बनाइएको गीतबाट कार्यक्रम शुरू भयो। समारोहको सभापतित्वको लागि त्यसै पार्टीका पोलिटब्यूरो सदस्य कमरेड प्रीतिश चन्दालाई चुनियो। त्यसको लगत्तैपछि कार्यक्रमका उद्घोषक क. कृष्ण चक्रवर्तीले शहीदहरूको प्रतीकमा सम्मान अर्पण गर्नको लागि अनुरोध गर्नुभयो। हामी मंचमा भएका सम्पूर्ण प्रतिनिधि तथा अतिथिहरूले शहीदहरूको आकर्षक प्रतीकहरूमा सम्मान व्यक्त गर्‍यौं। त्यसपछि एस.यु.सी.आई.का महासचिव क. निहार मुखर्जीले क. शिवदास घोषको प्रतिमा छोपेर राखेको रातो आकर्षक पर्दा हटाएर प्रतिमा अनावरण गर्नुभयो। र, त्यस प्रतिमामा माल्यार्पण गर्नुभयो। त्यसपछि विदेशी पाहुनाहरूबाट प्रतिमामा माल्यार्पण गर्ने कार्यक्रम भयो।

त्यसपछि, युवाहरूको दस्ता कम्सामोलद्वारा गार्ड अफ अनर प्रदान गरियो। यसपछि, विभिन्न व्यक्तिहरूबाट बोल्ने कार्यक्रमको शुरूवात भयो। यस कार्यक्रमको शुरूमा एस.यु.सी.आई.का महासचिव क. निहार मुखर्जीले बोल्नुभयो। उहाँले आफ्नो भाषणमा अत्यन्त संक्षिप्तमा क. घोषको महत्त्व, उहाँको संघर्ष र योगदानबारे चर्चा गर्नुभयो। उहाँले भन्नुभयो- 'जतिखेर उहाँहरूले एस.यु.सी.आई.को गठन गर्नुभयो, त्यतिखेर सी.पी.आई. अन्तर्राष्ट्रिय रूपमा चर्चित पार्टी थियो। र, त्यो पार्टीलाई सम्पूर्ण अन्तर्राष्ट्रिय समर्थन प्राप्त थियो। तर एस.यु.सी.आई. का शुरू प्रणेताहरूसित न पैसा थियो, न मिडियाहरूले उनीहरूको प्रचारप्रसार गर्थे। न त उनीहरूलाई कसैको समर्थन नै थियो। चारैतिर प्रतिकूल नै प्रतिकूल परिस्थिति थियो। त्यस स्थितिमा पनि भारतीय स्वतन्त्रता संग्राममा भाग लिएका साथीहरूसंग मिलेर कसरी दुःख र कष्टपूर्वक यस पार्टीको निर्माण गर्नुभयो' भन्ने कुरा क. निहार मुखर्जीले संक्षिप्त रूपमा प्रस्तुत गर्नुभयो।

उहाँले के कुरा पनि प्रष्ट रूपमा राख्नु भयो भने- 'नयाँ पार्टी निर्माण गर्नुभन्दा पहिले क. शिवदास घोषले सबभन्दा पहिले पार्टीमा जीवनको सम्पूर्ण पक्षमा विचारधारात्मक केन्द्रीयता तयार पार्ने कुरामा जोड दिनुभयो। त्यो विचारधारात्मक केन्द्रीयताको जगमा पार्टीको नेतृत्व अर्थात् संगठनात्मक केन्द्रीयतालाई विकास गरिनु पर्छ' भन्ने कुरामा उहाँको मूल जोड रह्यो। जनवादी केन्द्रीयताको आधारमा पार्टीभित्र केन्द्रीय नेतृत्वको तहमै जीवनको सम्पूर्ण पक्षमै समाजवादी आन्दोलन चलाएर यो पार्टीको संगठनात्मक केन्द्रीयता र सामूहिक नेतृत्व विकास गरिएको थियो।



उहाँले भन्नुभयो कि- जीवनको सम्पूर्ण पक्षमा समाजवादी आन्दोलन चलाएर पार्टी निर्माण गर्नुभन्दा पहिले चिन्तन गर्ने एउटै प्रक्रिया, सोचमा एकरूपता तथा पद्धतिमा एउटैपन र एउटै उद्देश्य हासिल गरिसकेपछि मात्रै एस.यु.सी.आई. पार्टीको निर्माण भएको थियो।

यसरी संक्षिप्तमा क. निहार मुखर्जीले क. शिवदास घोषको योगदानबारे प्रकाश पार्नुभएपछि विदेशी पाहुनाहरूको बोल्ने क्रम शुरू भयो। यस कार्यक्रमको क्रममा रूसबाट आउनु भएका अल युनियन कम्युनिष्ट पार्टी अफ बोल्सेभिकका केन्द्रीय समितिका सेक्रेटरी क. इ. बेरिचेभले श्रद्धाञ्जली व्यक्त गर्दै क. शिवदास घोषबारे



**समारोहमा उपस्थित जन समुदायको अनुशासन र सभाको व्यवस्थापन निक्कै सराहनीय देखिन्थ्यो । त्यस्तो चर्को गर्मीमा पनि उपस्थित जनसमुदाय तरतर पसिना चुहाउँदै घामको त्यो रापमा निक्कै धैर्य र शान्तपूर्वक बसेर कुरा सुनिरहेका थिए ।**

आफ्नो धारणा व्यक्त गर्नुभयो । निक्कै लामो लिखित वक्तव्य राख्दै उहाँले क. शिवदास घोषबारे उहाँको पार्टीको मूल्यांकन पनि राख्नुभयो । उहाँले भन्नुभयो कि- 'मार्क्सवाद लेनिनवादमा क. घोषको योगदान अमूल्य छ र उहाँ विश्व कम्युनिष्ट आन्दोलनको एकजना विशिष्ट नेता हुनुहुन्थ्यो र उहाँ लेनिन र स्टालिनको एकजना निष्ठावान अनुयायी हुनुहुन्थ्यो ।'

उहाँले शिवदास घोषका संकलित रचनाहरूमा कसरी कुनै क्रान्तिकारी पार्टी वास्तविक छ कि छैन भनेर मूल्यांकन गर्ने भन्नेबारे निकै राम्रा, उपयोगी र अत्याधुनिक सोचहरू अघि सारिएको कुरा बताउनु भयो ।

क्यूबाली कम्युनिष्ट पार्टीका तर्फबाट, दिल्लीस्थित क्यूबाली राजदूतावासका काउन्सेलर लाउर्डेस उरूशिया रोद्रीगुएजले क. शिवदास घोषको योगदानबारे चर्चा गर्नुभयो । त्यस क्रममा उहाँले क्युबा यतिखेर कति बुद्धिमानीपूर्वक र साहसपूर्वक अमेरिकी नाकाबन्दीको सामना गर्दैछ र कसरी त्यहाँका संकटहरू हल हुँदैछन् भन्नेबारे प्रकाश पार्नुभयो । उहाँले भन्नुभयो- 'क्यूबा अमेरिकी साम्राज्यवादको घेराबन्दीमा परे तापनि एक्लो छैन ।'

कार्यक्रमलाई निदरल्याण्डका न्यू कम्युनिष्ट पार्टीका अन्तर्राष्ट्रिय सचिव कमरेड विल भान् दर क्लिफटले संबोधन गर्नुभयो । उहाँले निक्कै छोटो भाषणमा यस समारोहको महत्त्व र क. घोषको योगदानबारे चर्चा गर्दै शिवदास घोषका रचनाहरू पढेर आफू प्रभावित भएको कुरा सुनाउनुभयो ।

श्रीलंकाबाट न्यू डेमोक्रेटिक पार्टीको राष्ट्रिय संगठक क. इ थाम्बियाले समारोहलाई सम्बोधन गर्नुभयो । उहाँले समारोहको व्यवस्थापन र उपस्थित जनसमुदाय र उनीहरूको अनुशासनबाट आफू निक्कै प्रभावित भएको बताउनु भयो । 'क. घोषको शालिक अनावरण समारोहमा भएको अन्तराष्ट्रिय जमघटले विभिन्न देशका कम्युनिष्ट पार्टीहरू बीच ऐक्यबद्धता विकास गर्न मद्दत पुऱ्याएको' कुरा पनि उहाँले बताउनु भयो ।

बेल्जियमको वर्कस पार्टी अफ बेल्जियम (पी. टी.बी.) का क. डर्क डि ब्लकले समारोहलाई सम्बोधन गर्दै 'यूरोपमा साम्राज्यवादीहरूको चकचकीबारे' छोटकरीमा प्रकाश पार्दै शिवदास घोषको योगदानबारे संक्षिप्तमा चर्चा गर्नुभयो ।

टर्कीबाट डि.एच.के.पी.सी. नामक पार्टीको बेल्जियम स्थित अन्तर्राष्ट्रिय सम्पर्क प्रतिनिधि स्क्र्याडर हेकले समारोहलोई सम्बोधन गर्नुभयो । आफ्नो भाषणको क्रममा 'टर्कीले भोगिरहेको समस्या र त्यहाँ साम्राज्यवादीहरू र पूँजीवादीहरूले गरेको नृशंस दमन, अनि त्यहाँ सडक र जेलमा भइरहेको आन्दोलनबारे' उहाँले छोटकरीमा चर्चा गर्नुभयो ।

नेपाली प्रतिनिधिहरूका तर्फबाट त्यस समारोहमा मैले पनि आफ्ना विचारहरू प्रस्तुत गर्ने अवसर पाएको थिएँ। प्रस्तुतिको क्रममा शिवदास घोषको नविनतम योगदानबारे मैले आफ्नो संक्षिप्त मूल्यांकन प्रस्तुत गरें । एउटा कम्युनिष्ट पार्टी निर्माण गर्नको लागि पहलकदमी गर्नेहरूले, अगुवाई गर्नेहरूले बाहिर समाजमा समाजवादी क्रान्ति गर्नुअघि सर्वप्रथम आफ्नो जीवनमा वैज्ञानिक समाजवाद लागू गर्नु पर्छ भन्ने कुरा शिवदास घोषले आफ्नै जीवनमा लागू गरेर देखाउनुभयो । उहाँले समाजवादी सांस्कृतिक क्रान्ति सत्तामा आएपछि मात्र गर्ने कुरा होइन, त्यो नेतृत्व पंक्तिले यहीं र अहिल्यै थाल्ने कुरा हो र निरन्तर जारी


# नेपाल आयल निगम

## सफलतापूर्वक २७ औं वर्ष पूरा गरी २८ औं वर्षमा प्रवेश गरेको छ ।

*यस सुखद् उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरूमा अझ उच्चस्तरीय सेवा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।*

NEPAL OIL CORPORATION LTD

नेपाल आयल निगम लि.

**साम्राज्यवादविरोधी राष्ट्रिय मंच नेपालको तर्फबाट वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल, सुशीलचन्द्र आमात्य, डा. गोपाल पोखरेल र श्याम श्रेष्ठले प्रतिनिधिको रुपमा र, फणिन्द्र न्यौपाने तथा राजेन्द्र महर्जनले पर्यवेक्षकको रुपमा भाग लिनु भएको थियो ।**

*भारतको साम्राज्यवादविरोधी मञ्चको बैठकलाई सम्बोधन गर्नुहुँदै जर्मन प्रतिनिधि क. ओपार्लस्की*




# कलकत्तामा साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय गोष्ठी

नोभेम्बर १६, १९९७ (मंसिर १ गते) मा कलकत्तामा 'अखिल भारतीय साम्राज्यवादविरोधी मञ्च'को आयोजनामा 'वर्तमान विश्व परिस्थितिको सन्दर्भमा साम्राज्यवादविरोधी आन्दोलनलाई कसरी अगाडि बढाउने ?' भन्नेबारेमा एउटा अन्तर्राष्ट्रिय विचार गोष्ठी सम्पन्न भयो । त्यस कार्यक्रममा जर्मनी, रूस, अमेरिका, श्रीलंका, बंगलादेश, निदरल्याण्ड, बेल्जियम, टर्की, नेपाल र भारतले भाग लिएको थियो । नेपालबाट साम्राज्यवादविरोधी राष्ट्रिय मंच नेपालको तर्फबाट वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल, सुशीलचन्द्र आमात्य, डा. गोपाल पोखरेल र महासचिवको हैसियतले टोली नेताको रूपमा मैले प्रतिनिधिको रूपमा भाग लिएको थिएँ । र, फणिन्द्र न्यौपाने तथा राजेन्द्र महर्जनले त्यसमा पर्यवेक्षकको रूपमा भाग लिनुभएको थियो ।

कलेज स्ट्रीटस्थित कलकत्ता विश्वविद्यालयको हलमा १६ नोभेम्बरको बिहान नौ बजेदेखि नै कार्यक्रम शुरू भयो । कार्यक्रमको सभापतित्व पूर्व न्यायाधीश भि. आर. कृष्ण ऐयरले गर्नुभएको थियो । उहाँ भारतीय सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश हुनुहुन्छ । कृष्ण ऐयरले सभापतिको आसन ग्रहण गर्दै निकै महत्त्वपूर्ण र लामो भाषण दिनुभयो । उहाँले भन्नुभयो कि- '१९४५ मा अमेरिकाले एटम बम खसालेर जापानको हिरोसीमालाई नष्ट गऱ्यो । अहिले हिरोसिमा होइन, ग्लोबोशिमाको घटना घटिरहेछ । अर्थात्, सम्पूर्ण विश्वलाई नै आर्थिक, वैचारिक र सांस्कृतिक रूपले ध्वस्त पार्ने काम यतिखेर साम्राज्यवादले गरिरहेको छ । विश्वव्यापी रूपमा साम्राज्यवादी उत्पीडन पहिलेभन्दा अहिले कैयन गुना बढिरहेको छ । व्यापक भइरहेछ, सूक्ष्म भइरहेछ । र, त्यो उत्पीडनले संसारभरका मानव समुदायलाई दुर्दशा र बर्बादीको दिशातिर लगिरहेको छ ।'

उहाँले 'संसारभर भइरहेको साम्राज्यवादी उत्पीडन र शोषणको विरूद्ध सम्पूर्ण उत्पीडित राष्ट्रहरू र जनसमुदायहरू एकगठ हुनुपर्ने र एकगठ भएर यो ग्लोबोशिमाको प्रक्रियाविरूद्ध लड्नु पर्ने' आवश्यकता औल्याउनु भयो ।

उहाँको भाषणपछि अखिल भारतीय साम्राज्यवादविरोधी मंचका महासचिव प्रो. सुशील कुमार मुखर्जीले (जो कलकत्ता युनीभर्सिटीका भूतपूर्व उपकुलपति पनि हुनुहुन्छ) त्यस गोष्ठीमा आफ्नो रिपोर्ट पेश गर्नुभयो । त्यस रिपोर्टमा १९९५ को नोभेम्बरमा भारतमा 'साम्राज्यवादविरोधी मंच गठन भएपछि त्यसले के के काम कारवाही गऱ्यो, विश्वमा कहाँ कहाँ सम्बन्ध विस्तार गऱ्यो र भारतमा साम्राज्यवादविरोधी के कस्ता कार्यक्रमहरू संचालन गऱ्यो' भन्ने बारेमा उल्लेख गरिएको थियो । र, अब भारतमा पनि तल्लो तहसम्म संगठन विस्तार गर्ने अथवा राज्य र जिल्ला समितिहरू निर्माण गर्ने कार्यक्रमहरू रहेको पनि यस रिपोर्टमा समावेश गरिएको थियो ।

रिपोर्टको प्रस्तुतिपछि विभिन्न देशका प्रतिनिधिहरूले आफ्नो विचार प्रस्तुत गर्ने कार्यक्रम रहयो । यो क्रममा रूसको अल युनियन कम्युनिष्ट पार्टी अफ बोल्सेभिक्सका सचिव ए. व्यारिचेभले सभालाई सम्बोधन गर्दै आफ्नो विचार प्रस्तुत गर्नुभयो । उहाँले गोष्ठीको विषयवस्तुभन्दा बाहिरका कुराहरू पनि प्रस्तुत गर्नुभयो । आफ्नो विचार व्यक्त गर्ने क्रममा उहाँले रूसभित्र साम्राज्यवादीहरूले कस्तो खालको उत्पात मच्चाइरहेका छन् भन्ने सवालको एउटा चित्रण प्रस्तुत गर्नु हुँदै अब विश्वका साम्राज्यवादविरोधी जनसमुदायहरू एक हुनुपर्ने आवश्यकता भएको कुरा औल्याउनु भयो ।

नयाँ निदरल्याण्ड कम्युनिष्ट पार्टीका नेता कमरेड विल भान दर क्लिफ्टले सभालाई सम्बोधन गर्दै यूरोपमा भइरहेको साम्राज्यवादी उत्पीडनबारे एउटा चित्रण पेश गर्नुभयो र उहाँले संसारभरिका साम्राज्यवादविरोधी शक्तिहरू एक भएमा मात्र साम्राज्यवादी उत्पीडन र शोषणबाट मुक्त हुन सक्ने धारणा पेश गर्नुभयो ।

अमेरिकाका 'इन्टरनेशनल एक्सन सेन्टर' का संयोजक सारा फ्लाउण्डर्सले आफ्नो छोटो लिखित भाषण पेश गर्नुभयो । विषयवस्तुको हिसाबले उहाँको भाषण निक्कै सान्दर्भिक र महत्त्वपूर्ण थियो । अमेरिकाको 'इन्टरनेशनल एक्सन सेन्टर' अमेरिकी साम्राज्यवादविरोधी, सैन्यवाद-विरोधी र युद्धविरोधी संगठन हो भन्ने कुरा दर्शाउँदै उहाँले विश्वका सबै साम्राज्यवादविरोधी शक्तिहरूसंग सम्बन्ध बढाउने योजना त्यो संगठनको रहेको कुरा पनि बताउनुभयो । उहाँले भन्नुभयो- "विश्व मानव समुदायको जुन शत्रु हो,

राख्ने कुरा हो भन्ने नौलो धारणा विश्व कम्युनिष्ट आन्दोलनमा पेश गर्नुभयो । पार्टी निर्माणको सवालमा उहाँले लेनिनले प्रस्तुत गर्नुभएको अवधारणालाई विकसित र परिमार्जित गरेको महसुस हुन्छ । विचारधाराको मामलामा केन्द्रीयता विकास गरेपछि मात्र संगठनको क्षेत्रमा वास्तविक केन्द्रीयता विकसित हुनसक्छ भन्ने धारणा उहाँको थियो । यो धारणा आफूलाई निकै सटिक र यथार्थवादी लागेको कुरा मैले त्यहाँ प्रस्तुत गरें । क. घोष अन्ध नक्कल र यान्त्रिक चिन्तन प्रक्रियाको तीव्र विरोधी हुनुहुन्थ्यो । उहाँको रचना पढ्दा उहाँले १९४८ मै सोभियत कम्युनिष्ट पार्टीमा विद्यमान यान्त्रिक चिन्तन प्रक्रिया र नोकरशाही प्रवृत्तिबारे औंलाइसक्नुभएको थियो - यो कुरा पनि मैले त्यहाँ उल्लेख गरें ।

शिवदास घोषको योगदान उहाँको आलोचनात्मक चिन्तनमा छ । उहाँ सबैप्रति आलोचक हुनुहुन्थ्यो । उहाँको आलोचनात्मक चिन्तन गर्ने प्रणालीलाई एस.यु.सी.आई. पार्टीले पनि पद्धतिको रूपमा निरन्तर कायम राखोस् । जसरी शिवदास घोष त्यहाँ रोकिनु भएन, जहाँ मार्क्स, एंगेल्स, लेनिन स्टालिन र माओ रोकिनु भएको थियो । त्यसरी नै शिवदास घोष जहाँ रोकिनु भयो, त्यहाँ एस.युस.सी.आई. पार्टी नरोकियोस् । त्योभन्दा अगाडि बढ्ने प्रयत्न गरोस् । अनि मात्रै शिवदास घोषको शिक्षाको सही अनुशरण हुन्छ भनी आफूले महसूस गरेको कुरा पनि मैले त्यहाँ राखें ।

त्यसपछि बोल्ने पालो थियो बंगलादेशेर प्रजातान्त्रिक दल अर्थात् बंगलादेशका समाजवादी पार्टीका संयोजक क. खलेकुजमानको । उहाँले समारोहमा बंगाली भाषामा आफ्नो भाषण राख्नुभयो । उहाँले मूलत: शिवदास घोषको योगदानबारे आफ्नो धारणा राख्नुभयो ।

लगभग पौने तीन घण्टा लामो यस समारोहमा त्यहाँ उपस्थित जन समुदायको अनुशासन र सभाको व्यवस्थापन निक्कै सराहनीय देखिन्थ्यो । त्यस्तो चर्को गर्मीमा उपस्थित जनसमुदाय तरतर पसिना चुहाउँदै घामको त्यो रापमा निक्कै धैर्य र शान्तपूर्वक बसेर कुरा सुनिरहेका थिए । करीब पौने तीनबजे समारोहको अन्त क. प्रीतिश चन्दाले आफ्नो समापन भाषणद्वारा गर्नुभयो ।

अर्को, सराहनीय पक्ष थियो- आयोजकहरूको आतिथ्य । हामी सहभागीहरूलाई विदेशमा छौं भन्ने अनुभूति नै भएन । एउटा वैचारिक परिवारको वातावरण थियो त्यहाँ । क. फणिन्द्र न्यौपाने यसैबीच केही दिन बिरामी पर्नुभयो । उहाँको यति राम्रो हेरचाह त्यहाँ कम्युनको उपचार केन्द्रमा भयो कि त्यस्तो उपचार उन्नत सांस्कृतिक स्तर र प्रेम भएको परिवारमा मात्र हुन्छ ।

❑ श्याम श्रेष्ठ


जस्टिस कृष्ण अय्यर
(भारत)


क. ए. ब्यारिचेभ
(रुस)


प्रो. सुशील कुमार मुखर्जी
(भारत)


क. विल भान दर क्लिफ्ट
(निदरल्याण्ड)


क. सारा फ्लाउण्डर्स
(अमेरिका)

त्यो अमेरिकी जनताको पनि शत्रु हो ।"

अमेरिकी मिलिटरी बजेटबारे उहाँले प्रकाश पार्दै भन्नुभयो- 'अमेरिका त्यस्तो देश हो, जुन देशको मिलिटरी बजेट यति ठूलो छ कि, संसारभरको सबै मुलुकको मिलिटरी बजेटलाई एकै ठाउँमा जम्मा गर्दा पनि अमेरिकाको मिलिटरी बजेट अझै ठूलो हुन्छ । र, अमेरिकाका सबैजसो ठूला ठूला कम्पनीहरू सैन्य उद्योगबाट आएको नाफामा आधारित छन् । त्यसैले संसारमा जति ज्यादा युद्ध मच्चिन्छ, त्यति नै ज्यादा ती कम्पनीलाई नाफा हुन्छ । अमेरिकाले सबैतिर युद्ध भड्काउने कारणै यही हो' भन्ने कुरा बडो रोचक भाषामा प्रस्तुत गर्नुभयो ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषले एशिया, ब्राजिल र मेक्सिकोमा कसरी त्यहाँको उद्योगहरू बन्द गर्न, व्यापक मात्रामा मजदूरहरूको निश्कासन गर्नको लागि भूमिका खेलिरहेको छ भन्ने कुरामा पनि उहाँले प्रकाश पार्नुभयो । उहाँले विश्वव्यापीकरणको वर्तमान प्रक्रियाबारे बोल्दै 'यो संसारभरिको पूँजीवादी बजारलाई एकताबद्ध गरेर त्यसबाट अधिकतम नाफा हासिल गर्ने साम्राज्यवादीहरूको योजनाको प्रतिफल हो' भन्नुभयो ।

'यसले एशिया, ल्याटिन अमेरिका र अफ्रिकामा लाखौं किसानहरूको जीविकालाई नष्ट गरिरहेको छ' भन्नुहुँदै सारा फ्लाउण्डर्सले अन्तमा भन्नुभयो- "साम्राज्यहरू आफैले सिर्जना गरेका समस्याहरू उनीहरू आफैले समाधान गर्न सक्ने स्थिति छैन । यसले अरू बढी संकट पैदा गर्ने सुनिश्चित छ । त्यसकारणले, संसारभरिका मजदूरहरू र उत्पीडितहरू एक हुनुपर्ने आवश्यकता छ । हाम्रो शत्रु भनेको साम्राज्यवादीहरूको विश्वव्यापी व्यवस्था हो । यो अक्टोपसलाई सामना गर्नको लागि हामीसंग पहिलेभन्दा बलियो अन्तर्राष्ट्रिय ऐक्यबद्धता हुनु जरूरी छ ।"

त्यस गोष्ठीमा बेल्जियमबाट वि.टि.पी. का सदस्य तथा प्रतिनिधि कमरेड दर्क डि ब्लकले बेल्जियममा भइरहेको श्रमिक वर्गीय आन्दोलन बारेमा र युरोपमा भइरहेको साम्राज्यवादी उत्पीडनबारे प्रकाश पार्नुभयो । साम्राज्यवादविरोधी आन्दोलनलाई अगाडि बढाउने हो भने, साम्राज्यवादविरोधी शक्ति-हरूका बीच र उनीहरूको आन्दोलनको बीच एक-आपसमा संयोजन र एकताको जरूरत भएको कुरा उहाँले औल्याउनु भयो ।

त्यसपछि, जर्मनीको साम्राज्यवाद-विरोधी मंचका प्रतिनिधि अध्यक्षको रूपमा माइकल ओपार्लस्कीले बोल्नुभयो । उहाँले भन्नुभयो- 'साम्राज्यवादविरोधी विश्वव्यापी आन्दोलन अहिले विश्वभरि नै जारी छ । तर उनीहरूको बीचमा आपसी सम्पर्क र संयोजन छैन । त्यसैले त्यो कमजोर भएको छ । त्यसकारण, यस गोष्ठीमा भेला भएका मानिसहरूको प्रयत्नबाट त्यस्तो खालको एउटा अन्तर्राष्ट्रिय संयोजन संयन्त्रको विकास गर्नुपर्छ ।" साम्राज्यवादले गरिरहको उत्पीडन र तिनको अत्याधुनिक रूपहरूबारे सूचना, तथ्य र तथ्यांक एकै ठाउँमा जम्मा गरेर चारैतिर छर्नका लागि 'अन्तर्राष्ट्रिय इन्फरमेसन पूल' अथवा सूचना केन्द्रको जरूरत भएको कुरा पनि उहाँले गोष्ठी समक्ष राख्नुभयो ।

त्यसपछि मेरो पालो थियो । मैले बदलिँदो विश्व सन्दर्भ र विश्व परिस्थिति भनेको के हो भन्ने बारेमा आफ्नो धारणाहरू राखें । *(हेर्नुहोस् पृष्ठ ३९ को बक्स सामग्री)*

यस परिप्रेक्ष्यमा ३/४ वटा प्रस्ताव मैले त्यहाँ राखें । पहिलो प्रस्ताव हो- क. चे ग्वेभाराले पहल गरे जस्तै एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका उत्पीडित देशहरूको तीन महादेशीय कंग्रेसको फेरि पनि जरूरी भएको छ । त्यसको संयोजनको लागि क्यूबाले पहलकदमी लिनुपर्छ । दोस्रो- जसरी साम्राज्यवादी तथा बहुराष्ट्रिय कम्पनीहरूले विश्वको उत्पीडन र शोषण गर्न अन्तरराष्ट्रिय संयन्त्रको निर्माण गरेका छन्, त्यसरी नै हामीले पनि साम्राज्यवादविरोधी आन्दोलनलाई सशक्त पार्नको लागि हाम्रो पनि विश्वव्यापी संयोजन संयन्त्रको आवश्यकता भएको छ । त्यसको लागि यहाँ उपस्थित विभिन्न देशका प्रतिनिधिहरूले एउटा टीम बनाएर संयोजन संयन्त्र निर्माणको लागि भेला आयोजना गर्न पहलकदमी थालियोस् । तेस्रो- हामी दक्षिण एशिया स्तरमा पनि भारतीय साम्राज्यवादबाट उत्पीडित देशहरूले आपसी एकता मजबूत पार्न SAARC स्तरको जनस्तरीय संयन्त्र बनाउनु पर्छ र अहिले भेला भएका चारवटा सार्क क्षेत्रका राष्ट्रहरूले त्यसको लागि क्षेत्रीय स्तरमा भेटघाटको आयोजना गरियोस् । चौथो, साम्राज्यवादीहरूले स्थापना गरेका संचार यन्त्रको विकल्पमा हामीले पनि आफ्नो प्रसार यन्त्र विकासको लागि आफ्नो हातमा राज्य सयन्त्र भएका क्यूबा र उत्तर कोरिया जस्ता देशहरूले पहलकदमी गरिदेओस् भनेर उनीहरूसंग अनुरोध गर्नु पर्छ कि ? मैले 'साम्राज्यवादविरोधी मञ्च नेपाल'को तर्फबाट राखेको प्रस्तावमा जर्मनीका प्रतिनिधि, बंगलादेशका प्रतिनिधि र श्रीलंकाका प्रतिनिधिले पनि समर्थन गर्नुभयो ।

**हामीले नेपालको कालापानीमा बसिरहेको भारतीय फौज र भारतले कब्जा गरिरहेकोले नेपाली भूमि तुरुन्त फिर्ता गरियोस् भन्ने प्रस्ताव राखेका थियौं ।**

बंगलादेशबाट त्यस समारोहमा "बंगलादेशेर समाजतान्त्रिक दल' का नेताले बंगाली भाषामा सम्बोधन गर्नुभयो ।

त्यसपछि अमेरिकाबाट आउनु भएका इन्टरनेशनल एक्सन सेन्टरका अन्य दुई जना महिला सदस्य तथा प्रतिनिधिले पनि समारोहलाई सम्बोधन गर्नुभयो ।

त्यसपछि टर्कीका महिला नेतृ स्क्रयाडर हेकले बोल्नु हुँदै 'टर्कीमा क्रान्तिकारी जनतालाई त्यहाँका शासकहरू र साम्राज्यवादीहरूले एक आपसमा मिलेर कसरी दमन गरिरहेका छन् र जेलमा पनि कसरी क्रान्तिकारीहरू मरिरहेका छन् भन्ने कुराको दर्दनाक चित्रण पेश गर्नुभयो ।

सोही कार्यक्रमलाई श्रीलंकाको न्यू डेमोक्रेटिक पार्टीका प्रतिनिधि क. इ थाम्बियाले पनि सम्बोधन गर्नुभएको थियो ।

त्यसपछि भारतका विभिन्न राज्यहरूबाट आएका प्रतिनिधिहरूले बोल्ने कार्यक्रम शुरू भयो । बोल्ने क्रममा त्यहाँका प्रतिनिधिहरूले मुख्य रूपमा अन्तर्राष्ट्रिय इन्फरमेशन पुलको अवश्यकतामाथि जोड दिनुभयो ।

त्यसपछि प्रस्तावहरू पेश गर्ने कार्यक्रम रह्यो । अखिल भारतीय साम्राज्यवादविरोधी मंचका तर्फबाट ६ वटा प्रस्तावहरू पेश गरिए । पहिलो प्रस्ताव, अमेरिकाको नेतृत्वमा विभिन्न साम्राज्यवादी शक्तिहरूले युद्धको लागि गरिरहेको विश्वव्यापी तयारीको विरूद्धमा

क. दर्क डि ब्लक
(बेल्जियम)



क. इ थाम्बिया
(श्रीलंका)



श्याम श्रेष्ठ
(नेपाल)



क. खलेकुजमान
(बंगलादेश)



क. स्क्र्याण्डर
(टर्की)



# नेपालको तर्फबाट प्रस्तुत विचार : संक्षेपमा

*अहिले पहिलेभन्दा साम्राज्यवादीहरूको उत्पीडन अरू ज्यादा बढेको छ । विश्वका ६५८ जना अरबपतिहरूको हातमा लगभग विश्वको आधा जनसंख्याको सम्पत्तिभन्दा पनि ज्यादा सम्पत्ति थुप्रिन गएको छ । विश्वका ५० वटा सबभन्दा ठूला बैंक र वित्तीय कम्पनीहरूले विश्वको ६० प्रतिशत उत्पादनशील पूँजी थुपारिरहेका छन् । यसबाट के देखिन्छ भने, विश्वमा पहिलेभन्दा निक्कै ज्यादा पूँजी र उत्पादनको केन्द्रीकरण भएको छ । विश्वको १० वटा सबभन्दा ठूला कर्पोरेशनहरूको विक्री विश्वका १०० वटा साना साना देशहरूको राष्ट्रिय उत्पादनभन्दा ज्यादा देखिएको छ । यसबाट विश्व र विश्वका सरकारहरू विश्वको सबभन्दा ठूलो राष्ट्रिय र अन्तर्राष्ट्रिय निगमहरूको हातमा परिरहेका छन् र उनीहरू यतिखेर पहिलेभन्दा बिलकुलै नयाँ ढंगले विश्वको शोषण र उत्पीडन गरिरहेछन् र विश्वभरि प्रभुत्व स्थापना गरिरहेका छन् ।'*

*'दोस्रो विश्वयुद्धभन्दा अगाडि आजको जस्तो विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष अस्तित्वमा थिएन, जहाँ विश्वका सारा ठूला ठूला वित्तीय पूँजी मिलेर त्यति ठूलो वित्तीय पूँजी-संयन्त्र पैदा गरेको होस् । उसले अहिले यही वित्तीय पूँजीको माध्यमबाट साना साना देशहरू, खासगरी, एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका विकासोन्मुख मुलुकहरूको यति धेरै शोषण र उत्पीडन गरिरहेछ । अहिले विश्वमा त्यस्तो अन्तर्राष्ट्रिय वित्तीय संयन्त्र विकास भएको छ, जसले धेरै देशको स्वतन्त्रता र सार्वभौम सत्तालाई यही वित्तीय पूँजीको माध्यमबाट देखावटी र नाम मात्रको पारिदिएको छ । नव उपनिवेशवाद यसैलाई त भनिन्छ ।"*

*मैले के पनि कुरा राखें भने- 'अहिले पूँजीवादी संचार, साम्राज्यवाद र यातायात संयन्त्र पनि पहिलेको तुलनामा कता हो कता विश्वव्यापी र द्रुत भएको छ । यस माध्यमबाट व्यवसाय र पूँजीको लेनदेन र कारोबार अब राष्ट्र-राज्यको नियन्त्रणभन्दा बाहिर भएको छ । र, संचार यन्त्रको जालोले विश्वमा एउटा संचार क्रान्ति नै ल्याइदिएको छ । त्यस्तै गरी, पूँजीवादी-साम्राज्यवादीहरूको प्रचार संयन्त्रमा पनि कायापलट भएको छ । खासगरी, टि.भि.को प्रयोगले विश्वव्यापी रूपमा नैतिक सांस्कृतिक तथा वैचारिक रूपले संसारका साराका सारा युवा पुस्तालाई पथभ्रष्ट पार्ने काम प्रभावकारी रूपले भइरहेको छ ।"*

*"त्यसैले हामीसंग पनि उनीहरूको प्रचार संयन्त्रको विकल्पमा वैकल्पिक प्रचार संयन्त्र हुनु जरूरी भएको छ ।*

*अहिले ठूलठूला बहुराष्ट्रिय कर्पोरेशनहरूले आफ्नो साइजलाई निकै सानो बनाउँदै लग्दैछन्, आफ्नो उत्पादनलाई चाहिं विश्वव्यापी रूपमा विकेन्द्रित गर्दै लगिरहेका छन् । र पैसा, बजार र प्रविधि चाहिं केन्द्रिकृत गर्दै लग्दैछन् । उनीहरूले आफ्ना देशहरूमा गएका ठूला ठूला उद्योगहरू बन्द गर्दै श्रम सस्तो भएका एशिया, ल्याटिन अमेरिका तथा अफ्रिकाका देशहरूमा उद्योग सार्न सस्तो श्रम प्राप्त गर्न साना उत्पादकहरूबीच चर्को प्रतिस्पर्धा गराउन थालेका छन् । यसबाट एकातिर पश्चिमी पूँजीवादी मुलुकहरूमा बेरोजगारी र गरिबी सारै चुलिन गएको छ । अर्कोतिर, त्यहाँका श्रमिकहरूको बेहद शोषण गरेर उनीहरूले अकूत नाफा कमाइरहेका छन् । त्यसैले कर्पोरेशन सानो पारे पनि उनीहरूको बिक्री र नाफा सानो भएको छैन, त्यो पहिले भन्दा कैयन गुना ठूलो भएको छ ।"*

*"यसरी संसारमा पहिलेभन्दा बिलकुलै नयाँ र प्रभावकारी ढंगबाट साम्राज्यवादीहरू आइरहेको परिप्रेक्ष्यमा उनीहरूको विरूद्ध संघर्ष गर्नको लागि पनि हामीसंग नयाँ खालको विकसित र संयोजित संयन्त्र हुनुपर्छ । बहुराष्ट्रिय कम्पनीहरूको संयोजन संयन्त्र हुन सक्छ भने उत्पीडितहरूको किन हुन सक्दैन ?*

थियो । दोस्रो, अल्बानियामा भएको साम्राज्यवादी हस्तक्षेपलाई रोकियोस् र त्यो देशका जनतालाई आफ्नो भाग्य आफैंलाई निर्धारण गर्न दिइयोस् भन्ने बारेमा थियो । तेस्रो- फिलिपिन्सका प्रसिद्ध वामपन्थी नेता जोसेफ मारिया शिसोलाई निदरल्याण्डमा बस्ने हक दिइयोस् र उहाँलाई त्यहाँबाट निश्कासित गर्ने काम नगरियोस् भन्ने बारेमा थियो । चौंथो- अमेरिका र बेलायत मिलेर भारतको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने जमर्कोविरूद्धमा थियो । पाँचौं- संयुक्त राष्ट्रसंघलाई प्रयोग गरेर अमेरिकाले अहिले इराकमाथि गरिरहेको अमानवीय नाकाबन्दीको विरोधमा थियो । छैठौं, पहिलेको पूर्व जर्मनीमा त्यहाँका राजनैतिक र क्रान्तिकर्मीलाई गैरकानूनी तवरले दुःख दिने र थुन्ने कामको विरोधमा थियो ।

हामीले नेपालको कालापानीमा भारतीय फौज बसिरहेको र नेपालको १९ हजार हेक्टरभन्दा पनि बढी जमीन भारतले कब्जा गरिरहेकोले नेपाली भूमि तुरून्त फिर्ता गरियोस् र त्यहाँबाट भारतीय फौज अविलम्ब फिर्ता गरियोस् भन्ने प्रस्ताव राखेका थियौं ।

*अमेरिकाद्वारा गरिएको इराकमाथिको अतिक्रमणविरूद्ध कलकत्ताको हो चि मिन्ह सरानीस्थित अमेरिकी कन्सुलर कार्यालय अगाडि विरोध प्रदर्शन*




कार्यक्रमको अन्तमा जस्टिस कृष्ण ऐयरले गेष्ठीले हासिल गरेका उपलब्धिहरूबारे चर्चा गर्नुभयो र औपचारिक रूपले गोष्ठीको समापन गर्नुभयो ।

गोष्ठीको अन्तमा भोलिपल्ट दिउँसो कलकत्तास्थित अमेरिकी कन्सुलर कार्यालयमा 'अमेरिकाद्वारा इराकमाथि आक्रमण नगरियोस् र पर्सियन खाडीबाट तुरून्तै अमेरिकी सेनाहरू हटाइयोस्' भनी विरोधपत्र प्रस्तुत गर्न जाने कार्यक्रमको घोषणा भयो ।

भोलिपल्ट नोभेम्बर १७ को दिन बिहान ९ बजे अल इण्डिया इम्पेरिलिष्ट फोरमको कमिटी बैठक उल्टा डाँगास्थित कृषि सहकारी भवनमा शुरू भयो । त्यो बैठकमा हामीले फेरि पनि कालापानीको कुरा उठायौं र त्यो प्रस्ताव स्वीकृत भयो । पछि मंचका महासचिवले भारतीय मंचको तर्फबाट स्मृतिपत्रका रूपमा त्यो प्रस्ताव भारतको सरकारलाई बुझाइने छ र त्यो जानकारी हामीलाई दिइनेछ भन्ने कुरा भन्नुभयो । बैठकमा नेपाली प्रतिनिधि डा. गोपाल पोखरेलले नेपालमा साम्राज्यवादी

**आउँदो जुलाई महिनामा नेपालमा सार्क स्तरको भेटघाटको आयोजना गर्ने एउटा साम्राज्यवादविरोधी दक्षिण एशिया स्तरको क्षेत्रीय संयोजन संयन्त्रको निर्माण गर्ने निर्णय भयो ।**

हस्तक्षेप र महाकाली सन्धिको सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नु भयो ।

हामीले SAARC स्तरमा संयोजन संयन्त्र निर्माण गर्नको लागि तुरून्त सार्क स्तरको अलग्गै बैठक गर्नुपर्ने भन्ने प्रस्ताव राख्यौं र त्यही प्रस्ताव अनुसार बैठक बसियो । त्यस बैठकमा आउँदो जुलाई महिनामा नेपालमा सार्क स्तरको भेटघाटको आयोजना गर्ने, त्यसबाटै एउटा साम्राज्यवादविरोधी दक्षिण एशिया स्तरको क्षेत्रीय संयोजन संयन्त्रको निर्माण गर्ने निर्णय भयो । यदि नेपालले त्यसको आयोजना गर्न नसक्ने भएमा बंगलादेशले आयोजना गर्ने मन्जुरी जनाएको छ । अन्तर्राष्ट्रिय संयोजन संयन्त्रको जरूरी भएको भन्नेबारे हामीले राखेको प्रस्तावमा भारतले 'यसबारे के गर्न सकिन्छ, सोच्ने मौका दिइयोस्' भन्ने प्रस्ताव राख्यो । र, अन्तर्राष्ट्रिय इन्फरमेसन पूल चाहिं सबैले सहयोग गरेमा तुरून्तै बन्न सक्ने र भारतले त्यसको कार्यभार सम्हाल्न सक्ने कुरा भारतले राख्यो । जर्मनीले कम्प्युटर लगायत आवश्यक सामग्री उपलब्ध गराउने कुरामा मद्दत गर्ने जानकारी दियो ।

साढे एघार बजेतिर बैठक सकियो । बैठक सकिने बित्तिकै अमेरिकी कन्सुलर कार्यालयमा विरोधपत्र दिन जानको लागि जुलूसमा सामेल हुन हामी सडकमा पुग्यौं । विभिन्न देशको प्रतिनिधित्व देखाउने किसिमले देशहरूको नाम लेखिएका प्लेकार्डहरू सबै देशका प्रतिनिधिहरूले बोकेका थिए । मध्यान्ह १ बजे एउटा आकर्षक र ठूलै जुलूस नारा लगाउँदै कन्सुलर भवनतिर प्रस्थान गऱ्यो । त्यहाँ पुग्ने बेलातिर प्रहरीले जुलूसलाई रोक्यो । हामी सबै त्यहीं सडकमै नारा लाउँदै पलेटी कसेर बस्यौं । जस्टिस कृष्ण ऐयरको नेतृत्वमा मणिक मुखर्जी, रूस, अमेरिका र जर्मनका गरी ६ जना प्रतिनिधिहरू गएर विरोध पत्र बुझाए । विरोधपत्र बुझाएर फर्केपछि त्यहाँ जस्टिस कृष्ण ऐयर र अमेरिकी प्रतिनिधि सारा फ्लाउण्डर्सले त्यहाँ के'के भयो भन्ने जानकारी दिनुभयो । त्यसपछि साम्राज्यवादविरोधी संपूर्ण कार्यक्रमको समापन भयो ।

❑ श्याम श्रेष्ठ

*(कलकत्ताको महाजनी सदनमा नोभेम्बर क्रान्तिको अस्सीऔं वार्षिकोत्सवको उपलक्ष्यमा एउटा भव्य समारोहको आयोजना भएको थियो । सो समारोहको विस्तृत रिपोर्ट आगामी अंकमा ।)*

नेपाली कांग्रेसको वर्ग विश्लेषणको सिलसिलामा क. भण्डारीको प्रतिवेदनले नेपाली कांग्रेसलाई 'अन्तर्राष्ट्रिय पूँजीवाद, खास गरी बहुराष्ट्रिय निगमहरू र भारतीय एकाधिकार पूँजीवादको स्वार्थ रक्षा' गर्ने शक्तिका रूपमा समेत जुन चित्रण गरेको थियो, यस पटकको प्रतिवेदनले त्यो चित्रण हटाइएको छ। यो एमालेको कांग्रेसप्रतिको दृष्टिकोणमा आएको ठूलो हेरफेरको संकेत हो। यो कतै एमालेको अन्तर्राष्ट्रिय पूँजीवाद र भारतीय विस्तारवादप्रति पाँचौं महाधिवेशनसम्म विद्यमान आक्रामक र दृढतापूर्ण दृष्टिकोण र रबैया अहिले बदलिएर सौहार्दपूर्ण र मैत्रीपूर्ण भएको कुराको बाहिरी अभिव्यक्ति त होइन ?

त्यस्तै, वामपन्थी मित्रका रूपमा रहेका नेकपा एकता केन्द्र र मसाललाई हेर्ने उसको दृष्टिकोण पनि अहिलेको प्रतिवेदनमा पहिलेभन्दा बदलिएको छ। पहिलेको प्रतिवेदनमा ती दुवैलाई "सर्वहारावर्गीय राजनैतिक शक्ति' र 'साम्राज्यवाद र सामन्तवाद तथा सत्तापक्षको सर्वसत्तावादविरोधी संघर्षमा 'भरोसायोग्य' मित्र शक्तिका रूपमा चित्रण गरिएको थियो। अहिलेको प्रतिवेदनमा यो वर्ग विश्लेषणमा फेरबदल गरिएको छ। अब यिनलाई ती शक्तिविरूद्धको संघर्षमा मित्रशक्ति मात्र भनिएको छ। एकता केन्द्रलाई त खालि 'मित्र शक्ति' मात्र भनिएको छ।




... उहाँ क. माधव गुटको, ...
उहाँ छेउतिर उभिने वामदेवको, ...
उहाँ वेवकूफ बिना गुटको ...

कार्टुनः रबिन सायमि
(साभारः जनआस्था)

अघिल्लो प्रतिवेदनले सत्ता पक्षको सर्वसत्तावादविरूद्ध लड्न वामपन्थी एकतालाई निकै महत्व दिएको थियो। यो प्रतिवेदनले वामपन्थी एकतालाई लगभग तिलाञ्जली नै दिएको प्रतीत हुन्छ।

## थप आलोच्य र खण्डनयोग्य पक्षहरु

क. माधव नेपालको प्रतिवेदनमा क्रान्तिपछि स्थापना गरिने बहुदलीय प्रतिस्पर्धा सहितको जनवादलाई नयाँ र 'मौलिक' विचार भनेर दावी गरिएको छ। वास्तवमा यो न त नयाँ विचार नै हो, न मौलिक विचार नै। अन्तर्राष्ट्रिय रूपमा हेर्ने हो भने, यूरो कम्युनिज्मको मुख्य सार नै बहुदलीय प्रतिस्पर्धा र पुँजीवादी संसदीय प्रणालीसहितको समाजवाद नै हो। त्यस्तै, सामाजिक जनवाद (Social Democracy) को राजनीतिक प्रणाली पनि सर्वहारा अधिनाकत्वरहित समाजवाद र पूँजीवादी प्रजातन्त्रको समिश्रण नै हो र सारमा बहुदलीय जनवाद नै हो।

इरानको क्रान्तिकारी श्रमिक पार्टी "राहे कारगर' ले पनि सन् १९७९/८० देखि नै बहुदलीय प्रतिस्पर्धासहितको श्रमिक वर्गको प्रजातन्त्रको वकालत गर्दै आएको छ। यस परिप्रेक्ष्यमा, बहुदलीय जनवाद कुनै नयाँ र मौलिक विचार नै होइन। नेपालमा यो यूरो कम्युनिज्म वा सामाजिक जनवादकै व्यवहारिक अनुवाद मात्रै हो।

प्रतिवेदनमा नेपालमा केही समययता प्रतिगामी र पुनरोत्थानवादी शक्तिहरूको गतिविधि बढेकोमा निकै चिन्ता व्यक्त गरिएको छ। (पृष्ठ १७), नेपालको यथार्थ यो हो। तर एमालेले यो चिन्ता व्यक्त गर्नु अनैतिक ठहरिन्छ। कारण, त्यो प्रतिगामी र पुनरोत्थानवादी शक्तिलाई शिर उठाउन दिनमा अहिलेका केही वर्षहरूमा एमालेको नै पनि स्पष्ट भूमिका रहेको पाइएको छ। व्यवहारमा एमालेको भूमिका ती प्रतिगामी र पुनरूत्थानवादी शक्तिहरूलाई चोख्याउने र उठ्न दिने, फ्लौंगिन दिने काममा निर्णायक र सक्रिय भूमिका रहने, र अनि अहिले आएर दस्तावेजमा चाहिं त्यसबारे "चिन्ता" व्यक्त गर्ने! त्यसैले, यो "चिन्ता" एमालेको निम्ति अनैतिक र 'जाली चिन्ता" ठहरिन्छ।

प्रतिवेदनमा टनकपुरको गल्तीलाई महाकाली सन्धिद्वारा सच्याइएको दावी पनि गरिएंको छ (पृष्ठ १८)। यो पनि सरासर गलत र हास्यास्पद दावी हो। वास्तवमा, महाकाली सन्धिद्वारा टनकपुरको मामलामा अन्तर्राष्ट्रिय रूपमै बिग्रेको भारतीय सरकारको छवि सुधार्ने, असमान र बदनाम टनकपुर सन्धिलाई बैध पार्ने र नेपालको पानीको न्यायिक अधिकार भारतलाई सुम्पने काम मात्र भएको कुरा अहिले भारत सरकारले गरिरहेको ९६ प्रतिशत पानीको अग्राधिकारको मागले पुष्टि गरेको छ। यो राष्ट्रघाती सन्धिबाट न त महाकाली नदीको हैसियतको समस्या टुंगो लागेको छ, न महाकालीको मुहानको, न पानीमा न्यायिक हकको, न कालापानीमा नेपाली भूमिमाथि भारतीय कब्जाको, न बिजुलीको फाइदाजनक मूल्यको। अनि कुन गल्ती सच्चियो त ? ❑





अब पाईप जगतमा नयाँ उत्साह
नयाँ उदय - विश्वासको साथ

मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !



**मुक्तेश्वर पाईप नै किन ?**

- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ।
- यसमा फलामे पाइपमा जस्तो खीया लाग्दैन।
- जडान खर्च तथा ज्याला कम पर्दछ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ।
- कुनै पनि किसिमका रसायनहरूले यसलाई असर पार्दैन।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ।
- चुहावट हुन जोखिम प्रतिशत कम छ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ।

सधैं सम्झनुहोस्

मुक्तेश्वर पाईप ई.प्रा.लि.

(चिराग उद्योग समूह)

पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्सः ४२१९४५

उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !

# पाठकको कुरो

## एमालेको विसंगति

५२ औं अंक समयमा नै हात पर्‍यो। आवरण कथा अत्यन्तै समसामयिक र रोचक छ। विचलन, विकृति र विसंगतिहरूले चर्किँदै गएको एमालेमा महासचिव माधव नेपालले पनि पार्टीभित्र पूँजीवादी विकृतिहरू फस्टाउँदै गइरहेको स्वीकार गर्नु स्वाभाविकै हो। तर संसदीय भासमा डुब्दै गइरहेको एमालेमा नेताहरूका 'जनवाद स्थापना गर्ने' भाषण, लेखहरू र अन्तर्वार्ताहरू हेर्दा चाहिं उदेकपूर्ण र लज्जाजनक लाग्छ। यस्तै नै हो भने, जनताले एमालेलाई सधैं साथ देलान् र ?

यस अंकमा कर्णाली परियोजना सम्बन्धी लेख खोजपूर्ण र उपयोगी लाग्यो। लेवनानी कम्युनिष्टहरूको कथा-व्यथा जीवन्त छ।

**-इन्द्र खरेल, सुरुङ्गा-४, झापा, हाल: धरान**

## कर्णालीबारे राम्रो जानकारी

आवरण कथा साह्रै राम्रो लाग्यो। कर्णाली परियोजनाको बारेमा जानकारी साह्रै मन छुनेछ। तर लेख अझै अधुरो भए जस्तो लाग्यो। कर्णालीबारेमा पूरा जानकारीका साथ सामग्री पढ्न पाए आभारी हुने थिएँ।

**-रविन्द्र रेग्मी, एम.बि.ए. प्र.वर्ष, कोहलपुर-३, बाँके**

## एमालेको मूल्यांकन गर्न

मूल्यांकन पूर्णाङ्क ५२ अंक पनि आफ्नै विशेषताहरूले भरिएको पाएँ। विशेष गरेर आवरण कथामा वर्णित एमालेको छैठौं महाधिवेशन सम्बन्धी सामग्री र माधव नेपाल तथा सि.पी. मैनाली कमरेडहरूको अन्तर्वार्ताले कार्यकर्ता पंक्तिलाई उनीहरू आफैंले नै नेताको मूल्यांकन गर्न सजिलो तुल्याएको छ। विज्ञान र प्रविधिको सामग्री पनि रोचक नै छ। नीति/संस्कृतिमा दिइएको लेख-प्रतिलेखले पनि पाठकलाई सही कुरा बुझ्न मद्दत गरेको छ।

**-शिवप्रसाद खनाल, नवलपुर, डेढ गाउँ-९, नवलपरासी**

## कर्णाली साँच्चै विशेष लेख

५२ औं अंकमा प्रकाशित आवरण कक्षा, नीति, संस्कृति, विश्व कम्युनिष्ट आन्दोलन र, अचेल जस्ता लेखहरू निकै मार्मिक छन्। अझ, विशेष लेख कर्णाली परियोजनाको वास्तविकता के हो ? भन्ने लेख त साँच्चिकै विशेष बन्न पुगेको छ।

**-दुर्गा राना मगर र साथीहरु पाण्डवखानी- २, रसुवा, बाग्लुङ्ग**

## कर्णाली, एमाले र कर्मकाण्ड

कर्णाली परियोजना त्यत्रो ठूलो अन्तरकथा र संभावनाले भरिएको रहेछ। यसबारे मूल्यांकनले प्रकाश पारेकोमा धन्यवाद। नेपाली समाजले यत्रो ठूलो महत्त्वको विषयमा पनि किन आजसम्म पर्याप्त चासो नदेखाएको होला ?

एमालेको बारेमा अनेक डंगुर विवादहरू बजारमा आइरहेछन्। ती कतिपय त व्यर्थका विवाद पनि छन्। एमालेका शुभेच्छुकहरूले ध्यान दिनुपर्ने सार कुरामा मूल्यांकनले ध्यानाकर्षण गरोस् भन्ने आशा लिएको छु।

कर्मकाण्डबारेको बहस सार्थक छ। यसमा अरू गम्भीर अध्ययन र छलफल भएमा धारणा प्रष्ट पार्न मद्दत नै पुग्नेछ।

**-गिरिजाकुमार श्रेष्ठ, ठमेल, काठमाडौं।**

## रोममा राजाको भाषण

अंक ५१ मा प्रकाशित भएको रोममा गएर नेपालका राजाले सम्बोधन गरेझैं नेपालमा विकासको कार्यक्रम सदा अगाडि बढाएको भए नेपालले पनि आफ्नो मुहारमा केही फरक ल्याउन मद्दत पुऱ्याउँथ्यो भन्ने दृढ आशययुक्त लेख अत्यन्तै रोचक र चाख लाग्दो महसुस भयो।

नीति-संस्कृतिअन्तर्गत कर्मकाण्डको बारेमा लेखिएको खगेन्द्र संग्रौलाको जीवनको आफ्नै भोगाइ र गराइको लेख अत्यन्तै मार्मिक लाग्यो। साथै त्यसमा दिन खोजिएको प्रगतिशील विचारलाई अध्ययन गर्दा कता-कता हाम्रो यो गाउँले समाजलाई पच्न त सक्छ भने जस्तो आभास हुन्छ। जगन्नाथ खतिवडाले पनि यसको समर्थनमा लेख लेख्नु भएकोमा पुनः अध्ययन गर्ने मौका पाइयो।

**-कुमार बुभुत्सु, ल.पु.जि. लामाटार-५, ढुङ्गिम, पिपलबोट**

## नेपालको प्रजातन्त्र

५१ औं अंकमा दिइएको आवरण कथामा श्याम श्रेष्ठको लेख 'कसरी सखाप पारिँदैछन् ४६ सालका उपलब्धिहरू ?' ले के स्पष्ट गरेको छ भने, नेपालमा पुनर्बहाली भएको प्रजातन्त्रको मूल्य र मान्यतालाई आजका राजनैतिक हस्ति भनाउँदा पार्टीले स्पष्ट बुझ्न र प्रयोग गर्न नसकेको पाइन्छन्। त्यसैगरी, 'कसरी अन्त गर्न सकिएला नेतृत्व शून्यताको यो स्थिति ?' लेख पनि त्यत्तिकै रोचक छ।

**-दानबहादुर जर्घा मगर लामीजाला- १, जोगबुडा, डडेलधुरा**

## शान्ता श्रेष्ठको अन्तरवार्ता

चीनको पन्ध्रौ महाधिवेशनको समाचार पढेपछि अलिकति नरमाइलो लाग्यो, विश्व कम्युनिष्ट आन्दोलन र चीनको भविष्य सम्झेर। धारावाहिक रूपमा आइरहेको लेवनानी कम्युनिष्टहरूको आन्दोलनको गाथा पढ्दा भने राहत मिल्यो। सुश्री शान्ता श्रेष्ठको अन्तर्वार्ता छापेर उहाँको राजनैतिक जीवन साथै हालको उहाँको अवस्थाबारे जानकारी दिएर प्रजातान्त्रिक योद्धाको ठूलो कदर गरे जस्तो लाग्यो। जलाधार विशेषज्ञ मधुकर उपाध्यको अनुसन्धानात्मक लेख पढ्दा त नेपालको कृषि क्षेत्र साथै अन्य विकासको लागि बढो राम्रो तरिका पो देखें।

**यज्ञेन्द्र उप्रेती, मेचीनगर नगरपालिका- ११, भान्छाखोला टोल, झापा।**

## राम्रो स्तर

मूल्यांकन सर्वपक्षीय सबल मासिक पत्रिका हो। अपवादको रूपमा थोरबहुत त्रुटी देखिए पनि अन्तर्क्रिया, विश्व कम्युनिष्ट आन्दोलन र आँखीझ्याल जस्ता स्तम्भले मूल्यांकनको स्तर अरू मासिक राजनीतिक पत्रिकाको स्तरभन्दा धेरै गुणा राम्रो पारेको छ।

**-उमेश पोखरेल र साथीहरु इनरुवा-९, सुनसरी**

## नेतृत्व शून्यता

पूर्णाङ्क ५१ को मूल्यांकन हेर्दा 'कसरी अन्त गर्न सकिएला नेतृत्व शून्यताको यो स्थिति ?' भन्ने लेख ज्यादै स्तरीय पाइयो। 'कसरी सखाप पारिँदैछन् छ्यालीस सालका उपलब्धिहरू ?' भन्ने लेख र गणेशमानको महानताबारेको लेख पनि मार्मिक छ। चीनले बाटो बिराउन थालेको कुरा पढ्दा दुःख लाग्यो।

**-तीर्थ बहादुर नाईका छिन्ताङ्ग- ८, पोखरे, धनकुटा**

## बाँसखर्क र लक्ष्मण दोङ्

गतांकमा बाँसखर्कबारे दिइएको सामग्रीमा लक्ष्मण दोङको प्रयत्न राम्रो हो तर उनी जनपक्षीय व्यक्ति चाहिं होइनन् भन्ने कुरा पनि पाठकहरूलाई जानकारी दिनु जरूरी छ। प्रधानपंच हुँदा उनले जालझेल गरी गरीबहरूको उठिबास गराएका केही घटनाहरू समेत ध्यानमा राखी उनीबारे धारणा बनाउनु जरूरी छ भन्ने कुरा यहाँ उल्लेख गर्न चाहन्छु। समग्रमा, उनको व्यक्तित्व प्रतिक्रियावादी भएकोले उनका एकाध राम्रा कामको निहुँमा उनले मूल्यांकन जस्तो जनपक्षीय पत्रिकामा स्थान पाउनु बिल्कुलै राम्रो कुरा हैन।

**-प्रमोद श्रेष्ठ, बनेपा, काभ्रे**

## एमाले, चीन र मधुकर उपाध्यायको प्रविधि

मूल्यांकनको पूर्णाङ्क ५१ हात पर्‍यो। अंक १ देखिको यात्रालाई हेर्दा समतामूलक समाजको निर्माणको लागि बैचारिक अभियानमा जुटेको यसको निरन्तर प्रतिबद्धताले मान्छे जन्मदै पूँजीवादी हुन्छ भन्ने तथाकथित भ्रमलाई तोड्दै आफ्नो यात्रा अघि बढाइरहेको छ। यस अंकको आवरण कथाले साँच्चै सबै सचेत नागरिकलाई झक्झकाएको हुनुपर्छ। ०४६ सालमा प्राप्त सीमित पूँजीवादी प्रजातन्त्र पनि बिस्तारै निरंकुशतातर्फ धकेलिँदै गएको टुलटुलु हेर्नु पर्दा कुन सचेत देशभक्त नागरिकको हृदयमा विद्रोहको ज्वाला नउठ्ला त ? यदि हालको प्रगतिशील शक्ति एमालेले अझै यस्तै क्रममा भयंकर भूलहरू गर्दै जाने हो भने भोलि उसको हालत पनि कांग्रेस जस्तै हुनेछ भन्नेमा कसैको दुईमत नहोला। मधुकर उपाध्यायको पोखरी प्रविध राम्रो लाग्यो।

**-सूर्यप्रकाश लामा भ.न.पा.- ११, भोजाड, चितवन**

## राम्रो हुने थियो

धार्मिक कर्मकाण्डहरूबारे कस्तो धारणा बनाउने भन्ने विषयमा नीति/संस्कृति स्तम्भअन्तर्गत लेखले अन्धविश्वासको कालो बादल हटाउने प्रयत्न गरिरहनेछ।

ले.क.पा.को रोचक एवं जानकारीमूलक कथा निरन्तर प्रकाशित होस्।

कर्णाली परियोजनाको वास्तविकता झल्काउने खोजपूर्ण सामग्री ज्ञानबर्धक छ। यस्तै अन्य परियोजनाहरूबारे यथार्थ जानकारी जनसमक्ष ल्याउने काम होस्।

**-आशकुमार राई, निशान राई, धर्मराज राई, अर्जुन राई, होम्ताङ्ग-१, भोजपुर, हाल-विराटनगर**

## बहराइनबाट

मूल्यांकन मासिकको अंक ५१ पनि संयोगवश बेलैमा पढ्ने अवसर पाएँ। यसमा हाम्रा दुईतिरका विशाल शक्तिशाली छिमेकी मुलुकहरू (भारत र चीन) को मुक्तिपछिको एक तुलना भनेर तथ्यांकको आधारमा दीपक वैद्यजीले प्रस्तुत गर्नु भएको डाटाले वैज्ञानिक समाजवादको नीति नियममा आधारित विकासक्रमलाई ढोंगी पूँजीवादी व्यवस्थाको नीतिले छेवै नभेट्ने रहेछ भन्ने कुरा प्रमाणित गरिदिएको छ।

**पूर्ण नाम्दुङ्ग (राई), धनकुटा आहाले, मानामा स्टेट, बहराइन**


श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेवको
५३ औं शुभजन्मोत्सवको
सुखद् उपलक्ष्यमा मौसूफको
सु-स्वास्थ्य तथा दीर्घायुको निम्ति
हार्दिक शुभकामना व्यक्त गर्दछौं !

नेपाल औद्योगिक विकास निगम
परिवार

# DUCKHAMS




अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल






**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

## आदरणीय निर्माणकर्ताहरु,
## के तपाईं असली टोरकारी (फलामे छड) को साटो नक्कली फलामे छड प्रयोग गर्न चाहनु हुन्छ ?



अवश्य पनि चाहनु हुन्न... !
कसैले पनि चाहँदैनन्...... !

तर अचेल बजारमा हिमाल टोरकारी जस्तै फलामे छडहरु विभिन्न नामले बिक्री वितरण भइराखेका छन् । सम्भ होस्, यी छडहरु झट्ट हेर्दा मात्र हिमाल टोरकारी जस्ता छन् तर प्राविधिक परीक्षण गर्दा गुणस्तरीय नभएको पाइएकोले उपभोक्ता वर्गमा आफ्नो निर्माण कार्यको लागि छडको खरीद गर्दा सावधान भई हाम्रा अधिकृत विक्रेताहरु कहाँबाट मात्र खरीद गर्न अनुरोध गर्दछौं ।

सधैं हिमाल टोरकारी प्रयोग गरौं र
अरुलाई पनि यही सल्लाह दिऔं ।

नेपालमा एक मात्र निर्माता
**हिमाल वायर्स लि.**

ज्योति भवन, कान्तिपथ, काठमाडौं, फोनः २२५४९०, २२६३२७

हिमाल टोरकारीः लगानीको अधिकतम प्रतिफल

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

# पारिजात

संकलित रचनाहरु: निर्माण प्रकाशन



| | |
|---|---|
| ग्रन्थ- १ | 'शिरीषको फूल' सहित चारवटा उपन्यासहरु |
| ग्रन्थ- २ | 'अन्तर्मुखी' सहित पाँच वटा उपन्यासहरु |
| ग्रन्थ- ३ | 'आदिम देश' सहित पाँचवटा कथा संग्रहहरु |
| ग्रन्थ- ४ | 'धूपी, सल्ला र लालीगुराँसको फेदमा' सहित तीनवटा आत्मसंस्मरण संग्रहहरु |
| ग्रन्थ- ५ | 'आकांक्षा' सहित तीनवटा कविता संग्रहहरु |
| ग्रन्थ- ६ | पारिजातका महत्वपूर्ण फुटकर लेख र अन्तर्वार्ताहरु |

हरेक ग्रन्थमा
पवन चामलिङ 'किरण' द्वारा लिखित भूमिकासहित

प्रकाशक
**निर्माण प्रकाशन**
नाम्ची, दक्षिण सिक्किम

विस्तृत जानकारीको लागि निर्माण प्रकाशन, सेल्स डिपो सिलगढीमा सम्पर्क राख्नुहोस्:-
फोन: ४३६५९४

## प्रसिद्ध लेखिका पारिजातका सम्पूर्ण कृतिहरू ६ खण्डमा प्रकाशित भए ।

*यी कृतिहरूका प्रमुख विक्रेताहरू*

**पारिजात स्मृति केन्द्र**
म्हेपी, काठमाडौं
फोन- ४१८७२२

**प्रगति पुस्तक भण्डार**
दमक, झापा
फोन: ०२३-८०३९१

## अन्य पसलहरु

**सुकुन्दा पुस्तक भवन**
भोटाहिटी, काठमाडौं
फोन: २२०३७९

**पैरवी प्रकाशन**
पुतलीसडक, काठमाडौं
फोन: २२७६४८

**सीता नोबेल न्यूज सेन्टर**
महेन्द्रचोक, लाहान
फोन: ०३३-६००२७

**न्यू कोशी पुस्तक भण्डार**
ट्राफिक चोक, विराटनगर
फोन: ०२१-२५८२६

## भारतमा पाइने स्थानहरु

**जनपक्ष प्रकाशन**
सुपर मार्केट, गान्तोक
सिक्किम, फोन- २३३२८

**साझा पुस्तक पसल**
मोटर स्ट्याण्ड, दार्जीलिङ

**रमेश बन्धु प्रकाशन**
सोनादा, दार्जीलिङ

**बसीर ब्रदर्स**
खरसाङ, दार्जीलिङ

**सरस्वती पुस्तक मन्दिर**
प्रधाननगर, सिलगढी
फोन- ५३२९३६

**यी बाहेक भारत तथा नेपालका सबै पुस्तक पसलहरुमा उपलब्ध छन् ।**